नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

# जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (मस्यौदा) मा राय सुझाव लिने सम्बन्धी

## सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२-१०-१८

नेपाल पेरिस सम्झौताको पक्ष राष्ट्र भएकोले सो सम्झौताको प्रावधानहरु बमोजिम तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) तर्जुमा गरी नेपाल सरकार (मन्त्री परिषद्) बाट वि.सं. २०८२ साल बैशाख ३१ गते स्वीकृत भएको तेस्रो एनडिसीलाई नेपाल सरकारले मिति २०८२ साल जेष्ठ ५ गते जलवायु परिवर्तन सम्बन्धी महासन्धिको सचिवालयमा पेश गरेको थियो ।

सन् २०२६ देखि २०३५ सम्मको लागि तयार गरिएको तेस्रो एनडिसीमा उल्लेख भएका परिमाणात्मक र गुणात्मक लक्ष्यहरुलाई आधारमानी बहुसरोकारवालाहरुको सक्रिय सहभागितामा तेस्रो एनडिसी कार्यान्वयन योजनाको मस्यौदा सबै प्रदेशहरुसँग वृहत छलफल पश्चात  तयार भएको छ । उक्त मस्यौदा सबै सर्वसाधारणको जानकारी एवं पृष्ठपोषणको लागि यस मन्त्रालयको वेबसाइट https://mofe.gov.np मा समेत उपलब्ध छ।

उपरोक्त मस्यौदा उपर आफ्नो अमूल्य सुझाव मिति २०८२ साल फागुन १० गतेभित्र यस मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा वा इमेल (ndc03ip@gmail.com) मार्फत उपलब्ध गराउन सम्बद्ध सबै सरोकारवालामा अनुरोध छ।

# जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (मस्यौदा)

[Third Nationally Determined Contribution (NDC 3) Implementation Plan]

(आर्थिक वर्ष २०८१/८२ देखि २०९१/९२)

DRAFT

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

माघ २०८२

**प्रकाशक**
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
जलवायु परिवर्तन महाशाखा
सिंहदरवार, काठमाण्डौं
नेपाल

नेपाल सरकारबाट स्वीकृत मितिः
................................

**सर्वाधिकारः** नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, २०८२
यो कार्यान्वयन योजनाको सम्पूर्ण अधिकार वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन व्यवस्थापन महाशाखामा सुरक्षित छ ।यो प्रतिवेदन तयारकर्ताको नाम उल्लेख भएको अवस्थामा वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको लिखित स्वीकृति विना नै शैक्षिक तथा आर्थिक लाभ नहुने उद्देश्यका लागि यस दस्तावेजमा उल्लिखित सामग्रीलाई पुनः उत्पादन गरी वितरण गर्न सकिने छ। आर्थिक लाभ हुने गरी यो प्रतिवेदनको कुनै आंशिक वा पूर्ण भाग पुनः उत्पादन गर्न सख्त मनाहि छ।

**उद्दरणः** ववाम, २०८२. *जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनः राष्ट्रिय कार्यान्वयन योजना* (२०८१/८२-२०९१/९२)।वन तथा वातावरण मन्त्रालय, काठमाण्डौं, नेपाल।

# विषय-सूची


**सन्देश**

**मन्तव्य**

**छोटकरी शब्दावली** ii

**कार्यकारी सारांश** iv

**१. परिचय** १

१.१ भूमिका १

१.२ कार्यान्वयन योजनाको दायरा ३

१.३ कार्यान्वयन योजना तर्जुमा प्रक्रिया ४

१.४ एनडिसी कार्यान्वयन गर्दा ध्यान दिइने पक्षहरु ८

१.४.१ सह-लाभ ८

१.४.२ न्यायिक सङ्क्रमण तथा मानव अधिकार ८

१.४.३ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीता ९

१.४.४ सुशासन ९

**२. कार्यान्वयन योजना** ११

२.१ उत्सर्जन न्यूनीकरणका लक्ष्यहरु ११

२.२ नीति तथा उपायसम्बन्धी लक्ष्यहरु १३

२.३ अनुकूलन प्राथमिकतासम्बन्धी लक्ष्यहरु १६

२.४ अन्तर-विषयगत लक्ष्यहरु १९

**३. कार्यान्वयन व्यवस्था** २०९

३.१ सुशासनको ढाँचा २०९

३.१.१ सरकारको भूमिका २११

३.१.२ समन्वय संयन्त्र २१३

३.१.३ संस्था तथा व्यक्तिको सहभागिता २१५

३.१.४ निजी क्षेत्र २१६

३.२ क्षमता विकास तथा अभिवृद्धि २१७

३.३ जलवायु वित्त २१८

३.४ अनुगमन तथा मूल्याङ्कन २२४

३.५ ज्ञानको उत्पादन २२४


DRAFT

३.६ मापन, प्रतिवेदन तथा प्रमाणीकरणका लागि संस्थागत प्रबन्ध २२५
३.७ कार्यान्वयन गर्दा आउनसक्ने जोखिम तथा न्यूनीकरणका उपायहरु २२६

**चित्रहरू**

१ तेस्रो राष्ट्रिय निर्धारित योगदानको कार्यान्वयन योजना तर्जुमा प्रक्रिया ५
३.१ समन्वयको लागि संस्थागत संरचना २१०
३.२ जलवायु परिवर्तन सम्बन्धमा सरोकारवालाहरुको प्रतिनिधित्व रहेको समन्वय संरचना २११
३.३ राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनका लागि मापन, प्रतिवेदन र प्रमाणीकरणको संस्थागत प्रबन्ध २२७
३.४ नेपालको लागि राष्ट्रिय मापन, प्रतिवेदन र प्रमाणीकरणको खाका २२८

**तालिकाहरू**

१.१ काठमाण्डौमा सम्पन्न कार्यशाला तथा परामर्श कार्यक्रमहरु ६
१.२ एनडिसी कार्यान्वयन योजना तर्जुमा गर्दा प्रदेशमा सम्पन्न परामर्श कार्यक्रमहरु ७
२.१ हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका लागि कार्यान्वयन योजना २१
२.२ हरितगृहग्याँसको उत्सर्जन न्यूनीकरणका लागि अप्नाइएका नीति तथा उपायहरूको कार्यान्वयन योजना ५६
२.३ अनुकूलनसम्बन्धी प्राथमिकताहरूको लागि कार्यान्वयन योजना १३४
२.४ हानी तथा नोक्सानीसम्बन्धी क्रियाकलापहरुको कार्यान्वयन योजना १८२
२.५ लैङ्गिक समानता, अपाङ्गता एवम् सामाजिक समावेशीतासम्बन्धी नीति तथा उपायहरुको कार्यान्वयन योजना १८९
२.६ न्यायिक सङ्क्रमणसम्बन्धी लक्ष्य क्रियाकलापहरूको कार्यान्वयन योजना २०६
३.१ तेस्रो एनडिसी कार्यान्वयन योजनाको लागि विषयगत अनुमानित लागत २१८
३.२ हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणको परिमाणात्मक लक्ष्यहरूको लागि अनुमानित लागत २१९
३.३ कार्यान्वयनमा आइपर्ने प्रमुख जोखिम र न्यूनीकरणका उपायहरु २१९

..........

DRAFT

# छोटकरी शब्दावली

| प्रयोग भएको नेपाली शब्द | अंग्रेजी शब्द |
|---|---|
| अस्वीकार्य (फोहोरबाट उत्पादित) | Refused |
| आरक्षित | Reserve |
| इपान | Independent Power Producers' Assocation, Nepal |
| उठान | Off-take |
| एनडिसी | Nationally Determined Contributions |
| कटानी | Harvesting |
| कार्बन भण्डार | Carbon sink |
| गहन | Intensive |
| गतिशीलता | Mobility |
| ग्लफ | GLOF (Glaciers Lake Outburst Floods) |
| चक्रिय अर्थतन्त्र | Circular economy |
| चेतावनी | Warning |
| छापो | Mulching |
| तलछट | Sediment |
| दक्षता | Performance (work)/Efficiency (energy) |
| दिग्दर्शन | Manual |
| दूर सम्बेदन | Remote Sensing |
| नर्मस् | Norms |
| निर्देशिका | Guidelines/Directives |
| पदचिन्ह | Footprint |
| पदार्थ | Matter |
| परिणाम | Outcome |
| परीक्षण | Testing (water analysis)/Examine/Auditing |
| पानीको मूल | Spring |
| पुनः प्रयोग | Downcycling |
| पुनः प्राप्ति | Recovery |
| प्रकोप | Hazard |
| फिकल स्लज | Faecal sludge |
| फोहोरबाट चल्ने इन्धन | Refuse Driven Fuel (RDF) |

DRAFT

| | |
|---|---|
| बगैंचा | Orchard |
| भण्डार | Repository (data) |
| भट्टा | Kiln |
| भट्टी | Furnace |
| भित्री भाग | Enteric (methane) |
| मानक | Standard |
| मानकीकृत | Standardised |
| मानक सञ्चालन अभ्यास | Standard Operating Practices (SOP) |
| मिथेन सङ्कलन | Methane capture |
| योजना | Scheme/planning |
| रसायन | Chemical |
| लेखाङ्कन | Accounting |
| वर्णशङ्कर | Hybrid |
| वास (खानेपानी, सरसफाइ तथा स्वच्छता) | Water, Sanitation and Hygiene |
| वास्तविक समय | Real-time |
| विभेदक | Differential |
| विना अक्सिजन | Anaerobic |
| विस्तार | Scaled-up |
| सङ्कटासन्न | Vulnerability |
| सिर्जनात्मक प्रयोग | Upcycling |
| सुरूङ्ग | Tunnel |
| सूचकाङ्क | Index |
| सुरक्षा | Safety |
| संकुचित | Compressed |
| संहिता | Code |
| स्थानीयकृत | Downscaling |
| स्वीकृति | Endorse/approve |
| स्थीर | Fixed |

DRAFT

# कार्यकारी सारांश

जलवायु परिवर्तनबाट उत्पन्न समस्याहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले वि.सं. २०४९ सालमा तयार भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि अन्तर्गत वि.सं. २०५४ र वि.सं. २०७२ सालमा क्रमशः क्योटो अभिसन्धि र पेरिस सम्झौता ग्रहण गरिएको थियो। नेपाल सन्धि ऐन (२०४७) को प्रावधान बमोजिम नेपाल ती महासन्धि, अभिसन्धि तथा सम्झौताको पक्ष राष्ट्र भएको छ।

पेरिस सम्झौताले अन्य कुराको अतिरिक्त विश्वको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्ने र २ डिग्री सेल्सियसभन्दा कम राख्ने लक्ष्य राखेको छ। पेरिस सम्झौताको धारा ४.२ र ४.११ लगायत अन्य सान्दर्भिक प्रावधानहरू तथा पक्ष राष्ट्रहरूको सम्मेलनका निर्णयहरू बमोजिम सबै पक्ष राष्ट्रहरुले ५, ५ वर्षमा राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions, NDCs) नामक दस्तावेज तयार गरी महासन्धिको सचिवालयमा पेश गर्नु पर्छ। यो सम्झौताको पक्ष राष्ट्रको हैसियतमा नेपालले वि.सं. २०७२, २०७७ र २०८२ मा क्रमशः पहिलो, दोस्रो र तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनिडसी) प्रतिवेदनहरु महासन्धिको सचिवालयमा पेश गरेको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट वि.सं. २०८२ साल बैशाख ३१ गते तेस्रो एनडिसी स्वीकृत भएको छ । नेपाल सरकारद्वारा वि.सं. २०८२ साल जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा आयोजित सगरमाथा संवादको अवसरमा, जेठ २ गते तत्कालिन सम्माननीय प्रधानमन्त्रीज्यूबाट औपचारिक रूपमा लोकार्पण भएको उक्त तेस्रो प्रतिवेदन नेपाल सरकारले मिति २०८२ साल जेठ ५ गते महासन्धिको सचिवालयमा पेश गरेको छ।

यस तेस्रो एनडिसीमा हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलनसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न विषयगत क्षेत्र तथा उप-क्षेत्रहरूमा परिमाणात्मक तथा नीतिगत लक्ष्यहरू समावेश गरिएका छन्। यी लक्ष्यहरू हासिल गर्न निर्धारण गरिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

यो कार्यान्वयन योजना तर्जुमा गर्दा तेस्रो एनडिसीका लक्ष्यहरू प्राप्त गर्न वस्तुपरक, व्यावहारिक र सजिलै कार्यान्वयन गर्न सकिने, हरितगृह ग्याँसको उत्सर्जन घटाउने, न्यून कार्बन उत्सर्जनले सामाजिक-आर्थिक विकासमा सकारात्मक प्रभाव पार्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्या तथा जोखिममा रहेका जनताको संवेदनशीलता घटाउने र अनुकूलन तथा उत्थानशील क्षमता बढाउने खालका क्रियाकलापहरूको छनौट गरिएको छ। यो योजना तर्जुमा गर्दा सबैलाई समेट्ने सिद्धान्तलाई आत्मसात गरिएको छ। यस्को कार्यान्वयन गर्न तिनै तहका सरकार, निजी क्षेत्र, विकासका साझेदार, प्राज्ञिक एवम् अनुसन्धान लगायत गैरसरकारी संस्थाहरुको भूमिका महत्वपूर्ण हुने भएकोले यो योजना तर्जुमादेखि सबै सरोकारवालाहरूको स्वामित्व सुनिश्चित हुने गरी सहभागितात्मक प्रक्रिया अवलम्बन गरिएको छ। तीन तहका सरकारबीचको समन्वय, सहकार्य तथा समावेशीता सुनिश्चित गर्ने, सेवा प्रदायक संस्थाले आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने, सहकार्य गर्ने एवम् प्रशिक्षण दिने संस्थाहरूले कार्यान्वयनकर्ता एवम् लाभग्राहीको सिप विकासमा सहयोग तथा सहजीकरण गर्ने पक्षहरूलाई ध्यान दिइएको छ।

यी क्रियाकलापहरूको कार्यान्वयन गर्दा आवश्यक उप-क्रियाकलापहरूको चयन तथा कार्यान्वयन जिम्मेवारीको नेतृत्व, समन्वय, सहकार्य वा सहजीकरण तत् तत् विषयगत मन्त्रालय, प्रदेशका सम्बन्धित मन्त्रालय तथा निकायहरु र स्थानीय तहको हुनेछ। यी क्रियाकलापहरू सम्बन्धित निकायहरूले आ-आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नेछन् । यसैगरी वित्तीय स्रोत जुटाउन पर्ने क्रियाकलापहरूको लागि प्रस्ताव तर्जुमा गरी आर्थिक स्रोत जुटाउने प्रयास हुनेछ। स्थलगत क्रियाकलापहरू स्थानीय तहको नेतृत्वमा कार्यान्वयन हुनेछ।

तेस्रो एनडिसीको लक्ष्यहरु अनुरुप क्रियाकलापहरु यकिन गरी तिनको कार्यान्वयन, प्रगति अनुगमन, शासकीय संयन्त्रको परिचालन, जिम्मेवारी तथा उत्तरदायित्वको किटान तथा सहयोगी निकायहरुको पहिचान, वित्त व्यवस्थापन आदि यो कार्यान्वयन योजनाको दायराभित्र राखिएको छ। तेस्रो एनडिसीमा उल्लेख भएका निर्धारित लक्ष्य, क्रियाकलापहरु, मापन, प्रतिवेदन, प्रमाणीकरणका सूचक, कार्यान्वयनका लागि जिम्मेवार वा उत्तरदायी सरकारी निकाय एवम् अन्य प्रत्यक्षरुपमा सम्बन्धित संस्थाहरु, समयरेखा (२०२६-२०३०, र २०३१-२०३५) तथा अनुमानित लागत (बजेट) यो योजनामा समावेश गरिएको छ। यो योजना कार्यान्वयन गर्दा नेपाल सरकारको आन्तरिक स्रोत, विकास साझेदारबाट प्राप्त हुने प्राविधिक र आर्थिक सहयोग, गैर सरकारी संघ-संस्था र निजी क्षेत्रको सहकार्य तथा समन्वयमा हुने लगानी, तथा अन्तर्राष्ट्रिय जलवायु वित्तको परिचालनलाई ध्यान दिइएको छ। तेस्रो एनडिसीको सफल कार्यान्वयनबाट अर्थपूर्ण लाभ लिनका लागि सार्वजनिक तथा निजी क्षेत्र लगायत गैर सरकारी संघ-संस्था र विकासका साझेदारहरुको निरन्तर सहयोग आवश्यक हुन्छ। साझा जिम्मेवारीको बोध गरी साझा प्रयासबाट यो योजनाको सफल कार्यान्वयनबाट विशेषगरी जलवायु सङ्कटासन्न जनतालाई लाभ प्राप्त हुने अपेक्षा गरिएको छ।

वि.सं. २०८२ साल श्रावण १२ गते बहुसरोकारवालाहरुको सहभागितामा आयोजित कार्यशालामार्फत औपचारिक रुपमा यो कार्यान्वयन योजना तर्जुमा प्रक्रिया सुरु भएको थियो। तत्पश्चात् तेस्रो एनडिसीमा उल्लेख भएका विषयगत क्षेत्र र उप-क्षेत्रहरुमा विषयगत मन्त्रालयहरुको संयोजकत्व र सहजीकरणमा ११ वटा विषयगत परामर्श कार्यक्रम तथा कार्यशालाहरू सम्पन्न गरी कार्यान्वयन योजनाको मस्यौदा तयार भएको थियो। सो मस्यौदालाई ७ वटै प्रदेशमा कार्यशालाको आयोजना गरी राय सुझाव सङ्कलन गरिएको थियो। प्राप्त राय सुझावहरुको आधारमा कार्यान्वयन योजना परिमार्जन गरिएको छ।

सहभागितात्मक प्रक्रियामार्फत यो कार्यान्वयन योजना तर्जुमा गर्दा काठमाण्डौ र प्रदेशहरू गरी कूल ११४१ जनाको प्रत्यक्ष सहभागिता रहेको थियो। यसमा करिव २४ प्रतिशत महिलाको सहभागिता रहेको देखिन्छ । यसलाई कार्यान्वयन गर्दा सकेसम्म सह-लाभ प्राप्त हुने तथा प्रतिकूल प्रभावको जोखिमलाई न्यून गर्ने प्रयास हुनेछ।यसैगरी सङ्क्रमणकालमा जनसमुदाय, कामदार, कार्यस्थल, तथा विभिन्न क्षेत्रमा सञ्चालन भएका र हुने विकासका क्रियाकलापहरुलाई प्रतिकूल प्रभाव नपर्ने सुनिश्चित गर्दै न्यायिक सङ्क्रमणका सिद्धान्त, प्रक्रिया तथा अभ्यासहरुलाई ध्यान दिनुको साथै हरित रोजगारी तथा हरित सीपको विकासका लागि जोखिममा रहेका तथा जोखिममा पर्न सक्ने समुदाय तथा कामदारलाई प्राथमिकता दिइने छ।

तेस्रो एनडिसीले हरितगृह ग्यााँसको उत्सर्जन न्यूनीकरणका लागि (क) ऊर्जा, (ख) कृषि, वन तथा अन्य भू-उपयोग, (ग) फोहोरमैला, तथा (घ) औद्योगिक प्रक्रिया एवम् उत्पादनको प्रयोग गरी मूख्यतया ४ वटा क्षेत्रमा लक्ष्यहरु निर्धारण गरेको छ। यसमा ऊर्जा अन्तर्गत ऊर्जा उत्पादन र वितरण, खाना पकाउने र तताउने,

यातायात, उद्योग, तथा भवनमा प्रयोग हुने ऊर्जालाई समेटिएको छ। यसैगरी वन तथा भू-उपयोग अन्तर्गत (क) कृषि, तथा (ख) भू-उपयोग, भू-उपयोग परिवर्तन र वन गरी २ उपक्षेत्रमा वर्गीकरण गरी लक्ष्यहरु निर्धारण गरिएको छ। यी सबै विषयगत क्षेत्रका लागि विभिन्न गुणात्मक र परिमाणात्मक लक्ष्यहरु रहेका छन्। यसैगरी अन्य क्षेत्रगत लक्ष्य अन्तर्गत खानेपानी, सरसफाई तथा स्वच्छता (वास); शिक्षा; जलस्रोत; स्वास्थ्य; शहर तथा ग्रामिण वस्ती; एवम् पर्यटन क्षेत्रमा लक्ष्यहरु तोकिएका छन् ।

तेस्रो एनडिसीमा हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका लागि निर्धारित २२ वटा लक्ष्यहरू अन्तर्गत १२३ वटा क्रियाकलापहरू र १४१ वटा मापन, रिपोर्टिङ्ग र प्रमाणीकरणका सूचकहरू छनौट गरिएका छन्। यी क्रियाकलापहरू कार्यान्वयन गर्न अमेरिकी डलर ७३.७४ विलियन लाग्ने प्रक्षेपण गरिएको छ। कूल अनुमानित लागतको ८५ प्रतिशतभन्दा बढीका क्रियाकलापहरू बैदेशिक वित्तीय सहयोग प्राप्त भएमा मात्रै कार्यान्वयन हुनेछन्।

हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका लागि तेस्रो एनडिसीमा ६२ वटा नीति तथा उपायहरूसम्बन्धी लक्ष्यहरू रहेका छन्। यी लक्ष्यहरू अनुरूप नतिजा प्राप्त गर्नका लागि २४७ वटा क्रियाकलापहरू र २७१ वटा मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू पहिचान गरिएको छ। यी क्रियाकलापहरू कार्यान्वयन गर्नका लागि अमेरिकी डलर ४.३ विलियन आवश्यक पर्ने प्रक्षेपण गरिएको छ।

तेस्रो एनडिसीले जलवायु अनुकूलनका लागि राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) ले निर्धारण गरेका विषयगत क्षेत्रहरूमा अनुकूलन प्राथमिकताहरू किटान गरेको छ। यो योजनामा (क) कृषि तथा खाद्य सुरक्षा; (ख) वन, जैविक विविधता तथा जलाधार संरक्षण; (ग) जलस्रोत तथा ऊर्जा; (घ) ग्रामीण तथा शहरी वस्ती; (ङ) उद्योग, यातायात तथा भौतिक पूर्वाधार; (च) पर्यटन, प्राकृतिक र सांस्कृतिक सम्पदा; (छ) स्वास्थ्य, खानेपानी तथा सरसफाइ; तथा (ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरी ८ वटा विषयगत क्षेत्र लगायत चेतना वृद्धि तथा क्षमता विकासका लागि परिमाणात्मक र गुणात्मक लक्ष्यहरु निर्धारण भएको छ। यी ८ वटा विषयगत र एक अन्तर-विषयगत क्षेत्रमा अनुकूलनका प्राथमिकतासम्बन्धी ४८ वटा लक्ष्यहरू रहेका छन् र ति लक्ष्यहरू अन्तर्गत १४१ वटा क्रियाकलापहरू र १५० वटा मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू समावेश गरिएका छन्। यी क्रियाकलापहरू कार्यान्वयन गर्नका लागि अमेरिकी डलर ३.१ विलियन आवश्यक पर्ने अनुमान गरिएको छ।

अन्तर-विषयगत क्षेत्र अन्तर्गत (क) हानी तथा नोक्सानी, (ख) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समाबेशीता, र (ग) न्यायिक सङ्क्रमण तथा मानव अधिकारलाई राखिएको छ। नौ वटा लक्ष्यहरु भएको हानी तथा नोक्सानीसम्बन्धी कार्यहरू कार्यान्वयनका लागि २० वटा क्रियाकलापहरू र २० वटै मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू छनौट भएका छन् भने लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समाबेशीतासम्बन्धी ९ वटा लक्ष्यहरु अन्तर्गत ५८ वटा क्रियाकलापहरू र ५८ वटै मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू रहेका छन्। यसैगरी न्यायिक सङ्क्रमणसम्बन्धी ३ वटा लक्ष्यको लागि ६, ६ वटा क्रियाकलापहरू र प्रमाणीकरणका सूचकहरू राखिएका छन्। हानी तथा नोक्सानी, लैङ्गिक समानता, अपाङ्गता

DRAFT

तथा सामाजिक समाबेशीता, न्यायिक सङ्क्रमण तथा मानव अधिकारसम्बन्धी क्रियाकलापहरूको लागि अमेरिकी डलर क्रमशः २४.५८ मिलियन, १३५.४४ मिलियन, र २.२० मिलियन लाग्ने अनुमान गरिएको छ । नेपाल सरकारबाट स्वीकृत १५३ वटा लक्ष्य रहेको तेस्रो एनडिसीको कार्यान्वयनको क्रममा सन् २०३५ सम्म ५९५ वटा क्रियाकलापहरु कार्यान्वयन हुनेछन्। तिनको लागी ६४६ मापन, रिपोर्टिङ्ग र प्रमाणीकरणको सूचकहरू किटान गरिएको छ। यी क्रियाकलापहरू कार्यान्वयनको लागि कूल अमेरिकी डलर ४१.०१ विलियन लाग्ने अनुमान गरिएको छ । यसरी, हरितगृह ग्याँसको परिमाणात्मक उत्सर्जन न्यूनीकरणका लागि अमेरिकी डलर ७४ विलियन र नीति तथा उपायहरू, अनुकूलनका प्राथमिकताहरू, हानी तथा नोक्सानी, जेड्सी, र न्यायिक संक्रमण तथा मानव अधिकारके लागि अमेरिकी डलर ४१ विलियन गरी कूल अमेरिकी डलर ११५ विलियन आवश्यक पर्ने अनुमान गरिएको छ ।

यो योजनाको कार्यान्वयन ब्यवस्था अन्तर्गत सुशासन प्रक्रियालाई सुदृढ बनाउँदै लग्न समेत सरोकारवालाहरुको प्रतिनिधित्व रहेको विद्यमान संस्थागत समन्वयको व्यवस्थाबाटै कार्य सम्पादन गर्न सकिन्छ। यो योजनाको कार्यान्वयनमा तिनै तहका सरकारको पहिलो जिम्मेवारी हुने भएकोले सङ्घीय सरकारले नीतिगत एवम् कानूनी संयन्त्रको व्यवस्था लगायत आवश्यक स्रोत (बजेट, जनशक्ति एवम् प्रविधि) को व्यवस्था गरी योजना कार्यान्वयनका लागि समन्वय, सहजीकरण तथा सहकार्यमा ध्यान केन्द्रित गर्नेछ भने प्रादेशिक सरकारले जलवायु कार्यक्रमहरुको कार्यान्वयन गर्दा समन्वय तथा सहजीकरणमा जोड दिनेछ। विभिन्न क्रियाकलापहरुको स्थलगत कार्यान्वयनका लागि प्रमूख जिम्मेवारी स्थानीय तहको हुनेछ।

जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि समन्वयात्मक व्यवस्थाको लागि राजनैतिक र प्रशासकीय नेतृत्वमा विभिन्न तहमा गठन भएका परिषद् तथा समितिहरुले आवश्यक सहजीकरण, समन्वय, निर्देशन तथा मार्ग-दर्शन गर्नेछन्। विद्यमान समन्वय संयन्त्रमा संसदीय समितिहरूमध्ये कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको कार्यक्षेत्र, सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठन भएको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्, माननीय वन तथा वातावरण मन्त्री अध्यक्ष रहने व्यवस्था रहेको उच्चस्तरीय जलवायु परिवर्तन निर्देशक समिति, वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा गठित अन्तर-मन्त्रालय जलवायु परिवर्तन समन्वय समिति, मूख्यमन्त्रीको अध्यक्षतामा गठन हुन सक्ने वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी प्रदेश परिषद् लगायत प्रादेशिक जलवायु परिवर्तन समन्वय समितिले समन्वय तथा सहजीकरणको भूमिका निर्वाह गर्नका लागि जोड दिइएको छ। यसैगरी यो योजना कार्यान्वयनको क्रममा नागरिक समाज, गैर सरकारी संघ, संस्था तथा समुदायमा आधारित संस्थाहरुको सहयोग र सहभागितालाई सुनिश्चित गरिने छ। यो योजनाको कार्यान्वयन गर्दा सामजिक तथा आर्थिक दृष्टिले सीमान्तकृत र पिछडिएका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, किसान, श्रमिक, युवा, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि व्यक्ति र समुदायको प्रत्यक्ष र क्रियाशिल सहभागिता हुनेछ। यसैगरी निजी क्षेत्रको भूमिका उल्लेखनीय हुनेछ।

यो योजना कार्यान्वयनका लागि क्षमता बढाउनु पर्ने नयाँ प्रकृतिका यथेष्ठ क्रियाकलापहरु रहेकाले प्रणालीगत, संस्थागत र व्यक्तिगतस्तरमा नेपाल सरकार अन्तर्गतकै प्रशिक्षण केन्द्रहरूमार्फत राष्ट्रिय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयका सम्बन्धित कर्मचारीहरुको क्षमता विकास र अभिवृद्धि गर्नु बढी आवश्यक छ। यसैगरी

जलवायु वित्तमा पहूँच तथा प्राप्त वित्तीय सहायताको परिचालनमा पनि नेपालले क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। एनडिसीको कार्यान्वयन ट्र्याकिङ, बजेटिङ्ग, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा भण्डारण तथा प्रसार गर्न क्षमता अभिवृद्धि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ। समष्टिमा, यो कार्यान्वयन योजनाको कार्यान्वयन गर्दा तिनै तहका सरकारमा ज्ञान र सीप अभिवृद्धि गर्नु पर्नेछ।

यो योजनाको कार्यान्वयनको लागि आन्तरिक स्रोत, बैदेशिक लगानी तथा द्विपक्षीय र बहुपक्षीय वित्त लगायत महासन्धि अन्तर्गतका एल.डी.सी. कोष, विशेष जलवायु परिवर्तन कोष, अनुकूलन कोष, हरित जलवायु कोष, र हानी तथा नोक्सानी कोषबाट वित्तिय स्रोत जुटाउन सकिने देखिन्छ।

यो योजनामा समावेश भएका क्रियाकलापहरु कार्यान्वयन तथा नियमित अनुगमनका लागि तीनै तहका सरकारको महत्वपूर्ण जिम्मेवारी हुनेछ। क्रियाकलापहरू कार्यान्वयन गर्दा आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषणका विधि किटान गरी आधारभूत सूचकहरुको विकास गरिनेछ। सबै प्रकारका क्रियाकलापहरुको लागि साधारण अनुगमन ढाँचाको प्रयोग गरिने छ। यो ढाँचामा मूलतः लक्ष्य, सूचक, प्रमाणित गर्ने उपाय, आवृत्ति (फ्रिक्वेन्सी) तथा अनुमानहरू रहनेछन्। विषयगत मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित लक्ष्य प्राप्तिको वारेमा कार्यान्वयन भएका क्रियाकलापहरुको प्रभावकारिताको बुझाईको लागि ३, ३ वर्षमा मूल्याङ्कन गर्नेछन्।

यो योजनामा समाबेश भएका विभिन्न क्रियाकलापहरुको कार्यान्वयनबाट प्राप्त हुने तथ्याङ्क, सूचना, अनुभव, ज्ञान, सीप, सिकाई तथा पाठलाई एकत्रीत एवम् विश्लेषण गरी विशेषगरेर हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्न, जलवायु सङ्कटासन्न जनसमुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्न, जलवायु उत्थानशील जल तथा अन्य पूर्वाधारलाई जलवायुमैत्री बनाउन तथा समष्टिमा असल अभ्यासलाई आदान-प्रदान गर्नका लागि दस्तावेजहरु तयार तथा प्रकाशन गरिनेछन्। यी ज्ञानको तथ्याङ्क भण्डारण, व्यवस्थापन, र उत्पादनमा वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले संयोजनको भूमिका निर्वाह गर्नेछ।

पेरिस सम्झौताको पक्ष राष्ट्रको हैसियतमा वि.सं. २०८२ सालको असोज महिना (सेप्टेम्बर २०२५) मा एमआरभीको संस्थागत संरचनासहित नेपालले राष्ट्रिय मापन, रिपोर्टिङ तथा प्रमाणीकरण (एमआरभी) ढाँचाः जलवायु कार्यको पारदर्शी ट्र्याकिङ्ग र सञ्चार (National MRV Framework for Nepal: Tracking and Communicating Climate Action Transparently) नामक राष्ट्रिय ढाँचा तयार गरेको छ। यसमा राष्ट्रिय संस्थाको रुपमा कार्य गर्न तोकिएको वन तथा वातावरण मन्त्रालयले एनडिसीको रिपोर्टिङ्ग समेत रहेको छ। यो योजनाको कार्यान्वयन सम्बन्धमा मन्त्रालयले वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

वास्तविक धरातलमा रही तेस्रो एनडिसी कार्यान्वयन योजनाको तर्जुमा भएको भएता पनि राष्ट्रिय प्राथमिकता र पूँजी, विकासका साझेदारहरुको रणनीतिक प्राथमिकता तथा आर्थिक स्रोतको प्रवाह, विकसित राष्ट्रहरुबाट प्राप्त हुन सक्ने प्राविधिक र आर्थिक स्रोतलाई ध्यान दिंदा यो योजना कार्यान्वयनमा बाधा-अड्चन आउन सक्ने देखिन्छ। यसैगरी वित्तीय सहयोग प्राप्त गर्ने रणनीति, मापनको विद्यमान चुनौतीहरु, प्रमाणीकरणका मापदण्डहरु, चेतना एवम् क्षमताको अवस्था, तथा राजनैतिक तह र कर्मचारी वर्गको प्रतिवद्धताका कारण पनि योजना कार्यान्वयनमा अवरोध आउन सक्नेछ। यी बाधा-अड्चनलाई न्यून गर्न द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय

जलवायु वित्तमा पहूँच बढाउने, सङ्घ, प्रदेश र स्थानीय तहका समन्वय गर्ने परिषद् र समिति जस्ता संयन्त्रहरुलाई प्रभावकारी बनाइने, क्षमता अभिवृद्धि तथा प्रविधि विकासमा जोड दिने, मापन, प्रतिवेदन र प्रमाणीकरणको लागि तोकिएको राष्ट्रिय संस्थाले यथासक्य चाडो सरल विधि, प्रक्रिया तथा मार्गदर्शन तयार गर्ने, तथा जलवायु परिवर्तन प्रतिको राज्य प्रमुख र सरकार प्रमुख लगायत संसद तथा राजनैतिक दलहरुको विद्यमान प्रतिबद्धता निरन्तरता रहने अपेक्षा गरिएको छ।

........

DRAFT

# परिचय

## १.१ भूमिका

उच्च हिमालदेखि समथर भू-भागबीच रहेको नेपालको भौगोलिक वस्तुस्थिति, भौगर्भिक कमलोपना, यहाँका जनता र वन, जल तथा भूमिजस्ता प्राकृतिक स्रोतको अवस्था भिन्न प्रकृतिको छ। विश्वभर चिन्ताको रुपमा देखिएको, मानिस र तिनको जीविकोपार्जन लगायत प्राकृतिक स्रोतमा प्रामाणिक आधारमा समेत बढ्दै गएको जलवायु परिवर्तनको प्रतिकूल असरले नेपाल पनि आक्रान्त भएको छ। जलवायु परिवर्तनबाट उत्पन्न समस्याहरूलाई न्यूनीकरण गर्ने उद्देश्यले विश्व समुदायको सक्रिय सहभागितामा वि.सं. २०४९ सालमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (UN Framework Convention on Climate Change, UNFCCC) ग्रहण भएको थियो। यस महासन्धिमा पक्ष हुन विभिन्न देशहरूले अनुमोदन तथा स्वीकृति प्रदान गरेपछि, महासन्धि ग्रहण भएको करिब दुई वर्षपछि लागू भयो। त्यसैगरी, हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्यले महासन्धि ग्रहण भएको पाँच वर्षपछि वि.सं. २०५४ सालमा क्योटो अभिसन्धि ग्रहण गरिएको थियो। क्योटो अभिसन्धिमा उल्लिखित प्रावधानहरू अनुरूप महासन्धिका पक्ष राष्ट्रहरूले यसको अनुमोदन गर्न समय लागेकाले यस अभिसन्धि पूर्ण रूपमा कार्यान्वयनमा आउन करिब आठ वर्ष लाग्यो। महासन्धि ग्रहण भएको करिब २३ वर्षपछि, अर्थात् वि.सं. २०७२ सालमा, महासन्धिका सबै पक्ष राष्ट्रहरू सहभागी हुन सक्ने गरी पेरिस सम्झौता ग्रहण गरिएको थियो। नेपाल सन्धि ऐन (२०४७) को प्रावधान बमोजिम नेपाल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि, क्योटो अभिसन्धि तथा पेरिस सम्झौताको पक्ष राष्ट्रको रूपमा आबद्ध रहेको छ।

पेरिस सम्झौताले अन्य कुराको अतिरिक्त विश्वको तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्ने र २ डिग्री सेल्सियसभन्दा कम राख्ने लक्ष्य राखेको छ। पेरिस सम्झौतामा सबै पक्ष राष्ट्रहरुले ५, ५ वर्षमा राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions, NDCs) नामक दस्तावेज तयार गरी महासन्धिको सचिवालयमा पेश गर्नु पर्ने प्रावधान रहेको छ। नेपाल यो सम्झौताको पक्ष राष्ट्र भएकोले नेपालले वि.सं. २०७२, २०७७ र २०८२ मा क्रमशः पहिलो, दोस्रो र तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनिडसी) प्रतिवेदनहरु महासन्धिको सचिवालयमा पेश गरेको छ। पेरिस सम्झौताअन्तर्गत १.५ डिग्री सेल्सियस तापक्रम सीमा कायम गर्ने लक्ष्यअनुरूप, राष्ट्रिय आवश्यकता तथा प्राथमिकतालाई ध्यानमा राखी जलवायु परिवर्तनलाई स्पष्ट रूपमा सम्बोधन गर्ने क्रियाकलापहरू कार्यान्वयन गर्दै हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरणमा योगदान पुर्‍याउने उद्देश्यले नेपालले वि.सं. २१०२ (सन् २०४५) सम्म खुद शून्य उत्सर्जन कायम गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त गरेको छ। सोही प्रतिबद्धता तथा देशको खुद शून्य उत्सर्जनसम्बन्धी दीर्घकालीन रणनीति अनुरूप तेस्रो एनडिसीमा

DRAFT

उत्सर्जन न्यूनीकरणमा केन्द्रित महत्वाकाङ्क्षी लक्ष्यहरू समावेश गरिएका छन्। साथै, सन् २०३० सम्म दोस्रो राष्ट्रिय निर्धारित योगदानमा उल्लिखित उद्देश्य तथा लक्ष्यहरू प्राप्त गर्न नेपालले दोस्रो एनडीसी कार्यान्वयन योजना समेत कार्यान्वयन गर्दै आएको छ।

पेरिस सम्झौताका धारा ४.२ र ४.११ लगायत अन्य सान्दर्भिक प्रावधानहरू तथा पक्ष राष्ट्रहरूको सम्मेलनका निर्णयहरूलाई ध्यानमा राखी, प्रत्येक पाँच वर्षमा पेश गरिने एनडीसीको तेस्रो प्रतिवेदन (आ.व. २०८१/२०८२-२०९१/२०९२) लाई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट वि.सं. २०८२ साल बैशाख ३१ गते स्वीकृत भएको थियो। नेपाल सरकारद्वारा वि.सं. २०८२ साल जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा आयोजना गरिएको सगरमाथा संवादको अवसरमा, जेठ २ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट उक्त तेस्रो प्रतिवेदन औपचारिक रूपमा लोकार्पण भएको थियो। तत्पश्चात् नेपाल सरकारले मिति २०८२ साल जेठ ५ गते सो प्रतिवेदन महासन्धिको सचिवालयमा पेश गरेको थियो।

यस तेस्रो राष्ट्रिय निर्धारित योगदानमा हरितगृह ग्यासको उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलनसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न विषयगत क्षेत्र तथा उप-क्षेत्रहरूमा परिमाणात्मक तथा नीतिगत लक्ष्यहरू समावेश गरिएका छन्। यी लक्ष्यहरू हासिल गर्न निर्धारण गरिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

यो कार्यान्वयन योजना तर्जुमा गर्दा तेस्रो एनडिसीका लक्ष्यहरू प्राप्त गर्न सहयोगी हुने, व्यावहारिक र कार्यान्वयनयोग्य, हरितगृह ग्याँसको उत्सर्जन घटाउने, न्यून कार्बन उत्सर्जनले सामाजिक-आर्थिक विकासमा सकारात्मक प्रभाव पार्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्या तथा जोखिममा रहेका जनताको संवेदनशीलता घटाउने र अनुकूलन तथा उत्थानशील क्षमता बढाउने खालका क्रियाकलापहरूको छनोट गरिएको छ। यो कार्यान्वयन योजना तर्जुमा गर्दा कसैलाई पनि पछि नछोड्ने वा सबैलाई समेट्ने सिद्धान्तलाई आत्मसात गरिएको छ। यस्को कार्यान्वयन गर्न तिनै तहका सरकार, निजी क्षेत्र, विकासका साझेदार, प्राज्ञिक एवम् अनुसन्धान लगायत गैरसरकारी संस्थाहरुको भूमिका महत्वपूर्ण हुने भएकोले यो योजना तर्जुमादेखि नै सबैको स्वामित्व सुनिश्चित हुने गरी सहभागितात्मक प्रक्रिया अवलम्बन गरिएको छ। यसैगरी तीन तहका सरकारबीचको समन्वय, सहकार्य तथा समावेशीता सुनिश्चित गर्ने, सेवा प्रदायक संस्थाले स्थानीय समुदाय तथा कृषकलाई प्राविधिक सहयोग प्रदान गर्ने, सहकार्य गर्ने एवम् प्रशिक्षण दिने संस्थाहरूले लाभग्राहीको सिप विकासमा यथेष्ठ सहयोग दिने तथा सहजीकरण गर्ने पक्षहरूलाई ध्यान दिइएको छ ।

यो कार्यान्वयन योजना तर्जुमा गर्दा वि.सं. २०८० सालमा स्वीकृत भएको दोस्रो एनडिसीको कार्यान्वयन योजनालाई ध्यान दिइ यसलाई सकेसम्म वस्तुपरक र कार्यान्वयन गर्न सजिलो हुने खालका क्रियाकलापहरूको चयन गरिएको छ ।

विभिन्न लक्ष्यहरू हाँसिल गर्न नेपाल सरकारले नीति, रणनीति, योजना, निर्देशिका, दिग्दर्शन, खाका (फ्रेमवर्क) आदि तयार गर्नु पर्ने भएकाले यी दस्तावेजहरू तर्जुमा गर्दा परामर्श सेवा खरिद, बहुसरोकारवालासँग छलफल, परामर्श, गोष्ठी, कार्यशाला वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने, र स्वीकृतिको प्रक्रियामा जानु अघि नेपाल सरकारका नीतिगत तथा कानूनी प्रावधान, प्रचलन र अभ्यास अनुसार राय-सुझाव लिने कार्यहरू आवश्यक हुन्छन्। यस अनुसार, यी दस्तावेजहरू तर्जुमा र स्वीकृति गर्दा नेपालले अपनाइरहेको प्रक्रियाको पालना हुनेछ। अर्थात्, यस कार्यान्वयन योजनामा कार्यशाला, गोष्ठी, अन्तरक्रिया वा परामर्श कार्यक्रमजस्ता क्रियाकलापहरू समावेश गरिएको छैन।

यी क्रियाकलापहरूको कार्यान्वयन गर्दा आवश्यक विस्तार (उप-क्रियाकलापहरूको चयन र कार्यान्वयन) सम्बन्धित मन्त्रालय, विभाग वा अन्य निकायमार्फत हुनेछ । यो कार्यान्वयन योजनाको स्वीकृति पश्चात सम्बन्धित मन्त्रालय तथा निकायहरूले यसमा उल्लेख भएका क्रियाकलापहरू आ–आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नेछन् । यसैगरी वित्तीय स्रोत जुटाउन पर्ने क्रियाकलापहरूको लागि प्रस्ताव तर्जुमा गरी आर्थिक स्रोत जुटाउने प्रयास हुनेछ । स्थलगत क्रियाकलापहरू स्थानीय तहको नेतृत्वमा कार्यान्वयनमा हुनेछ ।

## १.२ कार्यान्वयन योजनाको दायरा

तेस्रो एनडिसीको विषयगत क्षेत्र र उप-क्षेत्रहरुमा निर्धारित लक्ष्यहरु प्राप्त गर्नका लागि विषयगत मन्त्रालयहरुको संयोजकत्वमा गठीत कार्य समूहहरुबाट लक्ष्य अनुरुप विविध क्रियाकलापहरुको पहिचान भएको छ। यी क्रियाकलापहरुको कार्यान्वयन जिम्मेवारीको नेतृत्व, समन्वय, सहकार्य वा सहजीकरण पनि तत् तत् विषयगत मन्त्रालयको हुनेछ। यी क्रियाकलापहरुको प्रकृति, कार्यान्वयन क्षेत्र, प्रक्रिया तथा नेपाल सरकार (कार्य विभाजन) नियमावलीमा उल्लेख भएका कार्य क्षेत्रसमेतलाई ध्यान दिइ विषयगत मन्त्रालय र अन्तर्गतका विभाग, केन्द्र तथा कार्यालयहरु, प्रदेशका सम्बन्धित मन्त्रालय तथा निकायहरु र स्थानीय तहबाट यो योजनाको कार्यान्वयन हुनेछ।

तेस्रो एनडिसीको लक्ष्यहरु अनुरुप क्रियाकलापहरु यकिन गरी तिनको कार्यान्वयन, प्रगति अनुगमन, शासकीय संयन्त्रको परिचालन, जिम्मेवारी तथा उत्तरदायित्वको किटान तथा सहयोगी निकायहरुको पहिचान, वित्त व्यवस्थापन आदि यो कार्यान्वयन योजनाको दायराभित्र राखिएको छ। यो कार्यान्वयन योजनामा मूलतः तेस्रो एनडिसीमा उल्लेख भएका निर्धारित लक्ष्य, क्रियाकलापहरु, मापन, प्रतिवेदन, प्रमाणीकरणका सूचक, कार्यान्वयनका लागि जिम्मेवार वा उत्तरदायी सरकारी निकाय एवम् अन्य प्रत्यक्षरुपमा सम्बन्धित संस्थाहरु, समयरेखा (२०२६-२०३०, र २०३१-२०३५) तथा अनुमानित लागत (बजेट) समावेश गरिएको छ। यसैगरी प्रस्तावित क्रियाकलापहरुको कार्यान्वयनका लागि अनुमानित लागत व्यहोर्न राष्ट्रिय र वाह्य स्रोतको परिचालन आवश्यक छ। यो योजना कार्यान्वयन गर्दा नेपाल सरकारको आन्तरिक स्रोत, विकास साझेदारबाट प्राप्त हुने प्राविधिक र आर्थिक सहयोग, गैर

सरकारी संघ-संस्था र निजी क्षेत्रको सहकार्य तथा समन्वयमा हुने लगानीय, तथा अन्तर्राष्ट्रिय जलवायु वित्तको परिचालनलाई ध्यान दिइएको छ।

## १.३ कार्यान्वयन योजना तर्जुमा प्रक्रिया

तेस्रो एनडिसीको स्वीकृति पश्चात यसलाई कार्यान्वयन गर्नका लागि यो योजना तर्जुमाको कार्य थालनी गरियो। यो कार्यान्वयन योजना तयार गर्ने क्रममा जलवायु परिवर्तनसम्बन्धी केन्द्र विन्दु, अर्थात वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले विकास साझेदार तथा गैर सरकारी संघ-संस्थाका प्रतिनिधिहरु एवम् विज्ञहरुको सहभागितामा वि.सं. २०८२ साल असार ४ गते अनौपचारिक परामर्श कार्यक्रमको आयोजना गरेको थियो। मिति २०८२ साल श्रावण १२ गते बहुसरोकारवालाहरुको सहभागितामा आयोजित कार्यशालामार्फत औपचारिक रुपमा यो कार्यान्वयन योजना तर्जुमा प्रक्रिया सुरु भएको थियो। तत्पश्चात्: तेस्रो राष्ट्रिय निर्धारित योगदानमा उल्लेख भएका विषयगत क्षेत्र र उप-क्षेत्रहरुमा उल्लेख भएका हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणको लागि नेपाल सरकार, कार्य विभाजन नियमावली बमोजिम सम्बन्धित मन्त्रालयहरुको संयोजकत्व र सहजीकरणमा विषयगत परामर्श कार्यक्रमहरु सम्पन्न गरी कार्यान्वयन योजना मस्यौदा तयार भएको थियो। सो मस्यौदालाई ७ वटै प्रदेश र केन्द्रमा कार्यशालाको आयोजना गरी राय सुझाव सङ्कलन गरिएको थियो। प्राप्त राय सुझावहरुको आधारमा कार्यान्वयन योजना परिमार्जन गरी सार्वजनिक राय सुझावको लागि करिव २ हप्ताको समयावधि तोकी वन तथा वातावरण मन्त्रालयको वेवसाइटमा राखिएको छ ।

यी प्रक्रियाबाट प्राप्त राय सुझाबको आधारमा परिमार्जित मस्यौदा कार्यान्वयन योजनामा सम्बन्धित मन्त्रालयहरुबाट औपचारिक राय सुझाव लिई यो मस्यौदा योजनालाई अन्तिम रुप दिई नेपाल सरकारको स्वीकृतिको लागि अग्रिम प्रक्रियामा लगिने छ । यो कार्यान्वयन योजनाको तर्जुमा गर्दा अवलम्बन गरिएको विस्तृत प्रक्रिया चित्र (१) मा दिइएको छ।

यो योजनामा उल्लिखित क्रियकलापहरुको कार्यान्वयन गर्दा विषयगत मन्त्रालयहरुले आवश्यकतानुसार विस्तृतीकरण गर्न सक्नेछन्। यी क्रियाकलापलाई वार्षिक कार्यक्रममा आवद्ध गरेर, बेग्लै आयोजनाको रुपमा तथा अल्पकालीनदेखि दीर्घकालीन योजनामा समावेश गरेर कार्यान्वयन गर्न सकिने छ। स्थलगत क्रियाकलापहरुको कार्यान्वयनमा स्थानीय तहको नेतृत्व, समन्वय, सहकार्य र सहजीकरण महत्वपूर्ण रहने छ।




चित्र १ः तेस्रो राष्ट्रिय निर्धारित योगदानको कार्यान्वयन योजना तर्जुमा प्रक्रिया

नेपालको तेस्रो एनडिसी सबैलाई समेटी सहभागितात्मक प्रक्रियामार्फत तर्जुमा भएको थियो। सोही प्रक्रियालाई अवलम्बन गरी यो कार्यान्वयन योजना तर्जुमा गर्दा जलवायु परिवर्तनसम्बन्धी नेपालको केन्द्रविन्दुको कार्य गरिरहेको वन तथा वातावरण मन्त्रालयको समन्वय, सहकार्य र सहजीकरणमा विषयगत तथा अन्तर-विषयगत क्षेत्रको जिम्मेवारी भएको मन्त्रालयहरुको संयोजकत्व र अगुवाईमा विकासका साझेदार तथा सहयात्रीहरुको सहयोगमा कार्यशाला, अन्तर्क्रिया तथा परामर्श कार्यक्रमहरु आयोजना भएका थिए।

काठमाण्डौमा सम्पन्न विभिन्न कार्यशाला तथा परामर्श कार्यक्रमहरुको आधारमा तेस्रो एनडिसीको कार्यान्वयन योजनाको मस्यौदा तयार भयो (तालिका १.१)। यी ११ वटा परामर्श कार्यक्रमहरुमा २९ प्रतिशत महिलासहित कूल ६४१ जनाको सहभागिता रहेको थियो।

DRAFT

**तालिका १.१ः काठमाण्डौमा सम्पन्न कार्यशाला तथा परामर्श कार्यक्रमहरु**

| क्रसं | परामर्श कार्यक्रम | मिति | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विकासका सहयात्रीहरुसंग प्रारम्भिक परामर्श, वन तथा वातावरण मन्त्रालय, सिंहदरवार | २०८२।०३।०४ | ३७ | १० | ४७ | श्रीमान् सचिवज्यूको अध्यक्षतामा सम्पन्न |
| २ | कार्यान्वयन योजनाको प्रारुप निर्धारण गर्नका लागि सरोकारवालाहरुसंग परामर्श, गोदावरी | २०८२।०३।१३-१४ | ६२ | ९ | ७१ | मा. वन तथा वातावरण मन्त्रीज्यूको प्रमुख आतिथ्यमा सम्पन्न |
| ३ | कार्यान्वयन योजना तर्जुमा प्रक्रियाको औपचारिक शुभारम्भ, बुढानिलकण्ठ | २०८२।०४।१२-१३ | ९० | ३३ | १२३ | श्रीमान् मूख्य सचिवज्यूको प्रमूख आतिथ्यमा सम्पन्न |
| ४ | शिक्षाका क्रियाकलापहरुको छनौट सम्बन्धी कार्यशाला, लाजिम्पाट | २०८२।०५।१४ | ३५ | ११ | ४६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संयोजन । |
| ५ | जेड्सीसम्बन्धी परामर्श कार्यक्रम, नक्साल | २०८२।०६।०३ | २३ | १० | ३३ | सरोकारवालाबाट आयोजित |
| ६ | ऊर्जा र औद्योगिक प्रक्रियासम्बन्धी सरोकारवाला एवम् विज्ञहरुसँग परामर्श, बबरमहल | २०८२।०७।२६ | ५६ | १९ | ७५ | ऊर्जा, जल तथा सिंचाइ, र उद्योग तथा वाणिज्य मन्त्रालयको संयोजन |
| ७ | जेड्सीसम्बन्धी सरोकारवाला र विज्ञहरुसँग परामर्श, पुल्चोक | २०८२।०८।०१ | ३६ | ४५ | ८१ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संयोजन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | जेड्सी सम्बन्धमा सरकारको फोकल पर्सन र विकासका सहयात्रीहरुसँग परामर्श, पुल्चोक | २०८२।०८।०२ | २६ | ३० | ५६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संयोजन |
| ९ | कार्यान्वयन योजना मस्यौदा परिमार्जन कार्यशाला, बुढानिलकण्ठ | २०८२।०८।०७-०८ | ५७ | १० | ६७ | सरकारी निकायका उच्च अधिकृतको सहभागिता |
| १० | वन क्षेत्रका क्रियाकलाप परिमार्जन परामर्श कार्यक्रम, सिंहदरवार | २०८२।०८।१२ | १४ | १ | १५ | उच्च अधिकृतहरुको सहभागितामा सम्पन्न |
| ११ | जलस्रोत क्षेत्रको क्रियाकलापहरु परिमार्जन परामर्श कार्यक्रम, ववरमहल | २०८२।०८।१७ | १९ | ८ | २७ | ऊर्जा, ज. तथा सिंचाइ मन्त्रालयको संयोजन |
| | **प्रत्यक्ष संग्लन सहभागीहरु** | | **४५५** | **१८६** | **६४१** | **२९ प्रतिशत महिला** |

**नोटः** यसका वन तथा वातावरण मन्त्रालयको समन्वय र विकासका साझेदारहरुको सहभागिता रहेको।
जेड्सीले लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीतालाई समेट्छ।

सो मस्यौदा प्रतिवेदनको वारेमा जानकारी दिन र राय सुझाव सङ्कलन गरी परिमार्जन गर्नका लागि वन तथा वातावरण मन्त्रालयले प्रदेशका वन तथा वातावरण हेर्ने मन्त्रालयहरुसँगको सहकार्य र संयोजनमा प्रदेशस्तरीय छलफल तथा सुझाव सङ्कलन कार्यशालाहरु सम्पन्न भएका थिए (तालिका १.२)। यी प्रादेशिक कार्यशालाहरूमा कूल ४९७ जनाको सहभागिता भएको थियो ।

### तालिका १.२: एनडिसी कार्यान्वयन योजना तर्जुमा गर्दा प्रदेशमा सम्पन्न परामर्श कार्यक्रमहरु

| क्रसं | प्रदेशको नाम | मिति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश, बिराटनगर, मोरङ | २०८२।०९।०९ | ६० | १० | ७० |
| २ | मधेश प्रदेश, जनकपुरधाम, धनुषा | २०८२।०९।०७ | ५७ | १० | ६७ |
| ३ | बागमती प्रदेश, हेटौडा, मकवानपुर | २०८२।०९।०४ | ७४ | १६ | ९० |
| ४ | लुम्बिनी प्रदेश, लमही, दाङ्ग | २०८२।१०।०६ | ४९ | ११ | ६० |
| ५ | कर्णाली प्रदेश, बीरेन्द्रनगर, सुर्खेत | २०८२।१०।०८ | ५१ | १८ | ६९ |
| ६ | सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली | २०८२।१०।११ | ७६ | १३ | ८९ |
| ७ | गण्डकी प्रदेश, पोखरा, कास्की | २०८२।१०।१५ | ४७ | ८ | ५५ |
| | जम्मा | | ४१४ | ८६ | ५०० |

यसरी यो कार्यान्वयन योजना तर्जुमा प्रक्रियामा कूल ११४१ जनाको प्रत्यक्ष सहभागिता रहेको थियो।यसमा महिलाको सहभागिता करिव २४ प्रतिशत रहेको थियो ।

DRAFT

नोटः यो कार्यान्वयन योजनालाई निर्णय प्रक्रियामा लग्दा तालिका १.१ र १.२ को सहभागितासम्बन्धी जानकारीलाई छोटकरीमा टेक्स्टमा राखिने छ।

## १.४ एनडिसी कार्यान्वयन गर्दा ध्यान दिइने पक्षहरु

### १.४.१ सह-लाभ

नेपालको तेस्रो एनडिसीमा उल्लिखित विभिन्न लक्ष्यअनुसार क्रियाकलापहरु कार्यान्वयन गर्दा विभिन्न सह-लाभ (co-benefits) प्राप्त हुने देखिन्छ। यसमा ऊर्जा सुरक्षा, घरभित्र र बाहिरको वायु प्रदूषण न्यूनीकरण, जनस्वास्थ्य, जीवनस्तर सुधार, आम्दानी वृद्धि, सामाजिक समानता, पारिस्थितिक सेवा, जैविक विविधता संरक्षण, पर्यावरण-पर्यटन र जलवायु-उत्थानशीलता जस्ता क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। यस प्रकारका क्रियाकलापहरुले दिगो विकास लक्ष्य हासिल गर्न र गरिबी उन्मुलनमा उल्लेखनीय योगदान पुऱ्याउने विश्वास गरिएको छ। तर, यी न्यूनीकरण लक्ष्य पूरा गर्ने क्रममा जीवाश्म इन्धनलाई विस्थापित वा न्यून प्रयोग गर्दा जीवाश्म इन्धनको आयातमा आधारित सरकारको कर, राजस्व र रोजगारीमा कमी आउन सक्ने सम्भावना रहन्छ। हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका कार्यहरुबाट अल्पायुका जलवायु प्रदूषकको मात्रा पनि घट्न सक्छन्।

तेस्रो राष्ट्रिय निर्धारित योगदानलाई कार्यान्वयन गर्दा नेपालले सकेसम्म सह-लाभ प्राप्त हुने तथा प्रतिकूल प्रभावको जोखिमलाई न्यून गर्ने प्रयास गर्नेछ। सन् २०३० भित्र सह-लाभको मूल्याङ्कन गर्नका लागि एक ढाँचासमेत तर्जुमा गरिने छ।

### १.४.२ न्यायिक सङ्क्रमण तथा मानव अधिकार

सङ्क्रमण अवस्थामा उच्च कार्बन उत्सर्जनसम्बन्धी क्रियाकलापहरुको कटौती गरी न्यून कार्बन आर्थिक विकासतर्फ अघि बढ्दा जनसमुदाय, कामदार, कार्यस्थल, तथा विभिन्न क्षेत्रमा सञ्चालन भएका र हुने विकासका क्रियाकलापहरुलाई प्रतिकूल प्रभाव नपर्ने सुनिश्चित गर्दै न्यायिक सङ्क्रमणका सिद्धान्त, प्रक्रिया तथा अभ्यासहरुलाई ध्यान दिइने छ।न्यायिक सङ्क्रमणको अवस्थालाई जलवायु न्यायको दृष्टिले हेरिने छ। विभिन्न मन्त्रालय तथा निकायहरुबाट तथ्याङ्क सङ्कलन गरी भण्डारण गर्नुको साथै विकासका विषयगत क्षेत्र (सेक्टर) को न्यायिक सङ्क्रमण प्रभाव मूल्याङ्कन गरिने छ।सङ्क्रमणकालमा काम र कामदारको काम गर्न पाउने अधिकारलाई सुरक्षित राख्दै क्षमता विकास र कार्यस्थलको पेशागत सुरक्षा समेत सुनिश्चित गरिने छ । यसैगरी क्षतिपूर्ति र सामाजिक सुरक्षालाई ध्यान दिइने छ। प्रभावित समुदाय र कामदारहरुको चासोलाई सम्बोधन गर्न उनीहरुको सहभागितामा सामाजिक संवादलाई बढावा दिइने छ। हरित रोजगारी तथा हरित सीपको विकासका लागि जोखिममा रहेका तथा जोखिममा पर्न सक्ने समुदाय तथा कामदारलाई प्राथमिकता दिदैं तिनको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गरिने छ। कामदार तथा रोजगारी बढी हुने तथा भएका यातायात र उद्योग

जस्ता उच्च प्रभावित क्षेत्रहरुमा न्यायिक सङ्क्रमणसम्बन्धी उपायहरु एकीकृत गर्ने कार्यलाई सुनिश्चित गरिने छ।

तेस्रो एनडिसी कार्यान्वयनको क्रममा न्यायिक सङ्क्रमण कार्यान्वयन योजना तर्जुमा गरी कार्यान्वयनका लागि मुख्यतया यातायात, उद्योग, संघ र प्रदेशका क्षेत्रगत मन्त्रालय र अन्तर्गतका कार्यालयहरु तथा स्थानीय तहका कर्तव्य वाहकहरुबीच चेतना अभिवृद्धि गरिने छ। सङ्क्रमणको अवधिमा जोखिममा पर्न सक्ने समुदाय र कामदारहरुलाई तिनको अधिकारको वारेमा सूचित गर्ने संयन्त्रको विकास तथा कार्यान्वयन गरिने छ। पेशागत स्वास्थ्य र सुरक्षाका मापदण्डहरु कार्यान्वयन गरिने छ। जलविद्युत ऊर्जा नपुगेका क्षेत्रमा सौर्य र वायु जस्ता नवीकरणीय ऊर्जाको व्यापक उपयोगमार्फत ऊर्जा सुरक्षा सुनिश्चित गरिने छ। जलवायु परिवर्तन तथा सङ्क्रमणका कारण जोखिममा रहेका वा पर्न सक्ने वन पैदावारमा आश्रित समुदायलाई वन व्यवस्थापनबाट प्राप्त लाभको न्यायिक बाँडफाँड बढाइने छ। न्यायिक सङ्क्रमणका लागि आवश्यक नीति र नियमनको व्यवस्था मिलाइने छ ।

सङ्क्रमण प्रक्रियाको समयमा जलवायु जोखिममा रहेका समुदायलाई विपद् पोर्टल र जल तथा मौसम विज्ञान विभागको वेवसाइटबाट समेत जानकारी दिने एवम् ती वेवसाइटलाई स्थानीय तहका वेवसाइटहरुसँग आवद्ध गरिने छ। स्थानीय तहको क्षमता अभिवृद्धि लगायत ट्रेड युनियन, रोजगारदाता, व्यापार-व्यवसाय तथा उद्यमी एवम् जलवायु विज्ञहरुको समेत प्रतिनिधित्व हुने गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा न्यायिक सङ्क्रमणसम्बन्धी सवालहरुलाई सम्बोधन गर्न आवश्यकतानुसार संस्थागत व्यवस्था गरिने छ। यो कार्यान्वयन योजनामा न्यायिक सङ्क्रमणसम्बन्धी क्रियाकलापहरुलाई समेटिएको छ (तालिका २.६)।

### १.४.३ लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीता

नेपालले तेस्रो एनडिसीका लक्ष्यहरु किटान गर्दा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीता (जेड्सी) का सिद्धान्तहरु अवलम्बन भएका छन्। जेड्सीको लागि निर्धारित लक्ष्यहरु अनुरुप जेड्सीलाई विषयगत क्रियाकलापहरुमा एकीकृत गरिएको र जेड्सीसम्बन्धी छुट्टै क्रियाकलापहरु यो कार्यान्वयन योजनामा राखिएको छ (तालिका २.५)। यसबाट जेड्सीको सवालहरु यथेष्ठ सम्बोधन हुने अपेक्षा गरिएको छ।

### १.४.४ सुशासन

तेस्रो एनडिसीको कार्यान्वयनको क्रममा सुशासन प्रवर्द्धन गर्नको लागि समन्वयको भूमिका निर्वाह गरिरहेका विद्यमान परिषद् तथा समितिहरुको सक्रिय एवम् अर्थपूर्ण भूमिका यथावत रहने छ। वातावरण संरक्षण र जलवायु परिवर्तनका क्षेत्रमा समग्रमा समन्वय र नीतिगत मार्गदर्शनका लागि वातावरण संरक्षण ऐन (२०७६) को दफा ३२ बमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण तथा

जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को गठन भएको छ। दोस्रो एनडिसी कार्यान्वयन योजनाको कार्यान्वयन, समन्वय तथा निर्देशनका लागि वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय जलवायु परिवर्तन सञ्चालक समितिको गठन हुने व्यवस्था छ। यसैगरी वन तथा वातावरण मन्त्रालयको सचिवको अध्यक्षतामा गठन भएको अन्तर-मन्त्रालय जलवायु परिवर्तन समन्वय समितिले एनडिसीको कार्यान्वयनलाई कार्यगत समन्वय र सहजीकरण गर्नेछ। साथै प्रदेश तहमा वन तथा वातावरणको जिम्मेवारी रहेको मन्त्रालयका सचिवको अध्यक्षता गठन भएका प्रादेशिक जलवायु परिवर्तन समन्वय समितिबाट प्रदेश तहको समन्वय सहज हुने अपेक्षा गरिएको छ। यी समितिहरुबाट मूलतः समन्वय, रेखदेख, नीतिगत मार्गदर्शन तथा सहजीकरण लगायत सहकार्यमा सहयोग पुग्नेछ। यसबाट तेस्रो एनडिसी योजनाको अर्थपूर्ण कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

माथि उल्लिखित परिषद् तथा समितिहरुको सचिवालयको कार्य वन तथा वातावरण मन्त्रालय, अन्तर्गतका विषयगत महाशाखा तथा प्रादेशिक मन्त्रालयले गर्नेछन्। तेस्रो एनडिसीको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरुको रिपोर्टिङ्गको कार्यसमेत जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौताको केन्द्र विन्दुको कार्य गरिरहेको वन तथा वातावरण मन्त्रालयले गर्ने भएकोले समन्वय, सहजीकरण तथा रिपोर्टिङ्गका कार्यहरु पनि सहज र सजिलो हुनेछ।

माथि उल्लेख भए अनुसार नै एनडिसीमा रहेका विषयगत एवम् क्षेत्रगत लक्ष्यहरु प्राप्त गर्न आवश्यक क्रियाकलापहरुको कार्यान्वयन जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालयको नेतृत्वमा हुनेछ । तर यसका स्थलगत क्रियाकलापहरुको कार्यान्वयन एवम् सम्पादन मूलतः स्थानीय तहबाट हुनेछन् । यो कार्यान्वयन योजनाको कार्यान्वयनबाट प्राप्त नतिजाहरुको रिपोर्टिङ्ग समेत उचित प्रक्रियाबाट नियमित रुपमा हुनेछ।

...........

............

DRAFT

# कार्यान्वयन योजना

तेस्रो एनडिसीले हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका लागि (क) ऊर्जा, (ख) कृषि, वन तथा अन्य भू-उपयोग, (ग) फोहोरमैला, तथा (घ) औद्योगिक प्रक्रिया एवम् उत्पादनको प्रयोग गरी मूख्यतया ४ वटा क्षेत्रमा लक्ष्यहरु निर्धारण गरेको छ। यसमा ऊर्जा अन्तर्गत ऊर्जा उत्पादन र वितरण, खाना पकाउने र तताउने, यातायात, उद्योग, तथा भवनमा प्रयोग हुने ऊर्जालाई समेटिएको छ। यसैगरी वन तथा भू-उपयोग अन्तर्गत (क) कृषि, तथा (ख) भू-उपयोग, भू-उपयोग परिवर्तन र वन गरी २ उपक्षेत्रमा वर्गीकरण गरी लक्ष्यहरु निर्धारण गरिएको छ। यी सबै विषयगत क्षेत्रका लागि विभिन्न गुणात्मक र परिमाणात्मक लक्ष्यहरु रहेका छन्। यसैगरी अन्य क्षेत्रगत लक्ष्यका लागि थप विषयवस्तुको चयन गरिएको छ। ती हुन्ः खानेपानी, सरसफाई तथा स्वच्छता; शिक्षा; जलस्रोत; स्वास्थ्य; शहर तथा ग्रामिण वस्ती; एवम् पर्यटन। यी लक्ष्यहरुको प्राप्तिका लागि विभिन्न क्रियाकलापहरु चयन गरिएको छ।

## २.१. उत्सर्जन न्यूनीकरणका लक्ष्यहरु

हरितगृत ग्याँसको उत्सर्जनमा नेपालको योगदान नगन्य रहेको छ। यद्यपी पेरिस सम्झौताको पक्ष राष्ट्रको हैसियतमा एवम् न्यून उत्सर्जन आर्थिक विकासलाई प्रवर्द्धन गर्नका लागि हरितगृह ग्याँसको उत्सर्जन हुने सम्भावित क्षेत्र र क्रियाकलापहरुबाट सो उत्सर्जन घटाउने लक्ष्य नेपालले लिएको छ। यी लक्ष्यहरु र तिनको प्राप्तिको लागि सञ्चालन हुने क्रियाकलापहरु विस्तृतरुपमा यो कार्यान्वयन योजना (तालिका २.१) मा दिइएको छ । तेस्रो एनडिसीमा हरितगृहग्याँसको उत्सर्जन न्यूनीकरणका लागि कूल २२ वटा लक्ष्यहरू निर्धारण भएका थिए । ती लक्ष्य प्राप्तिका लागि १२३ वटा क्रियाकलापहरू र १४१ वटा मापन, रिपोर्टिङ्ग र प्रमाणीकरणका आधारहरू छनौट गरिएका छन् । यी लक्ष्यहरू प्राप्त गर्न कार्यान्वयन हुने क्रियाकलापहरूको लागि अमेरिकी डलर ७३.७४ विलियन लाग्ने प्रक्षेपण गरिएको छ (तालिका २.१)। कूल अनुमानित लागतको ८५ प्रतिशतभन्दा बढीका क्रियाकलापहरू वित्तीय सहयोग प्राप्त भएमा मात्रै कार्यान्वयन हुनेछन्। यहाँ क्षेत्रगत केही परिमाणात्मक लक्ष्यहरु सूचकको रुपमा दिइएको छ।

### (क) ऊर्जा

१. नविकरणीय विद्युत उत्पादन क्षमता सन् २०३० र २०३५ सम्म क्रमशः १४,०३१ र २८,५०० मेगावाट पुऱ्याउने ।
२. विद्युत प्रशारण र वितरण प्रणालीबाट हुने चुहावट सन् २०३० र २०३५ भित्र क्रमशः ११.५० प्रतिशत र १०.५० प्रतिशतमा घटाउने ।

३. सुधारिएको चुल्होको प्रयोग सन् २०३० र २०३५ सम्म क्रमशः ७ लाख ५० हजार र १० लाख घरधुरीमा पुऱ्याउने । सोही अवधिमा धातुबाट निर्मित सुधारिएको चुल्होको प्रयोग ४८ हजार ६८ घरधुरी र १ लाख घरधुरीमा पुऱ्याउने ।

४. घरमा खाना पकाउनको लागि वायोग्याँसको प्रयोग सन् २०३० र २०३५ सम्म क्रमशः ५ लाख र ६,५२,७७० घरधुरीमा पुऱ्याउने ।

५. ठूला खालका वायोग्याँस प्लान्ट सन् २०३० र २०३५ सम्म क्रमशः ५५० युनिट र ७५० युनिट स्थापना गर्ने, आदि ।

**(ख) यातायात**

१. सन् २०३० सम्म निजी प्रयोगका विद्युतीय सवारी साधनको विक्री ९० प्रतिशत र सन् २०३५ सम्म ९५ प्रतिशतमा पुऱ्याउने। यसैगरी सार्वजनिक प्रयोगका सवारी साधनको विक्री सन् २०३० र २०३५ सम्म क्रमशः ७० र ९० प्रतिशत पुऱ्याउने।

२. काठमाण्डौ उपत्यकाभित्र विद्युतीय वस, ट्रली तथा हलुका रेलको एकीकृत प्रणालीको लागि सन् २०३० र २०३५ सम्म क्रमशः कम्तिमा ५० कि.मि र १०० कि.मि. निर्माण तथा सञ्चालन गर्ने।

३. सन् २०३० भित्र २०० कि.मि. र सन् २०३५ भित्र ३०० कि.मि. विद्युतीय रेल सञ्जाल निर्माण तथा सञ्चालन गर्ने।

**(ग) उद्योग**

१. सन् २०३५ सम्म फलाम र स्टिल उद्योगले विद्युतमा आधारित भट्टीको प्रयोग बढाउने।

२. सन् २०३५ सम्म दुइवटा चुनढुङ्गामा आधारित सिमेन्ट उद्योगमा कोइलाको सट्टामा कूल इन्धन खपतको ३५ प्रतिशतसम्म जैविक ऊर्जा प्रयोग गर्ने।

३. बोयलरमा आधारित सबै उद्योग सन् २०३० र २०३५ भित्र क्रमशः ३० र ७० प्रतिशत विद्युतमा आधारित हुने गरी रुपान्तरण गर्ने ।

४. सन् २०३५ सम्म बार्षिक १० करोड इट्टा उत्पादन हुने गरी मध्यम खालको विद्युतमा आधारित टनेल किल्न नमुनाको रुपमा सञ्चालन गर्ने।

**(घ) कृषि, वन तथा अन्य भू-उपयोग**

१. सन् २०३५ सम्म गाईवस्तुको मलका लागि ५ लाख सुधारिएको गोठ स्थापना गर्ने।

२. देशको कूल क्षेत्रफलको कम्तिमा ४६ प्रतिशत वन क्षेत्रको रुपमा कायम गर्ने।

**(ङ) फोहोरमैला**

१. सन् २०३५ सम्म प्रति दिन ५१ करोड लिटर फोहोर पानी प्रशोधन गरेर मात्रै निश्कासन गर्ने।

२. सन् २०३५ सम्म बार्षिक ३ लाख ७० हजार घन मिटर फिकल स्लज प्रशोधन गर्ने।
३. सन् २०३५ सम्म ६ वटा औद्योगिक स्थलमा तरल फोहोरको लागि संयुक्त प्रशोधन सुविधा स्थापना गर्ने ।

**(च) औद्योगिक प्रक्रिया र उत्पादनको प्रयोग**

१. सन् २०३५ सम्म सिमेन्ट उत्पादनको लागि ल्किङ्कर फ्याक्टर ७५ प्रतिशतमा झार्ने।

## २.२. नीति तथा उपायसम्बन्धी लक्ष्यहरु

हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका लागि तेस्रो एनडिसीले केही नीति तथा उपायहरु अवलम्बन गरेको छ। तेस्रो एनडिसीमा निम्न विषयगत क्षेत्रहरूमा कूल ६२ वटा नीति तथा उपायहरूसम्बन्धी लक्ष्यहरू रहेका छन् । यी लक्ष्यहरू प्राप्त गर्नका लागि २४७ वटा क्रियाकलापहरू र २७१ वटा मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू समावेश गरिएको छ । यी क्रियाकलापहरू कार्यान्वयन गर्नका लागि अमेरिकी डलर ४.३ विलियन[1] आवश्यक पर्ने प्रक्षेपण गरिएको छ (तालिका २.२)। यी नीति तथा उपायहरू अन्तर्गत रहेका विषयगत क्षेत्रका केही परिमाणात्मक लक्ष्यहरु तल दिइएको छ।

**(क) ऊर्जा**

१. सन् २०३० सम्म ऊर्जा, नविकरणीय ऊर्जा र ऊर्जा दक्षता सम्बन्धमा राष्ट्रिय नीति तथा कानून तर्जुमा गर्ने।
२. सन् २०३५ सम्म ४०० स्थानीय तहले पालिका तहको ऊर्जा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
३. सन् २०३५ सम्म महानगरपालिका र उप-महानगरपालिकाहरुमा फोहोरबाट ऊर्जा उत्पादन गर्ने थप ११ वटा प्लान्ट स्थापना गर्ने।
४. १०० वटा स्थानीय निकायले नियम, उपनियम, तथा मापदण्ड कार्यान्वयन कार्यविधि बनाई ऊर्जा-दक्ष भवनको स्वीकृति तथा कार्यान्वयन गर्ने।

**(ख) यातायात**

१. फोहोरमैला सङ्कलनका लागि विद्युतीय सवारी साधनको विक्री सन् २०३० र २०३५ भित्र क्रमशः थप १० प्रतिशत र २० प्रतिशतले बढाउने।
२. सन् २०३५ सम्म विद्युतीय सवारी साधनका लागि यथेष्ठ पूर्वाधार र चार्जिङ्ग स्टेशनको विकास गर्ने।
३. सरकार, शिक्षा र स्वास्थ्य क्षेत्रले विद्युतीय सवारी साधनको प्रयोगमा प्राथमिकता दिने ।

[1] एक अमेरिकी डलर बराबर नेरू १४५।

४. सन् २०३० भित्र सबै महानगरपालिका र उप–महानगरपालिकाहरुमा साइकल लेनको व्यवस्थापन तथा परिचालन गर्ने।

५. सन् २०३० र २०३५ सम्म क्रमशः कम्तिमा ५० र १५० वटा केबलमा-आधारित यातायात परिचालन हुने।

**(ग) उद्योग**

१. सन् २०३५ सम्म १६ वटा चुनढुङ्गामा आधारित सिमेन्ट उद्योगहरुमा फोहोरबाट ७५ एमभिए ताप विद्युत प्रणालीको स्थापना गर्ने।

२. सन् २०३५ सम्म साना भट्टी र बोयलरको प्रयोग गर्ने काठमाण्डौ उपत्यकाका सबै साना र मध्यम उद्यमहरुलाई विद्युतमा आधारित बनाउने।

३. सन् २०३५ सम्म सिमेन्ट, इट्टा, स्टिल र टायर उद्योगका ५०० प्राविधिक जनशक्तिलाई नविकरणीय ऊर्जा प्रविधिकावारेमा तालिम दिने।

**(घ) भवनमा ऊर्जा दक्षता**

१. सन् २०३० सम्म ऊर्जा दक्षता निर्देशिका तर्जुमा तथा १५ सय सरकारी भवनको ऊर्जा परीक्षण (अडिट) गर्ने।

२. सन् २०३० र २०३५ सम्म क्रमशः ३० र ७० प्रतिशत नयाँ विद्यालय र शिक्षाको पूर्वाधार निर्माणमा कार्बन-अफसेट र ऊर्जा-दक्ष प्रणाली लागू गर्ने।

**(ङ) कृषि, वन तथा अन्य भू-उपयोग**

१. सन् २०३० र २०३५ सम्म क्रमशः ५ र १० हजार हेक्टरको नयाँ बगैंचा स्थापना गर्ने।

२. सन् २०३५ सम्म राष्ट्रिय वन क्षेत्रको तथ्याङ्कलाई अध्यावधिक गर्दै रेड कार्यान्वयन केन्द्रमार्फत कार्बन व्यापारको दायरा विस्तार गर्ने। कार्बन व्यापारमा निजी वनको सहभागिता प्रवर्द्धन गर्ने।

३. सन् २०३० सम्म वन विकास कोषको परिचालनमार्फत क्षतिपूर्ति वृक्षारोपण र वन पुनर्स्थापना गरी कार्बन सञ्चिति अभिवृद्धि गर्ने।

४. सन् २०३५ सम्म वन समूहको मुख्य पदमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व तथा दलित र आदिवासी/जनजातिको अनुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।

५. सन् २०३० सम्म शहर र वन क्षेत्र बाहिरका रुखको तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्ने र शहरी हरियाली प्रवर्द्धन गर्ने। वन डढेलो नियन्त्रण तथा नियमनका लागि सरोकारवालाहरूको सहभागितामा सहकार्य संयन्त्र विकास गर्ने।

DRAFT

**(च) फोहोरमैला**

१. सन् २०३० भित्र कम्तिमा १०० पालिका र सन् २०३५ भित्र सबै पालिकाले फोहोरमैला वर्गीकरण गर्ने, पुनः प्रयोगमा ल्याउने, पुरानो सामग्रीको सिर्जनात्मक प्रयोग तथा रद्दीकरण गरी सामग्री पुनः प्राप्ति सुविधाको स्थापना गर्ने।

२. सन् २०३५ सम्म १० वटा उद्योगहरुमा अक्सिजन विनाको फोहोरपानी प्रशोधन प्रणाली र मिथेन सङ्कलन गर्ने सुविधा स्थापना गर्ने।

**(छ) औद्योगिक प्रक्रिया र उत्पादनको प्रयोग**

१. सन् २०३५ सम्म सबै सिमेन्ट उद्योगहरुमा निरन्तर उत्सर्जन अनुगमन प्रणालीको स्थापना गर्ने।

**(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)**

१. सन् २०३५ सम्म सबै विद्यालयले वास सुविधासहित हरित विद्यालय कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

२. सन् २०३० सम्म न्यून कार्बन उत्सर्जनसहितको खानेपानी वितरण सेवाबाट महिला, बालबालिका तथा सीमान्तकृत जनतासमेत ५० प्रतिशत जनसङ्ख्याले लाभ पाउने।

**(झ) शिक्षा**

१. सन् २०३० सम्म प्राविधिक, व्यावसायिक, विद्यालय र विश्वविद्यालय तहका शिक्षामा हरित काम र हरित सीपको अवधारण एकीकृत गर्ने।

२. सन् २०३५ सम्म विद्यालयमा १० मेगावाट क्षमताको संस्थागत सौर्य फोटोभोल्टिक प्रणाली स्थापना तथा सञ्चालन गर्ने।

३. सरकारी र निजी विद्यालयमा विद्युतीय सवारी साधनको प्रयोगमा प्राथमिकता दिने।

**(ञ) जलस्रोत**

१. नविकरणीय ऊर्जाको प्रयोग गरी भूमिगत क्लस्टर आयोजनाहरुले सन् २०३० र २०३५ भित्र क्रमशः थप ११२,५०० हेक्टर र ३,१८,००० हेक्टर भूमि सिंचित गर्ने ।

२. सन् २०३० सम्म नविकरणीय ऊर्जाको प्रयोग गरी थप १११,५०० हेक्टरमा सिंचाइ गर्न लिफ्ट सिंचाइ आयोजनाहरुको विकास गर्ने ।

**(ट) स्वास्थ्य**

१. सौय ऊर्जाको प्रयोग सहित सन् २०३० र २०३५ भित्र क्रमशः १४० र २८० वटा स्वास्थ्य संस्थालाई न्यून-कार्बन तथा जलवायु-उत्थानशीलमा स्तरोन्नती गर्ने।

२. सन् २०३० सम्म न्यून-कार्बन स्वास्थ्य प्रणाली सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

३. सन् २०३५ सम्म ७५ प्रतिशत परंपरागत सुघाँउने (एनेस्थेटिक) ग्याँसलाई न्यून हरितगृह ग्याँसको विकल्पबाट प्रतिस्थापन गर्ने।

**(ठ) शहरी तथा ग्रामीण वस्ती**

१. सन् २०३० सम्म न्यून-कार्बन, जलवायु-उत्थानशील तथा समावेशी अभ्यास (साइक्लिङ्ग, वृक्षारोपण, हरित क्षेत्र, उद्यान, विद्युतीय सवारी साधनको प्रयोग) को पहिचान तथा प्रवर्द्धन गर्ने।

**(ड) पर्यटन**

१. सन् २०३० सम्म प्रत्येक प्रदेशमा १, १ का दरले ७ वटा पर्यटकीय गन्तव्यमा प्रकृति र संस्कृतिमा आधारित दिगो पर्यटन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, र कम्तिमा ५ वटा पर्यटकीय गन्तव्यलाई कार्बन तटस्थ बनाउने।

## २.३ अनुकूलनका प्राथमिकतासम्बन्धी लक्ष्यहरु

तेस्रो एनडिसीले जलवायु अनुकूलनका लागि राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) ले निर्धारण गरेका विषयगत क्षेत्रहरूमा अनुकूलन प्राथमिकताहरू किटान गरेको छ । यो नीतिमा (क) कृषि तथा खाद्य सुरक्षा; (ख) वन, जैविक विविधता तथा जलाधार संरक्षण; (ग) जलस्रोत तथा ऊर्जा; (घ) ग्रामीण तथा शहरी वस्ती; (ङ) उद्योग, यातायात तथा भौतिक पूर्वाधार; (च) पर्यटन, प्राकृतिक र सांस्कृतिक सम्पदा; (छ) स्वास्थ्य, खानेपानी तथा सरसफाइ; तथा (ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरी ८ वटा विषयगत क्षेत्र तोकिएका छन्। सो नीतिले (क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, जीविकोपार्जन एवम् सुशासन; (ख) चेतना वृद्धि तथा क्षमता विकास; (ग) अनुसन्धान, प्रविधि विकास तथा प्रसार; तथा (घ) जलवायु वित्त व्यवस्थापन गरी ४ वटा अन्तर-विषयगत क्षेत्रहरु निर्धारण गरेको छ। यो तेस्रो एनडिसीको कार्ययोजनामा माथि उल्लिखित ८ वटा विषयगत क्षेत्रहरु र एक अन्तर-विषयगत क्षेत्र, चेतना वृद्धि तथा क्षमता विकासका लागि परिमाणात्मक र गुणात्मक लक्ष्यहरु निर्धारण भएको छ।

तेस्रो एनडिसीमा माथि उल्लेखित ८ वटा विषयगत र एक अन्तर-विषयगत क्षेत्रमा अनुकूलनका प्राथमिकता सम्बन्धमा रहेका ४८ वटा लक्ष्यहरू प्राप्त गर्नका लागि १४१ वटा क्रियाकलापहरू र १५० वटा मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू समावेश गरिएका छन् (तालिका २.३)। यी क्रियाकलापहरू कार्यान्वयन गर्नका लागि अमेरिकी डलर ३.१३ विलियन आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। जलवायु अनुकूलनसम्बन्धी प्राथमिकताका केही लक्ष्यलाई सूचकको रुपमा तल दिइएको छ।

DRAFT

१. सन् २०३५ सम्म सबै ७५३ स्थानीय तह (पालिका) ले एकीकृत लैङ्गिक-उत्तरदायी स्थानीय अनुकूलन कार्ययोजना (लापा) तर्जुमा तथा कार्यान्वयन गर्ने।
२. सन् २०३५ सम्म जलवायु सङ्कटासन्न जनता र समुदायको जरुरी आवश्यकतालाई सम्बोधन गर्नका लागि अनुकूलनलाई स्थानीयकरण गर्ने, र स्थानीय तहको योजना प्रक्रियामा एकीकृत गर्न अनुकूलन प्राथमिकतालाई लापाको संरचनासँग तालमेल मिलाउने।
३. सन् २०३० सम्म जलवायु सङ्कटासन्न जनता तथा समुदायको सङ्कटासन्नतालाई एकीकृत गर्न सबै प्रशासनिक, भौतिक-भौगोलिक एवम् पारिस्थितिकीय क्षेत्रमा जलवायु विज्ञानको आधारमा क्षेत्रगत सङ्कटासन्नता र जोखिम मूल्याङ्कन गर्ने।

**(क) कृषि तथा खाद्य सुरक्षा**

१. सन् २०३० र २०३५ भित्र क्रमशः २०० र ५०० जलवायु-उत्थानशील फार्म स्थापना गर्ने।
२. सन् २०३५ भित्र कम्तिमा ८० पालिकाका ४५ हजार घरधुरी उत्थानशील कृषि-पारिस्थितिकीय उत्पादन प्रणाली तर्फ संक्रमण-उन्मुख हुने।
३. सन् २०३५ सम्म खाद्यान्न तथा पोषण सुरक्षा सुनिश्चित गर्न थप ४६३,००० हेक्टर, र अन्तर-वेसिन जल स्थानान्तरण आयोजनाबाट १७३,००० हेक्टर कृषि क्षेत्र सिंचाइ गर्ने।
४. सन् २०३० सम्म तराईमा २० वटा स्वचालित भूमिगत जल अनुगमन केन्द्र स्थापना गर्ने।

**(ख) वन, जैविक विविधता तथा जलाधार संरक्षण**

१. सन् २०३५ सम्म प्रति वर्ष कम्तिमा ५ हजार हेक्टरका दरले कृषि-वन प्रणाली स्थापना गर्ने।
२. सन् २०३० सम्म १०० वटा समुदायले व्यवस्थापन गरेको वनमा दिगो वन पैदावार कटान तथा “खाद्यान्नको लागि वन कार्यक्रम” मार्फत उच्च मूल्यका वन पैदावारको उत्पादन ५० प्रतिशतले वृद्धि गर्दै दिगो वनमा-आधारित जीविकोपार्जन प्रवर्द्धन गर्ने।
३. सन् २०३५ सम्म विज्ञान, प्रविधि तथा स्थानीयतहका जलवायु अनुकूलन पहलकदमीमार्फत उप-जलाधार क्षेत्रमा पानीको उपलब्धता ५० प्रतिशतले वृद्धि गर्ने, ५० प्रतिशत जलाधारको संरक्षण र पुनर्स्थापना गर्ने, तथा नदी किनारा कटान र बाढीको जोखिम ६० प्रतिशतले घटाउने।

**(ग) जलस्रोत तथा ऊर्जा**

१. सन् २०३० सम्म बहु-उपयोग जल योजना (स्किम) प्रवर्द्धन गर्न २०० वटा वर्षाको जल संरक्षण जलाशय र १,००० वटा पानी-मुहान संरक्षण योजना कार्यान्वयन गर्ने।
२. सन् २०३५ सम्म लैङ्गिक समानता, अपाङ्ग, र सामाजिक समावेशीता (जेड्सी) समेत गरी जलस्रोत र सिंचाइ क्षेत्रका २०० प्राविधिक कर्मचारीलाई जलवायु अनुकूलनसम्बन्धी प्राविधिक तालिम दिने।
३. सन् २०३५ सम्म चुरे क्षेत्रका १६४ नदी प्रणालीको एकीकृत व्यवस्थापनमार्फत २० जिल्लामा जलाधारको स्वास्थ्य सुधार गर्ने। ४ वटा नदी वेसिन र १० वटा स्वतन्त्र वेसिनको लागि दिगो

व्यवस्थापन र संरक्षण योजनाहरु तयार गरी ३ वटा नदी वेसिनमा कार्यान्वयन गर्ने। ६० वटा नदी प्रणालीमा एकीकृत जलस्रोत व्यवस्थापन लागू गर्ने।

४. सन् २०३० भित्र स्वचालित मौसम तथा जल विज्ञानसम्बन्धी केन्द्रको स्तरोन्नती गर्ने र ३ हजार मिटर माथिको उचाइमा २० प्रतिशत हुने गरी ५०० वटा केन्द्र स्थापना तथा विस्तार गर्ने।

**(घ) ग्रामीण तथा शहरी वस्ती**

१. सन् २०३० सम्म ७ वटा नगरपालिकाका पूर्वाधार र सुशासनमा शहरी उत्थानशीलता र जीवनयापनसम्बन्धी सुधारका पक्षहरु एकीकृत गर्ने ।

२. सन् २०३५ सम्म जलवायु-उत्थानशीलता सुनिश्चित गर्न भवन पूर्वाधार निर्देशिका र संहिता अध्यावधिक गर्ने ।

**(ङ) उद्योग, यातायात र भौतिक पूर्वाधार**

१. सन् २०३० सम्म नियमावली संशोधन गरी यातायातका पूर्वाधार आयोजनाहरुमा जलवायु-उत्थानशीलताका पक्ष र प्रमुख राजमार्गहरुमा पूर्व चेतावनी प्रणाली समावेश गर्ने ।

**(च) पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा**

१. सन् २०३५ सम्म जलवायु परिवर्तनको प्रभावलाई ध्यानमा राखी नेपालको विश्व सम्पदा स्थलहरुमा ऐतिहाँसिक, सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षण गर्ने ।

**(छ) स्वास्थ्य, खानेपानी तथा सरसफाइ**

१. सन् २०३५ सम्म पानी मुहान संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापनबाट ८० प्रतिशत जनसङ्ख्या लाभान्वित हुने ।

२. सन् २०३० र २०३५ भित्र जलवायु सङ्कटासन्न घरधुरी, समुदाय र प्रणालीको आधारमा स्थानीय तहका क्रमशः ३ र ५ हजार जलवायु-उत्थानशील वास प्रणालीको विकास गर्ने। सबै स्थानीय तहमा जलवायु-उत्थानशील वास योजना तर्जुमा गर्ने।

३. सन् २०३५ सम्म ५ लाख घरधुरीमा वर्षाको पानी सङ्कलन गर्ने। ५० स्थानमा वास्तविक समयमा भूमिगत जल अनुगमन र पूर्व चेतावनी प्रणाली स्थापना गर्ने। पानी कम भएको १५ स्थानमा व्यवस्थित जलभण्डार (अक्यूफर) पुनर्भरण कार्य सञ्चालन गर्ने।

४. सन् २०३० भित्र १३४ सेन्टिनेल स्थलहरु र सन् २०३५ भित्र सबै पालिकाहरुमा जलवायु-सम्बेदनशील रोग निगरानी सुविधा सुदृढ र विस्तार गर्ने।

५. सन् २०३० र २०३५ भित्र क्रमशः ५०० र ५,००० स्वास्थ्य व्यावसायीलाई जलवायु परिवर्तन र स्वास्थ्य सम्बन्धी तालिम दिने।

६. सन् २०३० सम्म क्रमशः १ राष्ट्रिय र ३ वटा प्रदेश तहमा र सन् २०३५ सम्म २ राष्ट्रिय र ७ वटा प्रदेश तहमा जोखिम, सङ्कटासन्नता तथा अनुकूलन मूल्याङ्कन गर्ने। सन् २०३० सम्म स्वास्थ्य-राष्ट्रिय अनुकूलन योजना अध्यावधिक गर्ने।
७. वायु प्रदूषणबाट हुने रोग सन् २०३० र २०३५ भित्र क्रमशः प्रति लाख ७७ र ६० जनामा घटाउने।

**(ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन**

१. सन् २०३० सम्म अन्तर-आवद्धता सुनिश्चित गर्दै ७ वटै प्रदेश र प्रमुख नदी वेसिनहरु समेटिने गरी थप ३० वटा बहु—प्रकोपसम्बन्धी पूर्व चेतावनी प्रणालीको स्थापना र सञ्चालन गर्ने।
२. सन् २०३० र २०३५ भित्र क्रमशः ४ वटा र थप ४ वटा हिमतालमा पानीको बहाव नियमन गरी हिमताल फुटेर हुने बाढी (ग्लफ) को असर घटाउने।
३. सन् २०३० र २०३५ भित्र क्रमशः ६ वटा र थप ४ वटा हिमतालमा पूर्व चेतावनी प्रणाली स्थापना गर्ने।
४. सन् २०३० भित्र ग्लफ प्रकोपको नक्साङ्कन गरी ६ वटा र सन् २०३५ भित्र थप ४ वटा हिमतालमा वास्तविक समयमा अनुगमन कार्य सञ्चालन गर्ने।

**(झ) सचेतना अभिवृद्धि तथा क्षमता विकास**

१. विद्यालयको क्षमता सुदृढ गर्न सन् २०३० र २०३५ सम्म क्रमशः २ हजार र ४ हजार जलवायु परिवर्तन अनुकूलन स्रोत व्यक्ति परिचालन गर्ने ।
२. सन् २०३५ सम्म ५० प्रतिशत विद्यालयहरु जलवायु-स्मार्ट हुने ।
३. सन् २०३० सम्म प्रत्येक प्रदेशमा १, १ गरी ७ वटा जलवायु परिवर्तन-सिर्जित हानी तथा नोक्सानीसम्बन्धी अनुसन्धान आयोजनाहरु सञ्चालन गर्ने । सन् २०३५ सम्म सबै ७५३ स्थानीय तहमा हानी तथा नोक्सानी वा अनुकुलन वा न्यूनीकरणबाट हुने लाभ सम्बन्धमा कम्तिमा एक अनुसन्धान आयोजना सञ्चालन गर्ने।

## २.४. अन्तर-विषयगत लक्ष्यहरु

यी लक्ष्यहरु अन्तर्गत हानी तथा नोक्सानी, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीता, न्यायिक सङ्क्रमण तथा मानव अधिकारलाई राखिएको छ। ९ वटा लक्ष्यहरु भएको हानी तथा नोक्सानीसम्बन्धी कार्यहरू कार्यान्वयनका लागि २० वटा क्रियाकलापहरू र २० वटै मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू छनौट भएका छन् (तालिका २.४)। यो योजनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीतासम्बन्धी ९ वटा लक्ष्यहरु, ५८ वटा क्रियाकलापहरू र ५८ वटै मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू रहेका छन् (तालिका २.५)। यसैगरी न्यायिक

सङ्क्रमणसम्बन्धी ३ वटा लक्ष्यको लागि ६, ६ वटा क्रियाकलापहरू र मापन, रिपोर्टिङ्ग तथा प्रमाणीकरणका सूचकहरू राखिएका छन् (तालिका २.६)। यी ३ वटा अन्तर-विषयगत क्षेत्रका लक्ष्यहरू, सूचकको रूपमा तल दिइएको छ।

**(क) हानी तथा नोक्सानी**

१. हानी र नोक्सानीसम्बन्धी व्यापक रुपमा सूचना सङ्कलन, व्यवस्थापन, अभिलेख, सूचना आदान-प्रदान, पहूँच तथा रिपोर्टिङ्ग सुनिश्चित गर्न लैङ्गिक, अपाङ्ग तथा अन्य पक्षको वर्गीकृत तथ्याङ्कको लागि सङ्घीय एकीकृत ढाँचाको तर्जुमा र कार्यान्वयन गर्ने।
२. गैर आर्थिक र प्रकोप विशेषको हानी र नोक्सानी समेत समेटिने गरी जलवायु परिवर्तनजन्य हानी र नोक्सानी सम्बन्धी राष्ट्रिय खाकालाई व्यापक बनाउने।

**(ख) लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समाबेशीता**

१. सन् २०३० सम्म बजेट विनियोजन, अनुगमन संयन्त्र तथा संस्थागत संयन्त्रलाई सुधार गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीता (जेसी) तथा जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। तालिम प्राप्त जनशक्ति र यथेष्ठ स्रोतको व्यवस्था सहित लैङ्गिक समानता, अपाङ्ग एवम् सामाजिक समावेशीता (जेड्सी) इकाइ तथा केन्द्र विन्दुलाई संस्थागत गर्ने। जलवायु केन्द्र विन्दुको क्षमता विकास गर्दा यूवा तथा कम प्रतिनिधित्व हुने समूहसमेत जेड्सी विश्लेषण र एकीकृत गर्ने।
२. सन् २०३० सम्म स्थानीय तहले जलवायु-उत्थानशील, र जेड्सी उत्तरदायी जलवायु अनुकूलन योजना (लापा) तर्जुमा तथा कार्यान्वयन गर्ने।
३. सन् २०३० सम्म जलवायु सशक्तिकरण, तथा जलवायु परिवर्तनसम्बन्धी महासन्धि अन्तर्गतको लिमा लैङ्गिक कार्यक्रमलाई नीतिमा एकीकृत गर्ने।

**(ग) न्यायिक सङ्क्रमण तथा मानव अधिकार**

१. क्षेत्रगत न्यायिक सङ्क्रमण प्रभाव मूल्याङ्कन गर्ने।
२. न्यायिक सङ्क्रमण कार्यान्वयन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने।
३. न्यायिक सङ्क्रमणसम्बन्धी नीति तथा नियमन खाका तर्जुमा तथा कार्यान्वयन गर्ने।

तेस्रो एनडिसी र यस्को कार्यान्वयन योजनामा रहेका कूल लक्ष्यहरू तथा क्रियाकलापहरु लगायत मापन, रिपोर्टिङ्ग र प्रमाणीकरणको सूचकहरू क्रमशः १५३, ५९५ र ६४६ रहेको छ। सन् २०३५ सम्म कार्यान्वयन गर्न प्रस्ताव भएका ५९५ वटा क्रियाकलापहरुको कार्यान्वयनको लागि कूल अमेरिकी डलर ११५ विलियन लाग्ने अनुमान गरिएको छ ।

........

# तालिका २.१ हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणका लागि कार्यान्वयन योजना

| लक्ष्य निर्धारित वर्ष | तेस्रो एनडिसीका उत्सर्जन न्यूनीकरणका लागि परिमाणात्मक लक्ष्यहरु | क्रियाकलापहरु | मापन, प्रतिवेदन र प्रमाणीकरणका सूचक | कार्यान्वयनका लागि प्रमुख सरकारी निकाय तथा अन्य निकायहरु | कार्यान्वयनका लागि समयरेखा (इस्वी सन्मा) | अनुमानित लागत (अमेरिकी डलर, मिलियनमा) |
|---|---|---|---|---|---|---|
| १. उर्जा | | | | | | |
| | | | (क) विद्युत उत्पादन तथा वितरण | | | |
| २०३०, २०३५ | नविकरणीय विद्युत उत्पादन क्षमता सन् २०३० भित्र १४,००१ मेगावाट र सन् २०३५ भित्र २८,५०० मेगावाट पुर्‍याउने । लघु तथा साना जलविद्युत, सौर्य, वायु र (जैविक) बायो-ऊर्जाको योगदान सन् २०३० र २०३५ सम्ममा सम्म १० र १५ प्रतिशत पुर्‍याउने। | नदी प्रवाहमा (रन-अफ) निर्भर, पिकिङ्ग रन-अफ, तथा जलायशययुक्त आयोजनाहरु मिश्रित उपयुक्त जलविद्युत आयोजना विकास गर्ने । | सन् २०३० भित्र १४,००१ मेगावाट नविकरणीय विद्युत उत्पादनको लागि आवश्यक सुविधाको स्थापना भएको हुने। | लगानी बोर्ड, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग तथा नेपाल विद्युत प्राधिकरण, इपान, अन्य निजी संस्थाहरु | २०२६-२०३० | ३२,५०० (८,४५० विना शर्त र २४,०५० सशर्त) |
| | | मिश्रित उत्पादनमा आधारित उपयुक्त (रन-अफ-द-रिभर, पिकिङ्ग रन-अफ-द-रिभर, र जलायशययुक्त सहितका) जलविद्युत प्लान्टहरु विकास गर्ने । | विद्युत उत्पादनको परिमाणमा वृद्धि भएको हुने। | लगानी बोर्ड, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग तथा नेपाल विद्युत प्राधिकरण, इपान तथा अन्य निजी संस्थाहरु | २०२६-२०३५ | |
| | | ऊर्जा उत्पादन, प्रसारण, वितरण तथा व्यापारका लागि निजी क्षेत्रलाई | निर्देशिकाको स्वीकृति र कार्यान्वयनका साथै एक द्वार सेवा केन्द्रको | लगानी बोर्ड, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास | २०२७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | द्रुतमार्गमार्फत स्वीकृति प्रदान गर्न आवश्यक निर्देशिका तयार र कार्यान्वयन गर्ने। | स्थापना र सञ्चालन भएको हुने। | विभाग तथा नेपाल विद्युत प्राधिकरण, इपान तथा अन्य निजी संस्थाहरु | | |
| | | ऊर्जा उत्पादन क्षेत्रको जोखिम न्यूनीकरणका लागि ग्लफ पूर्व चेतावनी प्रणाली स्थापना गर्ने तथा विद्यमान प्रणालीलाई सुदृढ गर्ने। | ऊर्जा उत्पादन क्षेत्र र सम्भावित ग्लफ क्षेत्रमा गुणस्तरयुक्त कम्तिमा १०० वटा पूर्व चेतावनी प्रणालीहरू स्थापना र सञ्चालनमा आएका हुने । | जलस्रोत तथा सिंचाइ मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, नेपाल विद्युत प्राधिकरण, इपान तथा स्थानीय तह | २०२६-२०३५ | |
| | | | सन् २०३५ भित्र २८,५०० मेगावाट नविकरणीय विद्युत् उत्पादनका लागि आवश्यक सुविधाहरू स्थापना भएको हुने। | लगानी बोर्ड, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, इपान तथा स्थानीय तह | २०३१-२०३५ | |
| | | साना तथा लघु जलविद्युत्, सौर्य, वायु तथा जैविक ऊर्जाका आयोजनाको विकास र स्थापना गर्ने। | सन् २०३० र २०३५ भित्र विद्यमान ऊर्जाको क्रमशः १० र १५ प्रतिशत साना तथा लघु जलविद्युत, सौर्य तथा वायु ऊर्जा र जैविक ऊर्जाबाट विस्थापन भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण एवम् वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, इपान तथा स्थानीय तह | २०२६-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत प्रशारण तथा वितरण प्रणालीको विस्तार तथा स्तरोन्नती गर्ने । | सन् २०३५ सम्म १७,४४६ सर्किट कि.मि. लामो प्रशारण तथा वितरण लाइनमार्फत विद्युत् प्रशारण सुनिश्चित भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण एवम् वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, प्रदेश र स्थानीय तह | २०२६-२०३५ | |
| | | निजी क्षेत्रबाट उत्पादन, प्रशारण, वितरण तथा व्यापार हुने ऊर्जाका लागि चुस्त प्रक्रियाबाट निर्देशिका तयार गरी स्वीकृत गर्ने। | सन् २०३० सम्म स्वीकृत निर्देशिकाको कार्यान्वयनमार्फत जलविद्युत् आयोजनाहरू छिटो निर्माण र सञ्चालनमा आएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०२६-२०३५ | |
| | | ऊर्जा बजारलाई नियमन गर्न नीति तथा कानून बनाउने। | विद्युत, जलस्रोत तथा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतासम्बन्धी ३ विधेयक स्वीकृत एवम् लागू भएको हुने। | संसद, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, जल तथा ऊर्जा आयोगको सचिवालय, र अन्य सम्बन्धित मन्त्रालय, स्थानीय तह | २०३१-२०३५ | |
| | | ग्रिडमा जोडिने र वितरण हुने मापनयोग्य नविकरणीय ऊर्जा उत्पादन प्लान्ट (लघु र साना जलविद्युत, सौर्य, वायु र | १,४०० मेगावाट क्षमताको मापनयोग्य नविकरणीय ऊर्जा उत्पादन तथा वितरण भएको हुने। | नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, र निजी क्षेत्र | २०२६-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जैविक ऊर्जा) को विकास गर्ने। | | | | |
| | | सन् २०३० सम्म विभिन्न क्षमताका लघु तथा साना जलविद्युत र सौर्य ऊर्जा उत्पादन प्लान्टहरु स्थापना र सञ्चालन गर्ने । | लघु र साना जलविद्युत आयोजना र सौर्य प्लान्टबाट क्रमश १०० र २०० मेगावाट ऊर्जा उत्पादन भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा सम्बन्धित स्थानीय तह | २०२६-२०३० | |
| | | सन् २०३५ सम्म विभिन्न क्षमताका लघु तथा साना जलविद्युत र सौर्य ऊर्जा उत्पादन प्लान्टहरु स्थापना र सञ्चालन गर्ने । | लघु तथा साना जलविद्युत् र सौर्य प्लान्टबाट क्रमशः १०० र ३०० मेगावाट ऊर्जा उत्पादन गरी वितरण भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा सम्बन्धित स्थानीय तह | २०३१-२०३५ | |
| | | नविकरणीय ऊर्जाको विकास, व्यवस्थापन तथा मर्मत-सम्भारमा स्थानीय सरकार र स्थानीय समुदायको संलग्नता बढाउने। | सन् २०३० सम्म उत्पादन र परिचालनमा आएको नविकरणीय ऊर्जाको स्वामित्व प्रवर्द्धन गर्न निर्देशिका तयार गरी स्वीकृत र लागू भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा सम्बन्धित स्थानीय तह | २०३१-२०३५ | |
| | | ऊर्जा दक्षता सहित पालिकास्तरको ऊर्जा योजना तर्जुमा गर्न निर्देशिका बनाउने । | सन् २०३० सम्म कम्तिमा ३०० पालिकामा ऊर्जा योजना | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | २०२६-२०३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तर्जुमा भई कार्यारम्भ भएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सम्बन्धित स्थानीय तह | | |
| २०३०, २०३५ | विद्युत प्रशारण र वितरण लाइन तथा उप-केन्द्रको क्षमता स्तरोन्नती गर्दा विद्युत प्रशारण र वितरणको पूर्ण प्रणालीबाट हुने चुहावट सन् २०३० भित्र ११.५ प्रतिशत र सन् २०३५ भित्र १०.५ प्रतिशतमा घटाउने। | स्थान विशेषमा विद्युत चुहावटका वस्तुगत कारण पहिचान गर्ने र चुहावटसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | पहिचान भएका विद्युत चुहावटका प्रमुख कारणहरु सम्बोधन गरी चुहावट सन् २०३० मा ११.५० प्रतिशत र सन् २०३५ मा १०.५० प्रतिशतमा घटेको हुने। | नेपाल विद्युत प्राधिकरण, स्थानीय तह, र निजी संस्था | २०२६-२०३० | ४,७५० (१,०३० विना शर्त र ३,७२० सशर्त) |
| | | उच्च माग भएका प्रमुख शहरी क्षेत्रहरुका ग्याँस इन्सुलेटेड उप-केन्द्रको स्तरोन्नती गर्ने । | प्रमुख शहरी क्षेत्रहरुमा ५ वटा ग्याँस इन्सुलेटेड उप-केन्द्रको स्तरोन्तती भएका हुने र सन् २०३५ भित्र विद्युत चुहावटमा १ प्रतिशत कमी आएको हुने। | नेपाल विद्युत प्राधिकरण, र स्थानीय तह | २०२६-२०३० | |
| | | उच्च क्षमताको विद्युत प्रसारण लाइनको विस्तार गर्ने। | सन् २०३० सम्म २०० कि.मि. लामो ४०० के.भी. को विद्युत प्रशारण लाइन निर्माण भई विद्युत प्रसारण भएको हुने। | नेपाल विद्युत प्राधिकरण, प्रदेशका विषयगत मन्त्रालय, र स्थानीय तह | २०२६-२०३० | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अडिट निर्देशिका तर्जुमा गरी विद्युत वितरण प्रणाली र सुरक्षाको बेग्ला-बेग्लै परीक्षण (अडिट) गर्ने । | सञ्चालनमा आएका कम्तिमा ५ वटा उच्च क्षमताका विद्युत वितरण प्रणाली र सुरक्षाको बेग्ला-बेग्लै परीक्षण भएको हुने। | नेपाल विद्युत प्राधिकरण, अडिट निकाय, तथा स्वतन्त्र परीक्षक | २०३१-२०३५ | |
| | | विद्युत चुहावट बढी हुने क्षेत्रमा न्यून गर्ने प्रामाणिक उपायहरुको कार्यान्वयन विस्तार गर्ने। | प्रामाणिक उपायहरुको प्रभावकारी कार्यान्वयन बाट १ प्रतिशतले चुहावट घटेको हुने। | नेपाल विद्युत प्राधिकरण, र स्थानीय तह | २०३१-२०३५ | |
| | | ट्रान्सफर्मरको क्षमता बढाई एवम् भोल्टेज स्थीर राखी विद्युत आपूर्तिमा विश्वसनीयता बढाउने। | स्थीर भोल्टेजको विद्युत प्रवाह नियमित बनाई विद्युत आपूर्तिमा कम्तिमा ५० प्रतिशतले सुधार भएको हुने। | विद्युत प्राधिकरण | २०२६-२०३५ | |
| **जम्मा** | २ | **१९** | **२०** | | **३७,२५०** (२७,७७० सशर्त) | |
| | | | **(ख) खाना पकाउने तथा तताउने** | | | |
| २०३५ | खाना पकाउनका लागि बिद्युतीय चुल्होको प्रयोग २१ लाख घर परिवार र थप १५ हजार संस्था र फर्ममा विस्तार गर्ने । | घर एवम् संस्थामा वायरिङ्ग र पूर्वाधारको क्षमता स्तरोन्नती गरी खाना पकाउन विद्युतीय चुल्होको वितरण र विक्री गर्ने। | २१ लाख घर परिवारमा खाना पकाउन विद्युतीय चूल्होको प्रयोग भएको हुने। | जल तथा ऊर्जा आयोगको सचिवालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, प्रदेश तथा स्थानीय तह | २०३१-२०३५ | १३४.४४ (८.१४ विना शर्त र १२६.३ सशर्त) |
| | | | १५ हजार संस्था र फर्ममा खाना पकाउन | सम्बन्धित संस्था र फर्म वा निजी क्षेत्र | २०३१-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्युतीय चूल्होको प्रयोग भएको हुने। | | | |
| | | विद्युतीय चुल्होबाट खाना पकाउँदा सुरक्षासम्बन्धी निर्देशिकाको पालना गर्न सचेतना तथा क्षमता विकासका कार्यहरु सञ्चालन गर्ने। | तालिम पाठ्क्रममा सुरक्षाका विषय एकीकृत गरी वार्षिक २०० जनालाई तालिम दिने र सचेतना अभिवृद्धि गर्न वार्षिक १२ वटा अभियान सञ्चालन भएको हुने। | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सिटिइभिटी, तथा स्थानीय तह | २०२६-२०३५ | |
| | | | चुल्होको नियमित मर्मत-सम्भारका लागि सबै ७५३ र स्थानीय तहमा कम्तिमा ५ वटा मर्मत-सम्भार केन्द्रको स्थापना भई सञ्चालन भएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सिटिइभिटी, तथा स्थानीय तह | २०२६-२०३५ | |
| | | शहरी क्षेत्रमा उच्च क्षमताको खाना पकाउने विद्युतीय उपकरणको प्रयोगकर्तालाई सहुलियत प्रदान गर्ने। | शहरी क्षेत्रमा खाना पकाउन उच्च क्षमताको विद्युतीय उपकरण प्रयोगकर्तालाई विद्युत उपयोगमा १० प्रतिशत सहुलियत प्रदान भएको हुने। | अर्थ मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, स्थानीय तह, स्थानीय तह | २०३१-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ग्रामीण क्षेत्रमा कम क्षमताको विद्युतीय खाना पकाउने उपकरणको प्रयोगकर्तालाई सहुलियत प्रदान गर्ने। | ग्रामीण क्षेत्रमा खाना पकाउन न्यून क्षमताको विद्युतीय उपकरण प्रयोगकर्तालाई विद्युत उपयोगमा २० प्रतिशत सहुलियत प्रदान भएको हुने। | अर्थ मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, तथा स्थानीय तह | २०३१-२०३५ | |
| | | विद्युतीय उपकरण प्रयोगगरी खाना पकाउने गरिबीको रेखामूनिका प्रयोगकर्तालाई विद्युत शुल्कमा अनुदान दिने। | विद्युतबाट खाना पकाउने घरधुरीलाई विद्युत शुल्कमा १० प्रतिशत अनुदान दिएको हुने। | नेपाल विद्युत प्राधिकरण तथा स्थानीय तह | २०३१-२०३५ | |
| | | दूर्गम क्षेत्रमा बसोबास गर्ने, महिला प्रमुख भएको घरपरिवार, समाजबाट बहिष्कृत र सिमान्तकृत समुदायलाई विद्युत् प्रयोग गरेर खाना पकाउने कार्य प्रवर्द्धन गर्न वित्तीय संयन्त्र विकास गर्ने। | दूर्गम क्षेत्रका असहाय तर विद्युतमा खाना पकाउने परिवारलाई अनुदान वा सहुलियत दिनका लागि वित्तीय संयन्त्रको व्यवस्था गरी सञ्चालन तथा नियमित अनुगमन भएको हुने। | नेपाल विद्युत प्राधिकरण, स्थानीय तह तथा महिला समूह | २०३१-२०३५ | |
| | | खाना पकाउने उपकरण आपूर्ति र बिक्रीपछि सेवा प्रदान गर्ने कार्य प्रवर्द्धन गर्न प्राविधिक सहयोग गर्ने। | प्राविधिक सहयोग प्रदान गर्न स्वीकृत कार्यविधि लागू गरी वार्षिक कम्तिमा १००० घर | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सिटिइभिटी तथा निजी क्षेत्रका सेवा प्रदायक | २०२८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | परिवारलाई सेवा दिएको हुने। | | | |
| | | ५ एम्पायर क्षमता भएका घरधुरीलाई १५ एम्पायरमा स्तरोन्नती गर्ने एवम् विद्युतीय उपकरणका लागि मापदण्ड निर्धारण गर्ने । | वार्षिक २,००० घरधुरीले ५ बाट १५ एम्पायरमा स्तरोन्नती गरेको हुने । | नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, स्थानीय तह | २०३१-२०३५ | |
| | | | विद्युतीय उपकरण सम्बन्धी मापदण्ड निर्धारण तथा लागू भएको हुने। | नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, तथा स्थानीय तह | २०३१-२०३५ | |
| | | घरेलु विद्युतीय उपकरणका लागि मानकीकृत लेवलिंग निर्धारण गरी कार्यान्वयन गर्ने। | मानक र स्तर निर्धारण लागू भएका घरेलु विद्युतीय उपकरणहरूको प्रयोगमा तिव्रता आएको हुने। | नेपाल विद्युत प्राधिकरण, नेपाल गुणस्तर तथा नापतौल विभाग, नवीकरणीय ऊर्जा परीक्षाण (टेष्ट) केन्द्र, तथा स्थानीय तह | २०३१-२०३५ | |
| | | स्थानीय सरकारले खाना पकाउने उपकरणको प्रकारवारे तथ्याङ्क सङ्कलन गरी अभिलेख राख्ने । | खाना पकाउने उपकरणको प्रकारगत वार्षिक तथ्याङ्क प्रकाशन/उपलब्ध भएको हुने। | सम्बन्धित स्थानीय तह र सरोकारवालाहरु | २०३१-२०३५ | |
| | | आवश्यकता र तयारीको आधारमा लक्षित विद्यालयको पहिचान गरी विद्युतीय खाना पकाउने | सन् २०३० भित्र लक्षित विद्यालयमा विद्युतीय चुल्हो वा सुधारिएको चुल्होको | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, | २०२६-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चुल्होको प्रयोगमा विद्यालयलाई प्राथमिकता दिने। | साथै खाना पकाउने उपकरण जडान र सञ्चालन भएको हुने। | समाज कल्याण परिषद्, प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, स्थानीय तह र विद्यालयहरु। | | |
| | | सुरक्षित र प्रभावकारी प्रयोग सुनिश्चित गर्दै विद्युतीय खाना पकाउने चुल्हो वा सुधारिएको चुल्हो र यथेष्ठ पकाउने उपकरणको प्रवर्द्धन गर्ने। | कक्षा ८ देखि १० का विद्यार्थी र शिक्षकको सहभागितामा विद्युतीय चुल्हो वा सुधारिएको चुल्होको उचित प्रयोग र मर्मत-सम्भार भएको हुने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, सिटिइभिटी, स्थानीय तह र विद्यालयहरु। | २०२६-२०३५ | |
| | | विद्युतीय चुल्हो वा सुधारिएको खाना पकाउने चुल्होको दैनिक सञ्चालन, नियमित मर्मत-सम्भार, खर्च-लाभ एवम् सुरक्षाका उपायहरुवारेमा विद्यालयका कर्मचारी, विद्यार्थी र चुल्हो प्रयोगकर्तालाई सचेतना र तालिमको व्यवस्था गर्ने र स्थानीय भाषामा सजिलै बुझ्ने खालको दिग्दर्शनको विकास र वितरण गर्ने। | प्राविधिक समस्या नझेली एवम् दिग्दर्शन बमोजिम विद्युतीय चुल्हो वा सुधारिएको चुल्होको निरन्तर प्रयोग गर्ने लक्षित विद्यालयको संख्या वृद्धि भएको हुने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, बैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र, स्थानीय तह र विद्यालयहरु। | २०२६-२०३५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चुल्होको अधिकतम दक्षता, दिगो प्रयोग, ग्रहण दर, पृष्ठपोषण तथा प्राविधिक समस्या समाधानसम्बन्धी जानकारी उपलब्ध गराई आवधिक सर्भेक्षण र स्थलगत भ्रमणसहितको अनुगमन तथा मूल्याङ्कन खाका विकास गरी कार्यान्वयन गर्ने। | आवधिक सर्भेक्षण तथा स्थलगत भ्रमणसहितको अनुगमन तथा मूल्याङ्कन खाकाको प्रयोगमा वृद्धि भएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, स्थानीय तह र विद्यालयहरु । | २०२६-२०३५ | |
| २०३०, २०३५ | सुधारिएको खाना पकाउने चुल्होको प्रयोग सन् २०३० भित्र ७ लाख ५० हजार घरधुरी र सन् २०३५ भित्र १० लाख घरधुरीमा विस्तार गर्ने । | सुधारिएको चुल्हो निर्माण गर्न सहयोगी हुने दिग्दर्शन तर्जुमा एवम् प्रकाशन गर्ने। | स्वीकृत दिग्दर्शनको प्रयोग भएको हुने। | ऊर्जा, जलस्रोत तथा आपूर्ति मन्त्रालय र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, र स्थानीय तह | २०२६-२०२७ | ४२.९२ (७.३८ विना शर्त र ३५.५४ सशर्त) |
| | | सुधारिएको चुल्होको निर्माण, वितरण तथा प्रयोगलाई प्रवर्द्धन गर्ने। | सन् २०३० सम्म ७ लाख ५० हजार घरधुरीले सुधारिएको चुल्होको प्रयोग गरेको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, स्थानीय तह, र निजी क्षेत्र | २०२६-२०३० | |
| | | | सन् २०३५ सम्म १० लाख घरधुरीले सुधारिएको चुल्होको प्रयोग गरेको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, स्थानीय तह, र निजी क्षेत्र | २०३१-२०३५ | |
| २०३०, २०३५ | उच्च पहाडी क्षेत्रमा खासगरी तताउनको | धातुबाट निर्मित सुधारिएको चुल्होको निर्माण, वितरण | सन् २०३० भित्र ४८ हजार ६८ घरधुरीमा | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, अन्य सरकारी | २०२६-२०३० | ७.४६ |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लागि धातुबाट निर्मित सुधारिएको चुल्होको प्रयोग सन् २०३० भित्र ४८ हजार ६८ घरधुरी र सन् २०३५ भित्र १ लाख घरधुरीमा विस्तार गर्ने। | तथा प्रयोगलाई प्रवर्द्धन गर्ने। | धातुबाट निर्माण भएको सुधारिएको चुल्होको प्रयोग भएको हुने। | निकाय, स्थानीय तह, र निजी क्षेत्र | | (२.७३ विना शर्त र ४.७३ सशर्त) |
| | | | सन् २०३५ भित्र १ लाख घरधुरीमा धातुबाट निर्माण भएको सुधारिएको चुल्होको प्रयोग भएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, स्थानीय तह, र निजी क्षेत्र | २०३१-२०३५ | |
| २०३०, २०३५ | घरमा खाना पकाउनका लागि वायोग्यासको प्रयोग सन् २०३० भित्र ५ लाख घरधुरीमा र सन् २०३५ भित्र ६ लाख ५२,७७० घरधुरीमा विस्तार गर्ने । | घरमा खाना पकाउन वायोग्यास प्लान्टको निर्माण, सञ्चालन तथा प्रयोगलाई प्रवर्द्धन गर्ने। | सन् २०३० भित्र ५ लाख घरधुरीमा वायोग्याँस प्लान्ट प्रयोग भएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, र स्थानीय तह | २०२६-२०३० | १३७.७६ (१५.० विना शर्त र १२२.७६ सशर्त) |
| | | | सन् २०३५ भित्र ६ लाख ५२,७७० घरधुरीले वायोग्याँस प्लान्टको प्रयोग गरेका हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, र स्थानीय तह | २०३१-२०३५ | |
| २०३०, २०३५ | ठूला खालका वायोग्याँस प्लान्टको संख्या सन् २०३० | संस्थागत प्रयोगको लागि १५ घनमिटर क्षमताका ठूला वायोग्याँस प्लान्ट | सन् २०३० भित्र ५५० वटा र २०३५ भित्र ७५० वटा ठूला | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र वैकल्पिक | २०२६-२०३५ | ४४.६५ (१३.४ विना शर्त र ३१.२५ सशर्त) |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्म ५५० युनिट र सन् २०३५ सम्म ७५० युनिट पुऱ्याउने। | निर्माण, प्रयोग तथा मर्मत—सम्भारको व्यवस्था गर्ने । | खालका नयाँ वायोग्याँस प्लान्ट निर्माण तथा प्रयोग भएका हुने। | ऊर्जा प्रवर्द्धन केन्द्र, र स्थानीय तह | | |
| | | | वायोग्याँस प्लान्ट मर्मत-सम्भार केन्द्रको स्थापना भई सञ्चालन भएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, र स्थानीय तह | २०२७ | |
| | | ठूला क्षमताका वायोग्यास प्लान्ट प्रवर्द्धन गर्न वित्तीय संयन्त्र विकास गर्ने । | आर्थिक सहयोग जुटाउन तथा स्रोतमा पहूच पुऱ्याउन वित्तीय संयन्त्रको विकास भएको हुने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | २०२६-२०२८ | |
| | | संस्थागत वायोग्यास प्लान्टका फिडस्टक आपूर्ति बढाउनको लागि व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्न प्राविधिक सहयोग प्रदान गर्ने। | व्यावसायिक पशुपालनको लागि संस्थागत रुपमा प्राविधिक सहयोग, अनुदान तथा सहुलियती ऋृण प्रदान गर्न संयन्त्रको विकास भएको हुने। | पशु सेवा विभाग, र स्थानीय तह | २०२६-२०३० | |
| | | उत्पादनको प्रयोग र व्यवसायिकरण गर्न तथा यसको लाभबारे व्यावसायिक प्रयोगकर्ताको सचेतना अभिवृद्धि गर्न | व्यवसायिकरण तथा प्राविधिक सहयोग सम्बन्धमा तर्जुमा भएको आन्तरिक कार्यविधिको प्रभावकारी | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, कृषि सेवा विभाग, र स्थानीय तह | २०३०-२०३२ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्राविधिक सहयोग प्रदान गर्ने। | रुपमा कार्यान्वयन भएको हुने। | | | |
| | | प्राङ्गारिक फीडस्टकको लागि नगरपालिकाको फोहोर सङ्कलन र वर्गीकरण गर्न प्राविधिक सहयोग गर्ने तथा प्रशोधन केन्द्र स्थापना गर्ने। | नगरपालिकामा सङ्कलित उपयुक्त फोहोर फीडस्टकको लागि प्रयोगमा आएको हुने। | सम्बन्धित स्थानीय तह, फीडस्टक उत्पादनकर्ता तथा निजी क्षेत्र | २०३१-२०३५ | |
| | | संस्थागत वायोग्याँस प्लान्ट निर्माण गर्दा बैङ्कको ऋणमा व्याज अनुदानको सुबिधा प्रदान गर्ने। | बैङ्कले कार्यविधि वनाई संस्थागत वायोग्याँस प्लान्ट निर्माणकर्तालाई ऋणको व्याजमा अनुदान दिने कार्य सञ्चालनमा आएको हुने। | अर्थ मन्त्रालय, तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र सम्बन्धित बैङ्क | २०२६-२०३५ | |
| | | संकुचित (कम्प्रेस्ड) प्राकृतिक ग्याँस र मलको लागि बजार विस्तार गर्ने। | विस्तारित बजारबाट ग्याँस वा मलको प्रयोगकर्तामा वृद्धि आएको हुने। | नेपाल आयल निगम, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा प्रदेशको विषयगत मन्त्रालय | २०२६-२०३० | |
| | | संकुचित प्राकृतिक ग्याँस सिलिण्डर, भण्डारण तथा वितरणको लागि सुरक्षा मापदण्डको निर्माण र कार्यान्वयन गर्ने। | संकुचित प्राकृतिक ग्याँसको उपयोग सम्बन्धमा सुरक्षा मापदण्ड पालना भएको हुने। | नेपाल आयल निगम तथा निजी क्षेत्र | २०२६-२०३० | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आन्तरिक दहन इन्जिन भएको अटोमोबाइललाई विद्युतीय ऊर्जा प्रयोगमा रुपान्तरण गर्न प्रवर्द्धन गर्ने। | विद्युतीय ऊर्जा प्रयोगमा रुपान्तरण गरेका सवारी साधनको संख्यामा निरन्तर वृद्धि भएको हुने। | यातायात व्यवस्था विभाग तथा रुपान्तरण गर्ने संस्था | २०३१-२०३५ | |
| | | अटोमोबाइलको रुपान्तरण सम्बन्धी मर्मत-सम्भार केन्द्र सुरु गरी क्षमता विकास गर्ने। | सबै महानगरपालिका र उप-महानगरपालिकामा कम्तिमा २, २ वटा मर्मत-सम्भार केन्द्र सञ्चालनमा रहेका हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, र सिटिइभिटी | २०३१-२०३५ | |
| | | प्राङ्गरिक मल प्रशोधन केन्द्रको स्थापना तथा उत्पादित ग्यााँस र प्राङ्गारिक मलको सुरक्षित उठान (अफटेक) सुनिश्चित गर्ने। | ग्यााँस र प्रांगारिक मलको स्वीकृत कार्यविधि कार्यान्वयनमा आएको हुने। | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल आयल निगम, र स्थानीय तह | २०३०-२०३५ | |
| **जम्मा** | **५** | **२९** | **३६** | | **३६७.२३** (३२०.५८ सशर्त) | |
| | | | **(ग) यातायात** | | | |
| २०३०, २०३५ | दुई पाङ्गे सहित ब्याट्रीबाट सञ्चालित निजी प्रयोगका विद्युतीय सवारी साधनको विक्री सन् २०३० सम्म ९० प्रतिशत र सन् | विद्युतीय सवारी साधनको विद्यमान करको प्रावधान यो योजना स्वीकृत भएको दिनदेखि ५ वर्षसम्म यथावत राखी विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने। | ब्याट्रिबाट सञ्चालित निजी प्रयोगका विद्युतीय सवारी साधनको विक्री सन् २०३० सम्म ९० प्रतिशत र सन् २०३५ सम्म ९५ प्रतिशत पुगेको हुने। | अर्थ मन्त्रालय, एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, र ती मन्त्रालय अन्तर्गतका विभाग र कार्यालयहरू | २०२६-२०३० | ९,२००.०० (सबै सशर्त) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २०३५ सम्म ९५ प्रतिशत पुऱ्याउने । साथै सार्वजनिक प्रयोगका सवारी साधनको विक्री सन् २०३० र २०३५ भित्र क्रमशः ७० र ९० प्रतिशत पुऱ्याउने। | | सार्वजनिक प्रयोगका विद्युतीय सवारी साधनको विक्री सन् २०३० भित्र ७० प्रतिशत र सन् २०३५ भित्र ९० प्रतिशत पुगेको हुने। | अर्थ मन्त्रालय, एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, र ती मन्त्रालय अन्तर्गतका विभाग र कार्यालयहरू | २०३१-२०३५ | |
| | | विद्युतीय सवारी साधनको आयात र विक्रीको छुट्टा-छुट्टै अध्यावधिक तथ्याङ्क सुनिश्चित गर्ने। | विद्युतीय सवारी साधनको आयात र विक्रीको अध्यावधिक बार्षिक अभिलेख प्रकाशन वा उपलब्ध भएको हुने । | अर्थ मन्त्रालय र अन्तर्गतका कार्यालयहरु, तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका कार्यालयहरु | २०२६-२०३५ | |
| | | गुणस्तर नियन्त्रण तथा मापदण्ड कायम गर्न सवारी साधन आयात, उत्पादन र निर्माण निर्देशिका (डाइरेक्टिभ), २०८२ स्वीकृत गरी कार्यान्वयन गर्ने। | सवारी साधन आयात, उत्पादन र निर्माण निर्देशिका, २०८२ लागू भएको हुने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका कार्यालयहरु | २०२६-२०२७ | |
| | | | सवारी साधनको उत्पादन, आयात र निर्माणको गुणस्तरमा वृद्धि भएको हुने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अन्तर्गतका कार्यालयहरु, सवारी साधन, उत्पादक तथा सेवा प्रदायक | २०२८-२०३५ | |
| २०३०, २०३५ | काठमाण्डौ उपत्यकाभित्र विद्युतीय | विद्युतीय सवारी साधन प्रवर्द्धन गर्न वित्तीय | वित्तीय प्रोत्साहन स्वीकृत निर्देशिकाको | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, | २०२६-२०२७ | १२,७५०.०० (सबै सशर्त) |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वस, ट्रली तथा हलुका रेलको एकीकृत प्रणालीको बिकाशका लागि सन् २०३० भित्र कम्तिमा ५० कि.मि र सन् २०३५ भित्र कम्तिमा १०० कि.मि. पूर्वाधारको निर्माण गरी सञ्चालन गर्ने। | प्रोत्साहन प्रदान गर्नका लागि आवश्यक निर्देशिकाको तर्जुमा एवम् कार्यान्वयन गर्ने। | कार्यान्वयन पश्चातः वित्तीय सहयोगमा वृद्धि भएको हुने। | अर्थ मन्त्रालय, यातायात व्यवस्था विभाग, प्रदेशको सम्बन्धित मन्त्रालय (काठमाण्डौ उपत्यकाभित्र स्थानीय तहसँग सहकार्य) | | |
| | | सरकारी प्रायोजनको लागि कूल वार्षिक खरिदको २० प्रतिशत विद्युतीय सवारी साधनको खरिद गर्न प्राथमिकता प्रदान गर्ने। | सरकारबाट विद्युतीय सवारी साधनको वार्षिक खरिद तथा प्रयोगमा वृद्धि भएको हुने। | अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयहरु | २०२६-२०३० | |
| | | विद्युतीय सवारी साधनको लागि विमा निर्देशिकाको व्यवस्था गर्ने। | स्वीकृत विमा निर्देशिका बमोजिम विमित विद्युतीय सवारी साधनको संख्या वृद्धि भएको हुने। | अर्थ मन्त्रालय र अन्तर्गतका कार्यालयहरु, यातायात विभाग र विमा संस्थान | २०२६-२०२७ | |
| | | शैक्षिक संस्थामा विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने । | विद्युतीय सवारी साधनको प्रयोग गर्ने शैक्षिक संस्थाको संख्या वृद्धि भएको हुने। | अर्थ मन्त्रालय तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका कार्यालय, सम्बन्धित शैक्षिक संस्था तथा स्थानीय तह | २०२६-२०३० | |
| | | विद्युतीय सवारी साधनको मर्मत-सम्भार सम्बन्धमा | मर्मत-सम्भारका लागि तालिम प्राप्त व्यक्तिको | सिटिइभिटीसँग सम्बन्धन प्राप्त शैक्षिक, | २०२६-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गुणास्तरीय तथा पहिलो वर्ष निःशुल्क व्यावसायिक तालिम दिने । | वार्षिक संख्या वृद्धि भएको हुने। | तालिम तथा अनुसन्धान संस्थाहरु (सार्वजनिक र निजी संस्थाहरू) | | |
| | | सार्वजनिक/सामुहिक यातायातका विद्युतीय सवारी साधनका लागि चार्जिङ्ग कम्प्लेक्स बनाउन जमीनको उपलब्धता सम्बन्धमा सम्भाव्यता मूल्याङ्कन गर्ने। | सम्भाव्यता अध्ययन प्रविदेन तयार भएको हुने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणा मन्त्रालय, नेपाल विद्युत प्राधिकरण, यातायात व्यवस्था विभाग, तथा स्थानीय तह | २०२६-२०२७ | |
| | | काठमाण्डौ उपत्यकाभित्र एकीकृत विद्युतीय वस, ट्रली तथा हलुका रेल प्रणालीको लागि पूर्व सम्भाव्यता अध्ययन गर्ने। | पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको हुने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग, प्रदेशको सम्बन्धित मन्त्रालय तथा काठमाण्डौ उपत्यकाभित्रका सबै स्थानीय तह | २०२६-२०२७ | |
| | | सन् २०३० भित्र ५० कि.मि. लामो एकीकृत प्रणालीको सडक निर्माण गर्ने। | काठमाण्डौं उपत्यका भित्र सवारी साधनलाई एकीकृत प्रणाली अन्तर्गत सञ्चालन गर्न ५० कि.मि. सडक निर्माण भएको हुने। | यातायात विभाग, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तह | २०२६-२०३० | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सन् २०३५ भित्र १०० कि.मि. लामो एकीकृत प्रणालीको सडक निर्माण गर्ने। | काठमाण्डौं उपत्यका भित्र सवारी साधन एकीकृत प्रणाली अन्तर्गत १०० कि.मि. सडक निर्माण भएको हुने। | यातायात विभाग, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तह | २०३१-२०३५ | |
| २०३०, २०३५ | सार्वजनिक आवागमन तथा सामग्री ढुवानीको लागि सन् २०३० भित्र २०० कि.मि. र सन् २०३५ भित्र ३०० कि.मि. विद्युतीय रेल सञ्जालका लागि आवश्यक पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने। | लक्ष्यको कार्यान्वयन सहजीकरण एवम् काठमाण्डौ उपत्यकाको पालिकाहरुको समन्वयका लागि सङ्घीय राजधानी सार्वजनिक यातायात प्राधिकरणको स्थापना गर्ने। | सङ्घीय राजधानी सार्वजनिक यातायात प्राधिकरणको स्थापना तथा सञ्चालन भएको हुने। | नेपाल सरकार, राटिय योजना आयोग, अर्थ मन्त्रालय, र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०२६-२०३० | ५,५५०.०० (सबै सशर्त) |
| | | काठमाण्डौ उपत्यकामा विद्युतीय मेट्रोको लागि विस्तृत आयोजना प्रतिवेदन[२] तयार गर्ने। | काठमाण्डौ उपत्यकामा विद्युतीय मेट्रोको लागि विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सम्बन्धित पालिकाहरु, तथा लक्षित समुदाय | २०२६-२०३० | |
| | | पूर्व-पश्चिम विद्युतीय रेलमार्ग यथासीघ्र निर्माण गर्ने। | ६८.६१ कि.मि. लामो पूर्व-पश्चिम विद्युतीय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, एवम् रेल विभाग | २०२६-२०३५ | |

[२] कार्यसूचीको तयारी, स्वीकृति एवम् परामर्शदाताको खरिद, मस्यौदा प्रतिवेदनवारेमा सरोकारवालाहरुसँग परामर्श तथा अन्तक्रियाहरु प्रतिवेदन तयारीका प्रक्रिया भएकाले सबै प्रकारका अध्ययन (पूर्व सम्भाव्यता र विस्तृत अध्ययन) का ती प्रक्रिया अभिन्न अङ्गको रुपमा लिई छुट्टै उप-क्रियाकलाप यहाँ उल्लेख भएको छैन। सम्बन्धित मन्त्रालयहरुले आवश्यकतानुसार आफैले प्रक्रिया तर्जुमा गरी कार्यान्वयन गर्नेछन्।

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रेलमार्ग निर्माण सम्पन्न भएको हुने । | | | |
| | | काठमाण्डौ-रक्सौल विद्युतीय रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन (अन्तिम स्थल सर्भेक्षण सहित) पूरा गर्ने। | काठमाण्डौ-रक्सौल विद्युतीय रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, एवम् रेल विभाग | २०२६-२०३० | |
| | | काठमाण्डौ-केरुङ्ग विद्युतीय रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने (पूर्व-सम्भाव्यता अध्ययन पुरा) | काठमाण्डौ-केरुङ्ग विद्युतीय रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको हुने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, एवम् रेल विभाग | २०२५-२०३० | |
| **जम्मा** | ३ | १७ | १९ | | **२७,५००** (सबै सशर्त) | |
| | | | **(घ) उद्योग** | | | |
| २०३५ | फलाम र स्टिल उद्योगले विद्युतमा आधारित भट्टीको प्रयोग विस्तार गर्ने। | सन् २०३० भित्र औद्योगिक व्यवसाय ऐन (२०७६) ले दिएको आयकर छूट लागू गर्ने। | आयकर छुटसम्बन्धी निर्देशिका तयार गरी वि.सं. २०२६ सम्म स्वीकृत भई कार्यान्वयन भएको हुने। | अर्थ मन्त्रालय, र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०२६ | १००.०० (सबै सशर्त) |
| | | फलाम र स्टिल उद्योगमा विद्युतीय भट्टी जडान गर्न प्रोत्साहन गर्ने। | विद्युतीय भट्टी जडान भएको फलाम र स्टिल उद्योगको सङ्ख्या वृद्धि भई सुचारु रुपमा सञ्चालन भएको हुने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र निजी क्षेत्र (सिमेन्ट उद्योगहरु) | २०२६-२०३५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०३५ | दुइवटा चुनढुङ्गामा आधारित सिमेन्ट उद्योगमा कोइलाको सट्टामा कूल इन्धन खपतको ३५ प्रतिशतसम्म जैविक ऊर्जा प्रयोग गर्ने । | गुणस्तर सुनिश्चित गर्दै वायो-ब्रिकेट उत्पादकहरुको क्षमता अभिवृद्धि गर्ने। | सिमेन्ट उद्योगमा जैविक ऊर्जाको प्रयोग सन् २०३५ सम्म ३५ प्रतिशत सम्म वृद्धि भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभाग, निजी क्षेत्र, सामदायिक वन, र कृषक समूह | २०३१-२०३५ | १०.०० (सबै सशर्त) |
| | | चुनढुङ्गामा आधारित सिमेन्ट उद्योगमा जैविक ऊर्जा र जीवाश्म इन्धनलाई क्रमशः प्रतिष्थापन गर्ने। | जैविक ऊर्जा र जीवाश्म इन्धन प्रतिष्थापन गर्ने सिमेन्ट उद्योगको सङ्ख्यामा वृद्धि भएको हुने। | उद्योग विभाग र सिमेन्ट उद्योगहरु | २०२६-२०३५ | |
| | | एक उद्योगको जलाधार (क्याचमेन्ट) को विकास सहित पाँच उद्योग निर्माण गर्ने। | एक उद्योगको जलाधार विकास गरी पाँच उद्योगको निर्माण सम्पन्न भएको हुने। | उद्योग विभाग र सम्बन्धित उद्योगहरु | २०३१-२०३५ | |
| | | स्थानीय तहको कर र फोहोर व्यवस्थापनबारे महानगरपालिका र उद्योगबीच कानूनी सम्झौता गर्ने। | सम्पन्न सम्झौता बमोजिम फोहोर व्यवस्थापन भई वार्षिक करको रकम वृद्धि भएको हुने। | सम्बन्धित स्थानीय तह, र उद्योगहरु | २०२७ | |
| | | फोहोरमैलाको पारवहन प्रवर्द्धनको लागि नीतिगत व्यवस्था गर्ने। | मानव स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी सुरक्षीत पारवहन र विसर्जन स्थलको | सम्बन्धित उद्योग र स्थानीय तह | २०२७-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | व्यवस्थापन भएको हुने। | | | |
| | | फोहोरमैलालाई वर्गीकरण गर्ने संयन्त्रको विकास र प्रयोग गर्ने। | प्राङ्गारिक र गैर प्राङ्गारिकमा वर्गीकृत फोहोरमैलाको पुनः प्रयोग र व्यवस्थापन भएको हुने। | सम्बन्धित उद्योग र स्थानीय तह | २०२७-२०३५ | |
| | | चुनढुङ्गाको प्रयोग सम्बन्धमा निजी क्षेत्र र सामुदायिक वन उपभोक्ता समूहबीच साझेदारी कार्यक्रम कार्यान्वयन गर्ने। | सामुदायिक वन क्षेत्रमा सम्झौता बमोजिम चुनढुङ्गा उत्खनन् तथा दिगो व्यवस्थापनमा साझेदारी एप्रोच प्रभावकारी भएको हुने। | प्रदेश डिभिजन वन कार्यालय, सम्बन्धित उद्योग, स्थानीय तह र सामुदायिक वन उपभोक्ता समूहहरु | २०२७ | |
| | | फोहोरमैलाबाट उत्पादित इन्धनको सम्भाव्यता अध्ययन गर्ने। | फोहोरमैलाबाट उत्पादित इन्धनसम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन र इन्धनको परिमाणवारे सूचना सामग्री अध्यावधिक भई व्यवस्थापन शुभारम्भ हुने। | उद्योग विभाग, स्थानीय तह, र सम्बन्धित उद्योगहरु | २०२७-२०३० | |
| २०३०, २०३५ | बोयलरमा आधारित सबै उद्योगहरूलाई सन् २०३० भित्र ३० प्रतिशत र सन् | प्रविधि हस्तान्तरण र बोयलर/फर्नेस मर्मत-सम्भार सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने। | सन् २०३० सम्म ३० प्रतिशत बोयलरबाट सन्चालित उद्योगहरु | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिटिइभीटी तथा निजी क्षेत्र | २०२६-२०३० | १०४.०० (सबै सशर्त) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २०३५ भित्र ७० प्रतिशत विद्युतमा आधारित हुने गरी रुपान्तरण गर्ने । | | विद्युतमा रुपान्तरित भएको हुने। | | | |
| | | | सन् २०३५ सम्म ७० प्रतिशत बोयलरबाट सन्चालित उद्योगहरु विद्युतमा रुपान्तरित भएको हुने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिटिइभीटी तथा निजी क्षेत्र | २०३१-२०३५ | |
| | | जीवाश्म इन्धनमा आधारित बोयलरलाई बिद्युत तथा जैविक ऊर्जाले प्रतिस्थापन गर्ने। | विद्युत र जैविक ऊर्जाले प्रतिस्थापन भएका जीवाश्म इन्धनमा आधारित बोयलरको सङ्ख्या घटेको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, तथा निजी क्षेत्र | २०३०-२०३५ | |
| | | सिटिइभीटीको सीप परीक्षणको आधारमा बोयलर/फर्नेस मर्मत-सम्भार पाठ्यक्रमको विकास गर्ने । | बोयलर मर्मत-सम्भार सम्बन्धमा तालिम पाठ्यक्रम तयार गरी तालिम दिन शुरु भएको हुने। | उद्योग विभाग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभीटी) | २०२७ | |
| | | बोयलर/फर्नेस प्रतिस्थापन गरी विद्युतमा आधारित उद्योग सञ्चालनमा प्रोत्साहन संयन्त्र लागू गर्ने। | प्रतिस्थापित बोयलरको संख्या वृद्धि भएको हुने। | अर्थ मन्त्रालय, उद्योग विभाग | २०२७-२०३५ | |
| | | विद्युतमा आधारित बोइलर/फर्नेससम्बन्धी | विधेयक तर्जुमा, स्वीकृति तथा कानून लागू भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, तथा संसद | २०२७-२०३२ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कानून तर्जुमा तथा लागू गर्ने । | | | | |
| २०३५ | इट्टा उत्पादनको लागि स्थीर चिम्नी भएको वुल ट्रेञ्च किल्नलाई चरणवद्ध रुपमा हटाउने र यिनलाई बर्णशंकर होफम्यान/ टनेल किल्नमा परिणत गर्ने। | सङ्क्रमणकालबाट नयाँ प्रविधिमा रुपान्तरण गर्दा शून्य वा न्यून ब्याज दरको ऋण प्रदान गर्ने। | इट्टा भट्टावालालाई शून्य वा न्यून व्याज दरको ऋण प्रवाह भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र र बैंकहरु (वित्तीय संस्थाहरू) | २०२६-२०३५ | १७१.०० (सबै सशर्त) |
| | | तीन तहका सरकारबीचको नीति मिलान गर्ने । | नयाँ नीति स्वीकृति र कार्यान्वयनबाट वातावरणमैत्री इट्टाको उत्पादन र प्रयोगमा वृद्धि भएको हुने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रादेशिक तथा स्थानीय तहहरु र इट्टा भट्टावालाहरु | २०२६-२०३० | |
| २०३० | बार्षिक १० करोड इट्टा उत्पादन हुने गरी विद्युतमा आधारित मध्यम खालको टनेल किल्न नमुनाको रुपमा सञ्चालन गर्ने। | उद्योग प्रति निजी क्षेत्रको प्रतिवद्धता दर्शाउन विस्तृत खर्च-लाभ विश्लेषण गर्ने । | विद्युतमा आधारित सुरुङ्ग (टनेल) इट्टा भट्टाबाट उत्पादित वातावरणमैत्री इट्टाको संख्या वृद्धि भएको हुने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्थानीय तह, नेपाल ब्याङ्कर्स संघ, र इट्टा भट्टावालाहरु | २०३० | १.५२ (सबै सशर्त) |
| | | वातावरणीय स्वच्छता र आर्थिक लाभबारेमा इट्टा भट्टावालाको चेतना अभिवृद्धि गर्ने। | जनचेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरुमा इट्टा भट्टावालाहरुको सहभागिता वृद्धि भएको हुने। | उद्योग विभाग, तथा वातावरण विभाग, र इट्टा भट्टावालाहरु | २०२६-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | साना इट्टा भट्टाहरु गाभेर ठूलो क्षमताको इटा भट्टाको निर्माण गर्ने । | साना इट्टा भट्टाको संख्या ज्यादै न्यून भएको हुने । | उद्योग विभाग, स्थानीय तह, र इट्टा भट्टाहरु | २०२६-२०३५ | |
| | | | स्थापित तथा सञ्चालित ठूलो क्षमताको इट्टा भट्टाबाट वातावरणमैत्री इट्टाको उत्पादनमा उल्लेखनीय वृद्धि भएको हुने। | उद्योग विभाग र इट्टा भट्टाहरु | २०२६-२०३५ | |
| | | विजुलीमा आधारित इट्टा भट्टा उत्पादन उद्योगको स्थापना एवम् सञ्चालन गर्ने। | स्थापित र सञ्चालित विजुलीमा आधारित इट्टा भट्टा उत्पादन उद्योगको सङ्ख्या र वातावरणमैत्री इट्टाको उत्पादनमा वृद्धि भएको हुने। | उद्योग विभाग, स्थानीय तह र इट्टा भट्टाहरु | २०३१-२०३५ | |
| **जम्मा** | **५** | **२१** | **२३** | | २१५.५२ (सबै सशर्त) | |
| **२. कृषि, वन तथा अन्य भू-उपयोग** | | | | | | |
| | | | **(क) कृषि** | | | |
| २०३५ | गाईवस्तुको मलको कुशल व्यवस्थापनका लागि ५ लाख सुधारिएको गोठ स्थापना गर्ने। | भित्री भागको (इन्टेरिक) मिथेन घटाउन वस्तुभाउको खानामा फाइबरयुक्त खाना बढाउने । | वस्तुभाउको खानामा फाइबरयुक्त दानाको परिमाण बढेको हुने। | पशु सेवा विभाग, कृषि अनुसन्धान परिषद्, प्रदेशको कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय, स्थानीय तह र अध्ययन संस्थान | २०२६-२०३५ | ७२०.०० (सबै सशर्त) |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भौगोलिक अवस्था अनुरूप तथा प्राथमिकता प्राप्त र जोखिममा रहेका घरपरिवारलाई (महिला र यूवा नेतृत्व, आदिवासी, दलित र अपाङ्ग) सहयोग प्रदान गरी वस्तुभाउको लागि सुधारिएको गोठ बनाई व्यवस्थापन गर्ने। | निर्माण भएका सुधारिएको गोठको व्यवस्थित संख्या वृद्धि भएको हुने। | पशु सेवा विभाग, प्रदेशको कृषि तथा पशुपन्छी एवम् वन हेर्ने मन्त्रालय र स्थानीय तह | २०२६-२०३५ | |
| | | वस्तुभाउको पिसाब र गोबर व्यवस्थापन गर्न वायोग्याँस उत्पादन गर्ने र घरको छानामा सौर्य प्यानल जडान गर्ने जस्ता नविनतम अभ्यासहरु ग्रहण गर्ने। | वस्तुभाउको पिसाब र गोबरको प्रयोग गरी निर्माण भएको वायोग्याँस प्लान्टको संख्या, उत्पादन परिमाण र त्यस्को प्रयोग वृद्धि भएको हुने। | बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द, प्रदेशको कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय, स्थानीय तह र पशुपालक कृषक | २०२६-२०३५ | |
| | | ताप-सहनशील र रोग-उत्थानशील दुध दिने वस्तुभाउको छनौट गर्ने। | छनौट भएका रोग-उत्थानशील दुध दिने वस्तुभाउको संख्या र दुधको उत्पादनमा वृद्धि भएको हुने। | पशु सेवा विभाग, कृषि अनुसन्धान परिषद्, अध्ययन संस्थान तथा पशुपालक कृषक | २०२६-२०३५ | |
| | | वस्तुभाउ पालनमा आधुनिक अशल अभ्यासको ग्रहण र प्रयोग गर्न सूचना प्रशारण गर्ने र साथसाथै | आधुनिक एवम् प्रामाणिक अभ्यास ग्रहण गर्ने कृषकको संख्यामा वृद्धि भएको हुने। | पशु सेवा विभाग, प्रदेशको कृषि तथा पशुपन्छी हेर्ने मन्त्रालय, स्थानीय तह, | २०२६-२०३५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | किसानको क्षमता विकास गर्ने। | | सामुदायिक र साझेदारी वन समूह, तथा पशुपालक कृषक | | |
| | | पशु विमा कार्यक्रमलाई विस्तार गर्ने । | सन् २०३५ सम्म पशु विमा गर्ने पशुपालकको संख्या ३५ प्रतिशत पुगेको हुने । | विमा संस्थान, तथा पशुपालक कृषक | २०२६-२०३५ | |
| **जम्मा** | १ | ६ | ६ | | ७२०.०० (सबै सशर्त) | |
| **(ख) भू-उपयोग, भू-उपयोग परिवर्तन तथा वन** | | | | | | |
| | देशको कूल क्षेत्रफलको कम्तिमा ४६ प्रतिशत वन क्षेत्रको रुपमा कायम गर्ने (२.७ प्रतिशत भन्दा कम रहेका काठ भएका अन्य भूमि समेत) र दिगो वन व्यवस्थापनका कार्यहरु अगाडि बढाउने। | प्रदेश तहमा वनको तथ्यांक नियमित रूपमा अध्यावधिक गर्दै आवधिक रुपमा वनको आवरण (Forest Cover) नक्साङ्कन गर्ने। | प्रत्येक ५ वर्षमा वन क्षेत्रको प्रतिवेदन प्रकाशन भएको हुने । | वन तथा वातावरण मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश तहका वन हेर्ने मन्त्रालय र मातहतका कार्यालयहरू, तथा स्थानीय तह | २०२५-२०३५ | ५,१००.०० (४ विलियन सशर्त) |
| | | वनको प्रकार र क्षेत्र अनुसार विभाजन गरिएको वनले ढाकेको क्षेत्र (Forest Cover) अनुगमनका लागि केन्द्रिय भू-डाटाबेस विकास गर्ने। | वनले ढाकेको क्षेत्र अनुगमनका लागि केन्द्रिय भू-डाटाबेस) विकास भएको हुने। | वन तथा वातावरण मन्त्रालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | २०२५-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय वनमा वन संरक्षणका उपायहरु अवलम्बन गर्ने। | १०,००० हेक्टर अतिक्रमित वन क्षेत्रलाई वन कायम गरी पुनस्थापना गर्ने । | वन तथा भू-संरक्षण विभाग, र डिभिजन वन कार्यालयहरु, तथा स्थानीय तह | २०२५-२०३५ | |
| | | २० करोड विरुवा उत्पादन गरी वृक्षारोपणलाई प्रोत्साहन गर्ने। | २० करोड विरुवा उत्पादन र वृक्षारोपण भएको हुने। | वन तथा भू-संरक्षण विभाग, र डिभिजन वन कार्यालयहरु | २०२५-२०३५ | |
| | | १ लाख हेक्टर वन क्षेत्रमा प्राकृतिक पुनरुत्थानमा सहयोग (Assisted Natural Regeneration, ANR) गर्ने। | १ लाख हेक्टर वन क्षेत्रमा प्राकृतिक पुनरुत्थानमा भएको हुने। | वन तथा भू-संरक्षण विभाग, र डिभिजन वन कार्यालयहरु | २०२५-२०३५ | |
| | | तराई र भित्रि मधेसको क्षेत्रमा दिगो वन व्यवस्थापन अन्तर्गत मिचाहा प्रजातिको व्यवस्थापन गर्ने। | तराई र भित्रि मधेसको कम्तिमा ५० प्रतिशत र पहाडको २५ प्रतिशत क्षेत्रमा दिगो वन व्यवस्थापन अन्तर्गत मिचाहा प्रजातिको व्यवस्थापन भएको हुने। | वन तथा भू-संरक्षण विभाग, वनस्पति विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, र डिभिजन वन कार्यालयहरु | २०२५-२०३५ | |
| | | गैरकाष्ठ वन पैदावारको दिगो व्यवस्थापन गर्ने। | गैरकाष्ठ वन पैदावारको इन्भेन्टरी भएको हुने। | वन तथा भू-संरक्षण विभाग, वनस्पति विभाग र डिभिजन वन | २०२५-२०३५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यालयहरु, तथा नेपाल जडिबूटी व्यवसायी महासंघ | | |
| | | | १,००० हेक्टर क्षेत्रमा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती भएको हुने। | वन तथा भू-संरक्षण विभाग, वनस्पति विभाग, डिभिजन वन कार्यालय, वन उपभोक्ता समूह, तथा जडिबूटी व्यवसायी संस्थाहरू | २०२५-२०३५ | |
| **जम्मा** | **१** | **३** | **८** | | **५,१००.००** (४ विलियन सशर्त) | |
| **३. फोहोरमैला** | | | | | | |
| २०३५ | दैनिक ५१ करोड लिटर फोहोर पानी प्रशोधन गरेर मात्रै निश्कासन गर्ने। | ऊर्जा र मल समेत उत्पादन हुने गरी २७ वटा फोहोरपानी प्रशोधन प्लान्टको स्थापना तथा सञ्चालन गर्ने। | सन् २०३५ भित्र ५० वटा फोहोरपानी प्रशोधन प्लान्टको डिजाइन तयार भएको हुने। | खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, एवम् स्थानीय तह | २०२६-२०३५ | १,५३०.०० (१.३५ विलियन सशर्त) |
| | | विद्यमान प्रणालीको विस्तारमा स-सर्त स्रोतको उपयोग गर्ने। | स-सर्त स्रोतको उपयोग भएको विद्यमान प्रणालीको संख्यामा वृद्धि भएको हुने। | खानेपानी मन्त्रालय, र खानेपानी तथा ढल व्यवस्थापन विभाग | २०२६-२०३५ | |
| | | फोहोरपानीको प्रशोधन स्थलका लागि सहरी वस्तीको छनौट गर्ने। | २७ वटा फोहोरपानी प्रशोधन प्लान्टको निर्माण तथा सञ्चालनको लागि वस्ती छनौट भएको हुने। | खानेपानी तथा ढल व्यवस्थापन विभाग र स्थानीय तह | २०२६-२०३५ | |

DRAFT

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फोहोरपानीको उपयुक्त प्रशोधन प्लान्टको लागि विस्तृत आयोजना प्रतिवेदन तर्जुमा तथा कार्यान्वयन गर्ने। | २७ वटा फोहोरपानी प्रशोधन प्लान्ट निर्माण तथा सञ्चालन भएको हुने। | खानेपानी तथा ढल व्यवस्थापन विभाग र स्थानीय तह | २०२६-२०३५ | |
| | | सबै आयोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि थप वित्तिय स्रोतको पहिचान, सञ्चालन एवम् सेवा प्रदान (कमीशनिङ्ग) गर्ने। | पहिचान भएका वित्तीय स्रोत एवम् तिनमा पहूँच पुगी रकम प्राप्त भएको हुने। | मन्त्रालय, खानेपानी मन्त्रालय, र खानेपानी तथा ढल व्यवस्थापन विभाग | २०२६-२०३५ | |
| | | फोहोर पानी प्रशोधन प्लान्ट डिजाइन, निर्माण र सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने। | प्रति प्लान्ट एकका दरले कम्तिमा २७ वटा तालिम कार्यक्रम सञ्चालन भएको हुने र तालिममा कम्तिमा २० प्रतिशत महिलाको सहभागिता भएको हुने। | अर्थ मन्त्रालय, खानेपानी मन्त्रालय, र खानेपानी तथा ढल व्यवस्थापन विभाग, र राष्ट्रिय खानेपानी तथा सरसफाइ तालिम केन्द्र | २०२६-२०३५ | |
| २०३५ | बार्षिक ३ लाख ७० हजार घन मिटर फिकल स्लज प्रशोधन गर्ने। | ऊर्जा र मल उत्पादन हुने गरी फिकल स्लज प्रशोधन प्लान्टको स्थापना गर्ने। | २३ वटा फिकल स्लज प्रशोधन प्लान्टको स्थापना र सञ्चालन भएको हुने। | खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, र स्थानीय तह | २०२६-२०३५ | ७३.९३ (५६.१७ सशर्त) |
| | | स-सर्त अन्तर्गत ५० वटा फिकल स्लज प्रशोधन प्लान्टको विकास गर्ने। | ५० वटा फिकल स्लज प्रशोधन प्लान्टको | खानेपानी मन्त्रालय, खानेपानी तथा ढल | २०२६-२०३५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थापना र सञ्चालन भएको हुने। | व्यवस्थापन विभाग, र स्थानीय तह | | |
| | | फिकल स्लज प्रशोधन प्लान्टको लागि शहरी र ग्रामीण वस्तीको छनौट गर्ने। | क्षेत्रगत प्रगती प्रतिवेदनमा उल्लेखित स्थान, क्षमता र लाभार्थीको संख्या उल्लेख भएको हुने। | खानेपानी तथा ढल व्यवस्थापन विभाग, र स्थानीय तह | २०२६-२०३५ | |
| | | सुरक्षित व्यवस्थापनयुक्त सरसफाइका लागि मार्गचित्र (प्रविधि, जग्गा लिने, जनसंख्या वितरण आदि हेरी) तयार गर्ने। | सुरक्षित व्यवस्थापन हुने सरसफाइको लागि तयार भएको मार्गचित्रको कार्यान्वयनले प्राथमिकता पाएको हुने। | खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, र स्थानीय तह | २०२६-२०३५ | |
| | प्रत्येक क्षेत्रगत मूल्याङ्कनको लागि सरकार, ट्रेड युनियन, उद्योग, स्थानीय तह, प्राज्ञिक नागरिक समाजको प्रतिनिधित्व भएको | प्राविधिक टोलीमा प्रतिनिधित्व भएका संस्थाहरुसँग परामर्श गरी निष्कर्ष कार्यान्वयन भएको हुने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, | २०२६-२०२८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्राविधिक टोली स्थापना गरी निश्चित अन्तरालमा परामर्श गर्ने। | | स्थानीय तह, एवम् निजी क्षेत्र | | |
| | प्रत्येक क्षेत्रको सामाजिक-आर्थिक र रोजगारी सम्वन्धी लैङ्गिक, भूगोल र पेशा स्पष्ट हुने आधारभूत तथ्याङ्क सङ्कलन गर्ने । साथै कामदार, तिनको सीप, अनौपचारिक श्रम र सङ्कटासन्न समुदायको नक्साङ्कन गर्ने। | क्षेत्रगत विकासका आयाम र प्रदेशमा सरोकारवाला हरुको सहभागितामा परामर्श कार्यक्रम गरी जलवायु सङ्कटासन्न समुदायको नक्साङ्कन भएको हुने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय लगायत सम्बन्धित प्रदेशका विषयगत मन्त्रालयहरू, र स्थानीय तह | २०२६-२०२८ | |
| | क्षेत्रगत सङ्क्रमण जोखिम र अवसर पहिचान, प्रभाव मूल्याङ्कन प्रतिवेदन, सरोकारवालाहरुको सहभागितामा प्रमाणीकरण कार्यक्रम एवम् अन्तिम प्रतिवेदन तयार तथा कार्यान्वयन गर्ने । | प्रमाणीकरण भएका र सार्वजनिक रुपमा उपलब्ध न्यायिक सङ्क्रमण प्रभाव मूल्याङ्कन प्रतिवेदनको कार्यान्वयन प्रारम्भ भएको हुने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रादेशिक मन्त्रालयहरु, स्थानीय तह, र निजी क्षेत्र | २०२६-२०३५ | |
| न्यायिक सङ्क्रमण कार्यान्वयन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने। | कामदारको न्यायिक सङ्क्रमण सुनिश्चत गर्न कार्यान्वयन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | जलवायु परीवतर्नबाट कामदारमा परेको र पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न बहुसराकारवालाहरूको सहभागितामा कार्यान्वयन योजना तर्जुमा गरी कार्यान्वयन सुरू भएको हुने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रादेशिक मन्त्रालयहरु, स्थानीय तह, र निजी क्षेत्र | २०२६-२०३० | २.०० |

DRAFT

| | | | | | |
|---|---|---|---|---|---|
| न्यायिक सङ्क्रमण सम्बन्धी नीति तथा नियमन खाका तर्जुमा तथा कार्यान्वयन गर्ने। | ऊर्जा, यातायात, उद्योग, कृषि तथा वनजस्ता क्षेत्रका नीति तथा नियमनका दस्तावेजमा जलवायु परिवर्तनबाट पर्ने प्रभावलाई समेटी सम्बोधन गर्न न्यायिक सङ्क्रमणका पक्षहरू एकीकृत गर्ने। | जलवायु परीवतर्नबाट विषयगत क्षेत्रहरूमा परेको र पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न मूलतः ऊर्जा, यातायात, उद्योग, कृषि तथा वनजस्ता क्षेत्रका नीति तथा नियमनका दस्तावेजहरूमा न्यायिक सङ्क्रमणका पक्षहरू एकीकृत भई कार्यान्वयन शुभारम्भ भएको हुने । | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संघ र प्रदेशका विषयगत मन्त्रालयहरु, र नीजि क्षेत्र | २०३१-२०३५ | ०.१० |
| **जम्मा ३** | **६** | **६** | | | २.२० |
| **तालिका २.१ देखि २.६ सम्म कूल १५३ लक्ष्य** | **५९५** | **६४६** | | ४१,०१३.४२ (४१ विलियन) | |

DRAFT

....

# कार्यान्वयन व्यवस्था

## ३.१ सुशासनको ढाँचा

तेस्रो राष्ट्रिय निर्धारित योगदानमा उल्लेख भएका हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणसम्बन्धी लक्ष्यहरु, उत्सर्जन न्यूनीकरणका लागि नीति र उपायहरु एवम् अनुकूलनका प्राथमिकताहरुको लागि व्यावहारिक क्रियाकलापहरु छनौट भएका छन्। तिनको प्रभावकारी कार्यान्वयनबाट जलवायु परिवर्तनजन्य प्रतिकूल प्रभावको न्यूनीकरण, अनुकूल प्रभावको बढोत्तरी, मानव समुदाय, जीविकोपार्जन तथा प्राकृतिक स्रोतको जलवायु सङ्कटासन्नतामा कमी ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसैगरी यो योजनाको कार्यान्वयनबाट जलवायु अनुकूलन क्षमतामा वृद्धि हुने तथा जलवायु-उत्थानशील पूर्वाधार एवम् आर्थिक-सामाजिक क्षेत्रको दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा यथेष्ठ सहयोग पुग्ने समेत अपेक्षा गरिएको छ। यो योजनालाई बहुसरोकारवालाहरुको सक्रिय सहभागितामा सबैलाई समेटेर प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न विभिन्न निकायहरुको भूमिका निरन्तर आवश्यक हुन्छ। राष्ट्रिय सुशासनको विद्यमान अवस्था बमोजिम यो योजनालाई कार्यान्वयन गर्दा सुशासनका लागि नेपाल सरकारलाई उल्लेखनीय थप आर्थिक दायित्व नपर्ने तर्फ ध्यान पनि दिइएको छ।

गत ५ वर्षको अवधिमा जलवायु परिवर्तनका कारण सिर्जित प्रतिकूल प्रभावहरुलाई सम्बोधन गर्न नेपाल सरकारले तीन दशकको लागि राष्ट्रिय अनुकूलन योजना (आ.व. २०७८/७९-२१०८/०९ अर्थात सन् २०२१-२०५०) लगायत आ.व. २१०३/०४ (सन् २०४५) सम्म नेपाललाई शून्य हरितगृह ग्याँस उत्सर्जन मुलुक बनाउने राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय प्रतिवद्धतासमेत सार्वजनिक भइसकेको छ। यहाँ तेस्रो एनडिसीको सफल कार्यान्वयनबाट अर्थपूर्ण लाभ लिनका लागि सार्वजनिक तथा निजी क्षेत्र लगायत गैर सरकारी संघ-संस्था र विकासका साझेदारहरुको निरन्तर सहयोग आवश्यक हुन्छ। साझा जिम्मेवारीको बोध गरी साझा प्रयासबाट यो योजनाको सफल कार्यान्वयनबाट विशेषगरी जलवायु सङ्कटासन्न जनतालाई लाभ प्राप्त हुने अपेक्षा गरिएको छ। यसलाई कार्यान्वयन गर्दा सुशासन प्रभावकारी बनाउँदै लगन समेत सरोकारवालाहरुको प्रतिनिधित्व रहेको विद्यमान संस्थागत समन्वयको व्यवस्थाबाटै कार्य सम्पादन गर्न सकिने दिखिन्छ (चित्र ३.१ र ३.२)।

यो योजनाको कार्यान्वयनमा तिनै तहका सरकारको पहिलो जिम्मेवारी हुन्छ। सङ्घीय सरकारले नीतिगत एवम् कानूनी संयन्त्रको व्यवस्था लगायत आवश्यक स्रोत (बजेट, जनशक्ति एवम् प्रविधि) को व्यवस्था गरी योजना कार्यान्वयनका लागि समन्वय, सहजीकरण तथा सहकार्यमा ध्यान केन्द्रित गर्नेछ भने प्रादेशिक सरकारले २ वा २ भन्दा बढी स्थानीय तहको संलग्नता हुने जलवायु कार्यक्रमहरुको कार्यान्वयन गर्दा समन्वय तथा सहजीकरणमा जोड दिनेछ। यो योजनामा रहेका वातावरण र जलवायुमैत्री एवम् दिगो विकासको लक्ष्य प्राप्त गर्न सहयोगी हुने विभिन्न क्रियाकलापहरु स्थलगत

रुपमा कार्यान्वयनका लागि प्रमूख जिम्मेवारी स्थानीय तहको हुनेछ। स्थलगत तथा स्थानगत जलवायु परिवर्तनबाट सिर्जित समस्याको समाधान गर्ने क्रियाकलापहरुको कार्यान्वयन स्थानीय तहबाट हुनेछ।

जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि समन्वयात्मक व्यवस्थाको लागि राजनैतिक र प्रशासकीय नेतृत्वमा विभिन्न तहमा परिषद् तथा समितिहरु गठन भएका छन्। यो योजनाको कार्यान्वयनको लागि आवश्यक सहजीकरण, समन्वय, निर्देशन तथा मार्ग-दर्शनका लागि विद्यमान संयन्त्रको जिम्मेवारीको सदुपयोग गर्नु उपयुक्त हुने देखिन्छ। यी समन्वय संयन्त्रका सदस्य-सचिवको प्रशासकीय भूमिकाबाट सरकार र समन्वय निकायहरुबीच स्थापित सम्बन्धमा निरन्तरता दिइने छ।




**चित्र ३.१ः समन्वयको लागि संस्थागत संरचना**

(स्रोतः नेपालको लागि राष्ट्रिय अनुगमन, रिपोर्टिङ्ग तथा प्रमाणीकरण खाका, २०८२)

DRAFT

### ३.१.१ सरकारको भूमिका

नेपालको संविधान (२०७२) बमोजिम नेपाली जनतालाई सेवा, सुविधा र विकासका क्रियाकलापहरु सञ्चालन गर्न र तिनको अनुगमनका लागि तीन तहका सरकारको भूमिका रहेको छ। संविधानमा वातावरणका विविध पक्षमा मौलिक हक रहेको छ। यसको धारा ३० मा रहेको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक लगायत वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हक रहेको छ। जलवायु परिवर्तनको सवाल वातावरणीय प्रदूषणसँग स्पष्ट जोडिएकोले यो संवैधानिक व्यवस्थाको उपयुक्त प्रयोगबाट जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सकिने आधार देखिन्छ। यसैगरी संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था भएकोले समन्वय र सहकार्यमार्फत समस्यालाई समाधान गर्दै लग्न मार्ग प्रशस्त भएको छ। यद्यपी यी प्रावधानहरुको कार्यान्वयन गर्दा यथेष्ठ बुझाई, सहकार्य र कार्यगत समन्वय आवश्यक रहन्छ। यो एनडिसी योजनामा उल्लेख भएका विषयगत र अन्तर-विषयगत लक्ष्य प्राप्तिका लागि कार्यान्वयन हुने क्रियाकलापहरुवारेमा आवश्यक पर्न सक्ने निर्देशन, समन्वय र सहजिकरणको लागि विद्यमान संरचनाबाट कार्य सम्पादन हुनेछ (चित्र नं. ३.२)।




चित्र ३.२: **जलवायु परिवर्तन सम्बन्धमा सरोकारवालाहरुको प्रतिनिधित्व रहेको समन्वय संरचना**

(स्रोत: जलवायु परिवर्तन न्यूतीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना, २०८०)

नेपाल सरकार (कार्य विभाजन नियमावली, २०७४) अनुसार नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूको भूमिका र जिम्मेवारी स्पष्ट रूपमा तोकिएको छ। नेपालमा जलवायु परिवर्तनका प्रभावहरू अप्रत्याशित रूपमा तीव्र हुँदै गएकाले तिनलाई बहुपक्षीय दृष्टिकोणबाट विश्लेषण गरी उपयुक्त नीति, रणनीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक भएको छ। यसका साथै प्रदेश र स्थानीय तहमा समेत आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयन गर्नु अपरिहार्य छ। यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा विद्यमान संस्थाहरूको सुदृढीकरण, विद्यमान समस्याहरूको समाधान, आवश्यक ज्ञान र सीपयुक्त जनशक्तिको विकास, तथा वातावरण र जलवायुमैत्री प्रविधिको विकास र प्रयोग अनिवार्य हुन आएको छ। यस सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक पर्ने ज्ञान र सीपको प्रकृति पनि फरक-फरक हुन सक्छ। यो कार्ययोजनामा उल्लिखित क्रियाकलापहरूको जिम्मेवारी वहन गर्ने विषयगत सङ्घीय तथा प्रादेशिक मन्त्रालयहरू, साथै स्थानीय तहहरूले आफ्ना वार्षिक बजेट तथा विकास योजनामा एनडिसीका क्रियाकलापहरू एकीकृत गरी कार्यान्वयन गर्नेछन्।

यो योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह (महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिका) को संस्थागत संरचनाभित्र वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्ने स्पष्ट व्यवस्था गर्न आवश्यक छ। यसका लागि स्थानीय तहहरूलाई संस्थागत संरचना, दक्ष जनशक्ति तथा पर्याप्त वित्तीय स्रोतसहित सुदृढ बनाइनु पर्नेछ। यसैगरी योजना कार्यान्वयनका लागि सङ्घ र प्रदेश सरकारबाट आवश्यक बजेट, जनशक्ति तथा प्रविधि नियमित रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै स्थानीय तहमा संस्थागत क्षमता र कर्मचारीको सीप अभिवृद्धि गर्ने कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिइनेछ। यस योजनामा समावेश भएका विभिन्न क्रियाकलापहरूको कार्यान्वयनमा स्थानीय तहहरू स्वयं संलग्न हुनेछन् र अन्य निकाय तथा निजी क्षेत्रद्वारा कार्यान्वयन गरिएका क्रियाकलापहरूको अनुगमन तथा प्रतिवेदन (रिपोर्टिङ) गर्ने महत्वपूर्ण भूमिका पनि स्थानीय तहकै हुनेछ। अर्थात पालिकाहरुमा वातावरण तथा जलवायु परिवर्तन शाखाको व्यवस्था गरी यो योजनामा उल्लेख भएका क्रियाकलापहरुको कार्यान्वयन गर्नु उपयुक्त हुनेछ।

यो योजना तर्जुमा गर्दा तेस्रो एनडिसीमा उल्लेख गरिएका लक्ष्यहरू हासिल गर्न व्यापक प्रकृतिका क्रियाकलापहरूको छनोट गरिएको छ। ती क्रियाकलापहरूको कार्यान्वयनका क्रममा सम्बन्धित मन्त्रालय तथा निकायहरूले आवश्यकताअनुसार प्रक्रियागत उप-क्रियाकलापहरू पनि छनोट तथा कार्यान्वयन गर्न सक्नेछन्। अर्थात्, यस योजनामा उल्लेख गरिएका क्रियाकलापहरूको कार्यान्वयन गर्दा लागू हुने विधि, नीति, कानून, निर्देशिका तथा कार्यविधिको पालना, सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता, पारदर्शिता र जिम्मेवारी सुनिश्चित गर्नुका साथै सङ्घ, प्रदेश र स्थानीय तहबीच आवश्यक सहकार्य, सहजीकरण तथा समन्वयको कार्य जिम्मेवार विषयगत मन्त्रालय वा निकायमार्फत गरिनेछ। यस प्रक्रियाबाट वातावरणीय सुशासनलाई क्रमशः सुदृढ बनाउँदै लगिनेछ। वातावरणीय सुशासनलाई

DRAFT

प्रभावकारी बनाउने उद्देश्यले यस योजनाको कार्यान्वयनका क्रममा सक्रिय भूमिका निर्वाह गर्ने समन्वयकारी समितिहरू तल प्रस्तुत गरिएको छ।

### ३.१.२ समन्वय संयन्त्र

वातावरण संरक्षण तथा जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्ने क्रममा आवश्यक पर्ने समन्वय तथा मार्गदर्शनका लागि विभिन्न तहमा समितिहरु गठन भएका छन्। तिनको संरचना एवम् काम, कर्तब्यलाई छोटकरीमा तल दिइएको छः

**(क) संसदीय समितिः** नेपाल सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सुझाव दिनका लागि संविधानको धारा ९७ मा समितिहरु गठन गर्न सकिने व्यवस्था रहेको छ। प्रतिनिधि सभा नियमावली (२०७९) को नियम १७३ मा विषयगत समितिहरु गठन हुने व्यवस्था रहेको छ। कूल १० समितिहरुमध्ये जलवायु परिवर्तनसम्बन्धी केन्द्र विन्दुको रुपमा कार्य गरिरहेको वन तथा वातावरण मन्त्रालयसम्बन्धी क्रियाकलापहरु कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको कार्यक्षेत्र भित्र पर्छ। हाल जलवायु परिवर्तनको विषय संसदको अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति, पूर्वाधार विकास समिति लगायत अन्य समितिहरुमा पनि छलफल हुन्छन्।

साधारणतया, यी समितिको काम, कर्तव्य र अधिकारमा अन्यकुराको अतिरिक्त सम्बन्धित मन्त्रालय, विभाग तथा अन्तर्गतका निकायका (क) विधेयक उपर दफावार छलफल गरी प्रतिवेदन तयार गर्ने, (ख) नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी निर्देशन दिने र टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन तयार गर्ने, (ग) मन्त्रीले दिएका आश्वासनलाई पुरा गर्न सरकारले लिएका कदमको अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने, तथा (घ) समितिले समय-समयमा दिएका निर्देशनको कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन सहितको प्रतिवेदन तयार गरी प्रतिनिधि सभामा पेश गर्ने रहेको छ। जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय दायित्व अनुरुप तर्जुमा भएको तेस्रो एनडिसीको कार्यान्वयनमा कानून बनाएर गर्नु पर्ने क्रियाकलापहरुमा संसदीय समितिहरुको विशेष भूमिका हुनेछ।

**(ख) वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्ः** वातावरण संरक्षण ऐन (२०७६) को दफा ३२ अनुसार वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् गठन भएको छ। नेपाल सरकारका विषयगत मन्त्रीहरु, सबै प्रदेशका मुख्यमन्त्रीहरु, वन, वातावरण र जलवायुको क्षेत्रका प्राध्यापक र विज्ञ समेत सदस्य रहेको यो परिषद्ले यो एनडिसी कार्यान्वयन योजनाको प्रभावकारी कार्यान्वयनको लागि विषयगत मन्त्रालय तथा अन्य

निकायलाई एकीकृत रुपमा कार्य गर्न आवश्यक निर्देशन, प्रदेश र स्थानीय तहलाई नीतिगत मार्गदर्शन, समन्वय तथा सहजीकरण, आर्थिक स्रोतको व्यवस्थापन, तथा मूल्याङ्कन गर्न सक्नेछ। अर्थात, यो परिषद्ले नीतिगत निर्देशनात्मक मार्गदर्शन लगायत समन्वय र सहजीकरण गर्न सक्नेछ। यो योजनाको कार्यान्वयनबाट हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्न तथा जलवायु अनुकूलित एवम् उत्थानशील पूर्वाधार विकासका लक्ष्य प्राप्तिमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

**(ग) उच्चस्तरीय जलवायु परिवर्तन निर्देशक समितिः** नेपाल सरकारको मिति २०८०।०४।१६ को निर्णयानुसार स्वीकृत जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना (अर्थात दोस्रो एनडिसी कार्यान्वयन योजना) मा उल्लिखित यो समितिमा माननीय वन तथा वातावरण मन्त्री अध्यक्ष रहने व्यवस्था छ । राष्ट्रिय योजना आयोगका सदस्य लगायत विभिन्न मन्त्रालयका सचिव, सातै प्रदेशका प्रमुख सचिव, स्थानीय निकाय (नेपाल नगरपालिका संघ र नेपाल गाउँपालिका राष्ट्रिय संघ) एवम् निजी क्षेत्र र बहुसरोकारवालाहरुको छाता संगठन (महासंघ, परिसंघ, संघ आदि) को प्रतिनिधित्व रहेको यो समितिले यो योजनाको कार्यान्वयनको क्रममा सरकारको जलवायु वित्त शासन संरचनाहरुलाई नजिकबाट समन्वय गर्नेछ। यो समितिको सचिवालयको कार्य वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले गर्नेछ। तेस्रो एनडिसीको कार्यान्वयन योजनाको कार्यान्वयनको क्रममा आउन सक्ने कार्यगत समस्या र सवालहरुलाई सम्बोधन गर्दै प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय तथा सहजीकरण समेत यो निर्देशक समितिबाट हुनेछ।

**(घ) अन्तर-मन्त्रालय जलवायु परिवर्तन समन्वय समितिः** राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) मा व्यवस्था भए अनुसार जलवायु परिवर्तनको विषयमा समन्वय गर्न वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा अन्तर-मन्त्रालय समन्वय समिति गठन भएको छ। यो समितिले यो योजनामा उल्लिखित क्रियाकलापहरुको कार्यान्वयनका लागि नियमित समन्वय तथा सहजीकरण गर्ने तथा सम्बन्धित मन्त्रालय तथा निकायहरुलाई योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई वार्षिक र आवधिक कार्यक्रममा समावेश र बजेट विनियोजन गरी कार्यान्वयन गर्न सघाउने छ। यसैगरी यो समितिले योजनाको कार्यान्वयन अवस्थाको प्रगति समीक्षा, नियमित अनुगमन तथा मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार तथा रिपोर्टिङ्गको लागि समन्वय र मार्गदर्शन प्रदान गर्नेछ। यो समितिको सचिवालयको कार्यसमेत यस मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले गर्नेछ।

जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले यो तेस्रो एनडिसी योजनाको कार्यान्वयनको अवस्था, उपलब्धिका तथ्याङ्क सङ्कलन, तथ्याङ्कलाई एकीकरण, विश्लेषण तथा भण्डारण गर्ने कार्य गर्नेछ। यो महाशाखाले प्रतिवेदन तयारी एवम् राष्ट्रिय निकाय र जलवायु परिवर्तनसम्बन्धी महासन्धिको सचिवालयमा रिपोर्टिङ्ग गर्नेछ। यो योजना कार्यान्वयनको लागि आवश्यक सहयोग, बजेट एवम् प्रविधिमा पहुँच लगायत जनशक्ति विकास र परिचालनमा समेत सहजीकरणको भूमिका निर्वाह गर्नेछ। महाशाखाले

माथि उल्लखित समितिहरुको सचिवालयको समेत कार्यहरु सम्पादन गर्नका लागि आवश्यक बजेटको व्यवस्था आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था मिलाउने छ।

जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले एनडिसी योजनाको कार्यान्वयनका क्रममा सबै समितिहरुको बैठकको लागि कार्यान्वयन अवस्था, अग्रिम कार्यहरु सम्पादन गर्ने प्रक्रियासम्बन्धी अवधारणा पत्र, तथ्याङ्कगत विश्लेषणात्मक प्रतिवेदन लगायतका अन्य आवश्यक सामग्रीहरु तयार गरी समितिमा पेश गर्नेछ। परिषद् र समितिहरुबाट भएका निर्णयको कार्यान्वयन अवस्थासमेत अध्यावधिक गरी समितिमा पेश गर्नेछ।

**(ङ) प्रदेशको वातावरण र जलवायुसम्बन्धी परिषद्ः** प्रदेशको वातावरण संरक्षण ऐनमा वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापहरु सम्पादन गर्न आवश्यक समन्वय, निर्देशन, मार्गदर्शन तथा सहजीकरणको लागि मूख्यमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी प्रदेश परिषद् गठन गर्न सक्ने प्रावधान रहेको छ। आवश्यकतानुसार प्रदेशहरुले यो परिषद् गठन गरी तेस्रो एनडिसी कार्यान्वयन योजनाको सञ्चालनमा उल्लेखनीय समन्वयकारी भूमिका निर्वाह गर्न सक्छन्।

**(च) प्रादेशिक जलवायु परिवर्तन समन्वय समितिः** राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) मा नै व्यवस्था भए अनुसार प्रदेशस्तरमा जलवायु परिवर्तन हेर्ने विषयगत मन्त्रालयले प्रदेशको जलवायु परिवर्तनसम्बन्धी कार्यहरुको संयोजन र सञ्चालीकरण गर्न वन, वातावरण र जलवायु परिवर्तनको जिम्मेवारी भएको प्रदेशको मन्त्रालयका सचिवको संयोजकत्वमा प्रदेशस्तरीय जलवायु परिवर्तन समन्वय समिति गठन भएका छन्। सेवा प्रदायक, नीति सहयोग, लाभग्राही र पैरवीकर्ता संस्थाहरुको प्रतिनिधित्व हुने गरी गठन भएका यी समितिलाई अझै क्रियाशिल बनाई यिनले एनडिसी कार्यान्वयनमा समन्वय, सञ्चार, सहजीकरण, सहकार्य, अनुगमन तथा वस्तुस्थितिको अभिलेख राख्ने कार्यहरु गर्नेछन्। यसैगरी यो योजना कार्यान्वयनमा प्रत्यक्ष रुपले संलग्न प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता अभिवृद्धिमा पनि यो समिति क्रियाशिल हुनेछ। जलवायु अनुकूलन र न्यूनीकरणका क्रियाकलापको कार्यान्वयन स्थितिको वारेमा यो समितिले माथि उल्लेखित अन्तर-मन्त्रालय जलवायु परिवर्तन समन्वय समितिलाई रिपोर्टिङ्ग गर्नेछ।

### ३.१.३ <u>संस्था तथा व्यक्तिको सहभागिता</u>

यो योजना कार्यान्वयनको क्रममा नागरिक समाज, गैर सरकारी संघ, संस्था तथा समुदायमा आधारित संस्थाहरुको सहयोग र सहभागितालाई सुनिश्चित गरिने छ। यो योजनामा उल्लेख भएका क्रियाकलापहरुको प्रकृति र कार्यान्वयन हुने स्थानलाई समेत ध्यान दिई यो योजनाको कार्यान्वयन गर्दा सामजिक तथा आर्थिक दृष्टिले सीमान्तकृत र पिछडिएका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, किसान, श्रमिक, युवा, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक,

लैङ्गिक तथा यौनिक अल्पसंख्यक आदि व्यक्ति र समुदायको प्रत्यक्ष र क्रियाशिल सहभागिता हुनेछ। आवश्यकतानुसार यी व्यक्ति र समुदायको क्षमता अभिवृद्धि गरी योजना कार्यान्वयनमा संलग्न गराइने छ।

### ३.१.४ निजी क्षेत्र

हालका वर्षहरुमा जलवायु परिवर्तनको प्रभावबाट विशेष गरी जलविद्युत उत्पादनमा संलग्न निजी क्षेत्र जलजन्य विपद्का कारण ज्यादै प्रभावित भएको छ। वातावरण तथा जलवायुमैत्री जल पूर्वाधारको निर्माण गर्न नसकिएको अवस्थामा जलविद्युत क्षेत्रमा जलवायुजन्य हानी-नोक्सानीमा कमी आउने देखिदैन। यसैगरी औद्योगिक क्षेत्रमा जीवाष्म इन्धनको प्रयोगबाट सिर्जित वायु प्रदूषणको कारण जनस्वास्थ्यमा व्यापक असर परेको र हरितगृह ग्याँसको उत्सर्जनमा समेत वृद्धि भएको छ। यसलाई न्यूनीकरण गर्न जीवाष्म इन्धनलाई स्वच्छ ऊर्जामा रुपान्तरण गर्ने प्रविधिको प्रयोगमा यो योजनाले विभिन्न क्रियाकलापहरु समावेश गरेको छ।

स्वच्छ ऊर्जाको प्रयोग गरी आफ्नो व्यवसाय बढाउन र जलविद्युत उत्पादनलाई वातावरण तथा जलवायुमैत्री बनाई सञ्चालन गर्ने कार्यमा यो योजनाले सार्वजनिक तथा निजी क्षेत्र र उद्यमीहरुको सक्रिय सहभागिताको अपेक्षा गरेको छ। यसको लागि नेपाल सरकारले समन्वय, सहयोग र सहजीकरणमा विशेष ध्यान दिनेछ।

राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) मा सङ्घ र प्रदेशका विषयगत मन्त्रालयहरुमा र स्थानीय तहमा जलवायु परिवर्तन शाखा, एकाइ वा सम्पर्क विन्दु तोकी कार्यसम्पादन गर्ने व्यवस्था रहेकोले समेत यो योजना कार्यान्वयनको क्रममा आवश्यकतानुसार शाखा वा एकाइ वा सम्पर्क विन्दु तोकी कार्य सम्पादन गर्न प्रोत्साहन गरिने छ। यो योजनाको कार्यान्वयन अवस्था, प्रामाणिक उपलब्धिका तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी आवधिक प्रगति प्रतिवेदन तयारी तथा पुनरावलोकन गर्ने व्यवस्था मिलाइने छ। योजना कार्यान्वयनको क्रमका सिकेका उपलब्धि वा सिकाई र मुख्य सन्देशहरु समेत क्रियाकलाप कार्यान्वयनको नेतृत्वदायी भूमिका निर्वाह गरेको मन्त्रालयले प्रगति प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाइने छ।

यो योजना कार्यान्वयनको लागि स्थानीय तहका अध्यक्षको नेतृत्वमा बहुसरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी एक कार्यक्रम कार्यान्वयन समन्वय समितिको गठन गर्न सकिनेछ। यी समूहमा भौगोलिक विशिष्ठता, जलवायु परिवर्तनको स्थानगत समस्या र सवालहरु तथा जनसहभागिताको प्रकृति अनुसार वन, खानेपानी, सिंचाइ, स्वास्थ्य सरसफाइ जस्ता क्षेत्रका समुदायमा आधारित संस्थाहरु, आमा समूहहरु, युवा क्लब, सहकारी तथा शैक्षिक संस्थाहरुको संलग्नता रहनेछ। यसको लागि बहुसरोकारवालाहरुको सहभागिता हुने गरी विषयगत तथा क्षेत्रगत समितिहरु पनि गठन गर्न सकिने छ।

## ३.२ क्षमता विकास तथा अभिवृद्धि

हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्ने, जलवायु अनुकूलन र उत्थानशीलता सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने तथा जलवायु परिवर्तनजन्य हानी-नोक्सानी, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीता, न्यायिक सङ्क्रमण र मानव अधिकारका पक्षहरु समेटेको यो तेस्रो एनडिसी योजना कार्यान्वयनका लागि क्षमता बढाउनु पर्ने नयाँ प्रकृतिका यथेष्ठ क्रियाकलापहरु रहेका छन्।

यो योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रणालीगत, संस्थागत र व्यक्तिगतस्तरमा समेत क्षमता बढाउनु आवश्यक छ। यो योजनाको कार्यान्वयनमा प्रत्यक्षरुपमा संलग्न हुने राष्ट्रिय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयका सम्बन्धित कर्मचारीहरुको क्षमता विकास र अभिवृद्धि गर्नु झन बढी आवश्यक छ। यसैगरी परिचयात्मक, कार्यशाला तथा तालिम कार्यक्रममार्फत गैर सरकारी क्षेत्रमा कार्यरत बहुसरोकारवालाहरुको पनि चेतना र क्षमता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ। हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरण, अनुकूलन, जलवायु परिवर्तनबाट सिर्जित हानी तथा नोक्सानी, प्रविधिको विकास र प्रयोग, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, मापन, अनुगमन तथा मूल्याङ्कन आदि विषयमा क्षमता विकास तथा अभिवृद्धि लागि आवश्यक रहेको छ। यसैगरी जलवायु वित्तमा पहूँच तथा प्राप्त वित्तीय सहायताको परिचालनमा पनि नेपालले क्षमता अभिवृद्धि गर्नु आवश्यक भएको छ।

नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरु तालिममार्फत क्षमता विकास गर्न क्रियाशिल छन्। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा रहेको जलवायु परिवर्तन व्यवस्थापन केन्द्रले आवश्यक जनशक्ति तयार गर्ने कार्यमा सहयोग गर्न सक्छ। यसैगरी स्थानीय तहका कर्मचारीको क्षमता विकास र अभिवृद्धिको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको भूमिका महत्वपूर्ण हुनेछ। यसैगरी जलस्रोतका लागि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको जलस्रोत अनुसन्धान तथा विकास केन्द्रले जलस्रोत, वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धमा अन्य कार्यको अतिरिक्त सरकारी कर्मचारीलाई दीर्घकालीन तालिम दिने, तथा अध्ययन अनुसन्धान गर्ने जिम्मेवारी पाएको छ। जलस्रोत तथा जलवायु परिवर्तनको प्रभाव, ती प्रभावको न्यूनीकरण गर्न आवश्यक अनुकूलन क्षमता बढाउन तथा उत्थानशीलता सम्बन्धमा ज्ञान, अनुभव तथा सिकाइको सङ्कलन गरी विशेष प्रकृतिका सीपमूलक छुट्टै तालिम आयोजना गरी जनशक्ति विकासमा भूमिका निर्वाह गर्नेछ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रले पनि योजना, स्रोत परिचालन, कार्यान्वयन तथा अनुगमनका लागि आफ्ना कर्मचारीको क्षमता अभिबृद्धि गर्दछ। एनडिसीमा रहेका क्रियाकलापहरुको कार्यान्वयनको लागि यो प्रशिक्षण केन्द्रले आवश्यकतानुसार छुट्टै जानकारी अध्यावधिक गर्ने तथा सीपमूलक तालिम सञ्चालन गर्न सक्छ। जलवायु परिवर्तनबाट जलविद्युत उत्पादनमा परेका प्रभावलाई न्यूनीकरण गर्न नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रले

जलवायुको जोखिम घटाई जल क्षेत्रका आयोजनाबाट आम्दानी बढाउँन आ-आफ्नो क्षमता अभिबृद्धि गर्न सक्छन्।

यो एनडिसी योजना कार्यान्वयनका लाथि सरकारी कर्मचारीको लागि एनडिसीको कार्यान्वयन ट्र्याकिङ गर्न क्षमता अभिवृद्धि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ। जलवायु बजेटिङ्ग तथा आयोजना कार्यान्वयन सम्बन्धमा स्थानीय तहका कर्मचारीलाई तालिममार्फत क्षमता अभिवृद्धि गर्नु उपयुक्त हुने देखिन्छ। यसैगरी केन्द्रमा तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गरी तथ्याङ्क सङ्कलन, विश्लेषण तथा भण्डारण तथा प्रसार गर्न समर्पित व्यक्तिहरुको आवश्यकता पर्छ। परिष्कृत पारदर्शी खाकासम्बन्धी प्रतिवेदन तयार गर्न तिनै तहका सरकार र सरोकारवालाहरुको क्षमता विकास गर्नु आवश्यक हुनेछ।

समष्टिमा, यो कार्यान्वयन योजनाको कार्यान्वयन गर्दा तिनै तहका सरकारमा एनडिसीको वारेमा सचेतना भएता पनि ज्ञान र सीप अभिवृद्धि गर्नु पर्नेछ। साझेदारी र सहकार्यमा गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको लागि विभिन्न निकायहरुबीचको समन्वयलाई विशेष ध्यान दिइनेछ। साथै जलवायुमैत्री प्रविधिको खोजी र प्रयोगमा समेत यथेष्ठ क्षमता अभिवृद्धि गर्नु पर्नेछ। जलवायु वित्तमा पहूँच पुऱ्याउनका लागि गुणस्तरीय प्रस्तावहरु तयार गर्ने, सहयोगीहरुसँग वार्ता गर्ने, समयमै वित्तीय स्रोत देशमा भित्र्याउन गर्नु पर्ने कार्यहरु सम्पादन गर्न एवम् प्राप्त स्रोतको परिचालन गर्नका लागि समेत क्षमता अभिबृद्धि गर्नु आवश्यक छ।

## ३.३. जलवायु वित्त

यो योजनाको कार्यान्वयनको लागि नेरू १६६४ खर्ब (अर्थात अमेरिकी डलर ११५ विलियन) लाग्ने प्रक्षेपण गरिएको छ। यस्को ठूलो हिस्सा हरितगृह ग्याँसको न्यूनीकरण र जलवायु अनुकूलनसम्बन्धी क्रियाकलापहरुको कार्यान्वयनको लागि आवश्यक पर्नेछ (तालिका ३.१)।

**तालिका ३.१: तेस्रो एनडिसी कार्यान्वयन योजनाको लागि विषयगत अनुमानित लागत**

| क्रसं | विषयगत र अन्तरविषयगत क्षेत्रहरु | अनुमानित लागत | | प्रतिशत |
|---|---|---|---|---|
| | | नेपाली रुपिया (दश लाखमा) | अमेरिकी डलर (मिलियनमा) | |
| १ | हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणसम्बन्धी क्रियाकलापहरु (ऊर्जा, कृषि, वन तथा अन्य भू-उपयोग, फोहोरमैला, र औद्योगिक प्रक्रिया र उत्पादनको प्रयोग) | १०,६९२,४२९.०५ | ७३,७४०.८९ | ६४.२६ |
| २ | नीति तथा उपायसम्बन्धी क्रियाकलापहरु (ऊर्जा, कृषि, वन तथा अन्य भू-उपयोग, | ५,४६९,४८८.७५ | ३७,७२०.६१ | ३२.८७ |

| | | | | |
|---|---|---|---|---|
| | फोहोरमैला, औद्योगिक प्रक्रिया र उत्पादनको प्रयोग, र अन्य) | | | |
| ३ | अनुकूलन प्राथमिकतासम्बन्धी क्रियाकलापहरु (कृषिदेखि विपद् जोखिम न्यूनीकरण तथा सचेतना र क्षमता विकाससम्म) | ४५३,९३५.५५ | ३,१३०.५९ | २.७३ |
| ४ | हानी तथा नोक्सानीसम्बन्धी क्रियाकलापहरु | ३,५६४.१० | २४.५८ | ०.०२ |
| ५ | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीतासम्बन्धी क्रियाकलापहरु | १९,६३८.८० | १३५.४४ | ०.१२ |
| ६ | न्यायिक सङ्क्रमण तथा मानव अधिकारसम्बन्धी क्रियाकलापहरु | ३१९.०० | २.२० | ०.००२ |
| | **जम्मा** | १६,६३९,३७४.९५ | ११४,७५४.३१ | १००.०० |

**नोटः** १ अमेरिकी डलर बराबर ने.रु. १४५।

तेस्रो एनडिसीमा उल्लेख भएका हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणको परिमाणात्मक लक्ष्यहरूको लागि अनुमानित कूल लागत अमेरिकी डलर ७३.७४ विलियन रहेको छ। यसमा नेपाल सरकारले अमेरिकी डलर १०.८२ विलियन ब्यहोर्ने र अमेरिकी डलर ६३ विलियन जति बैदशिक सहयोगको अपेक्षा गरिएको छ (तालिका ३.२)। नीति तथा उपायहरू, अनुकूलनका प्राथमिकता, हानी तथा नोक्सानी, जेड्सी तथा न्यायिक सङ्क्रमण तथा मानव अधिकारसम्बन्धी क्रियाकलापहरु कार्यान्वयनको लागि केहि रकम राज्यकोषबाट व्यहोर्नु पर्ने हुन्छ ।

### तालिका ३.२ हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरणको परिमाणात्मक लक्ष्यहरूको लागि अनुमानित लागत

| **क्र.सं.** | **क्षेत्र तथा उप-क्षेत्र** | **अनुमानित लागत** (अमेरिकी डलर, मिलियनमा) | | |
|---|---|---|---|---|
| | | राष्ट्रिय लागत | बैदेशिक सहयोग | जम्मा |
| १ | **ऊर्जा** | | | |
| क | विद्युत उत्पादन तथा वितरण | ९,४८०.०० | २७,७७०.०० | ३७,२५०.०० |
| ख | खाना पकाउने तथा तताउने | ४६.५५ | ३२०.०० | ३६७.२३ |
| ग | यातायात | | २७,५००.०० | २७,५००.०० |
| घ | उद्योग | | ३८६.५२ | ३८६.५२ |
| | ***उप-जम्मा*** | ***९,५२६.५५*** | ***५५,९७७.२०*** | ***६५,५०३.७५*** |
| २ | **कृषि, वन तथा अन्य भू-उपयोग** | | | |
| क | कृषि | | ७२०.०० | ७२०.०० |
| ख | भू-उपयोग, भू-उपयोग परिवर्तन तथा वन | १,१००.०० | ४,०००.०० | ५,१००.०० |
| | ***उप-जम्मा*** | ***१,१००.००*** | ***४,७२०.००*** | ***५,८२०.००*** |
| ३ | फोहोरमैला | १९७.०० | १,५३६.३७ | १,७३४.१४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | औद्योगिक प्रक्रिया र उत्पादनको प्रयोग | | ६८३.०० | ६८३.०० |
| | **कूल जम्मा** | **१०,८२४.३२** | **६२,९१६.५७** | **७३,७४०.८९** |

**स्रोतः** नेपाल सरकार (२०८२). *तेस्रो राष्ट्रिय निर्धारित योगदान* (२०२५-२०३५)। नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, काठमाण्डौ।

जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोतको प्रकारवारेमा राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) मा उल्लेख भएको छ। यो नीतिमा अति कम विकसित देशहरुको लागि मात्र स्थापित कोष, हरित जलवायु कोष, अनुकूलन कोष तथा द्विपक्षीय र बहुपक्षीय स्रोतमा पहूँच पुऱ्याउने प्रावधान रहेको छ। यो नीतिमा हरित सम्झौता (ग्रिन बण्ड), मिश्रित वित्त (व्लेण्डेड फाइनान्स्), नतिजामा आधारित वित्त (रिजल्ट-वेस्ड फाइनान्स), कार्बन अफसेट र संस्थागत सामाजिक उत्तरदायित्व (कर्पोरेट सोसियल रेस्पोन्सिविलिटी) को माध्यमबाट निजी क्षेत्रको वित्त परिचालन गर्न सकिने देखिन्छ।

वातावरण संरक्षण ऐन (२०७६) को दफा ३१ मा वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, तथा राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण कोषको स्थापना गर्न सक्ने व्यवस्था रहेको छ । यो कोषमा सरकार, स्वदेशी व्यक्ति वा संघ-संस्था, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ-संस्थाबाट प्राप्त सहयोग रहन्छ। वन क्षेत्रसँग सम्बन्धित एनडिसी कार्यान्वयन योजनामा उल्लेख भएका क्रियाकलापहरुलाई सञ्चालन गर्नका लागि वन ऐन (२०७६) को दफा ४५ बमोजिम स्थापना भएको वन विकास कोषको बजेट पनि लगानी गर्न सकिने देखिन्छ। यो कोषमा अन्य स्रोतबाट प्राप्त हुने रकमको अतिरिक्त वन क्षेत्रको वन पैदावार बिक्री, वातावरणीय सेवा, तथा वन क्षेत्र अन्य प्रयोजनको लागि दिए बापत प्राप्त हुने रकम रहने व्यवस्था छ।

यो योजनाको कार्यान्वयनको लागि सरकारी बजेट लगायत माथि उल्लेख भएका कोषबाट केही रकम विनियोजन गरी क्रियाकलापहरुको कार्यान्वयन शुभारम्भ गर्न सकिन्छ। थप वित्तिय सहयोगको लागि सरकारले निम्न स्रोतका अतिरिक्त अन्य ठाँउका वित्तिय स्रोतमा पहूँच पुऱ्याई वित्त परिचालन पनि गर्न सक्छ।

**आन्तरिक स्रोतः** सरकारले कर, राजश्व, कार्बन व्यापारबाट प्राप्त लाभ, रोयल्टी तथा दान लगायतबाट वित्तिय स्रोत जुटाई एनडिसीका क्रियाकलापहरु कार्यान्वयन गर्नेछ। सरकारले निर्दिष्ट उद्देश्यका लागि उठाउने करको पनि उपयोग गरिनेछ। उदाहरणको लागि, सरकारले धेरै वर्षदेखि काठमाण्डौमा प्रदूषण नियन्त्रणको लागि यहाँ विक्रि हुने पेट्रोलमा प्रति लिटर पचास पैशा दरले कर लगाएको छ। गत साढे दुई दशकमा सङ्कलन भएको रकम काठमाण्डौ उपत्यकामा प्रदूषण नियन्त्रण तथा वातावरण व्यवस्थापनमा लगानी गर्न सक्छ। यसैगरी पूर्वाधार करबाट सङ्कलित वित्तिय स्रोतलाई जलवायुमैत्री जल तथा अन्य पूर्वाधार निर्माणमा लगानी गर्न सकिनेछ। यसैगरी स्थानीय तहले पनि आन्तरिक स्रोतको परिचालन गरी एनडिसीका क्रियाकलापहरुको कार्यान्वयन गर्न प्रयास गर्नेछन्।

जीवाष्म इन्धनको प्रयोग गर्नेलाई उच्च व्याजदरमा ऋण प्रवाह गर्ने र स्वच्छ ऊर्जाको उपयोगकर्ता, जलवायुमैत्री पूर्वाधार निर्माण एवम् जलवायु-उत्थानशील क्रियाकलापहरुको कार्यान्वयन गर्न सहुलियत दरमा ऋण दिने विकल्पहरुको खोजी गरी कार्यान्वयन गरिनेछ।

आन्तरिक वित्तीय स्रोतको परिचालन गर्ने क्रममा सार्वजनिक संस्थाहरु जस्तै कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष तथा राष्ट्रिय बीमा संस्थानले जलवायु परिवर्ततबाट जल पूर्वाधारमा परेको प्रतिकूल प्रभावलाई ध्यान दिई विशेष गरेर स्वच्छ ऊर्जा उत्पादन तथा प्रयोगलाई प्रवर्द्धन गर्न जलवायु-स्मार्ट जल पूवार्धारको विकास तथा व्यवस्थापनमा आर्थिक सहयोग गर्न सक्नेछन् ।

यसैगरी स्वतन्त्र ऊर्जा उत्पादकहरुले भावी लगानीलाई जलवायु-स्मार्ट जल पूवार्धारको विकासमा जोड दिन आन्तरिक स्रोतको परिचालन गर्न सक्नेछन्।

**बैदेशिक लगानीः** वातावरण तथा जलवायुमैत्री पूर्वाधारको लागि आवश्यक बैदेशिक लगानी र प्रविधि हस्तान्तरणलाई विदेशी लगानी तथा प्रविधि हन्तान्तरण ऐन (२०७५) ले सहजीकरण गर्छ। यो ऐन बमोजिम विदेशी लगानीलाई प्रवर्द्धन, सहजीकरण तथा नियमन गर्न तथा एक द्वार सेवा प्रदान गरी विदेशी लगानीमा पहूँच पुऱ्याउनु पर्नेछ । यसैगरी सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन (२०७५) बमोजिम स्वच्छ ऊर्जा उत्पादनको लागि जलविद्युत क्षेत्रमा लगानी भित्र्याउन सकिने छ। निजी क्षेत्रको संलग्नतामा यो योजनामा उल्लेख भएका उद्योग र जलस्रोतसम्बन्धी क्रियाकलापहरुको कार्यान्वयनमा आवश्यक क्षमता अभिबृद्धि समेत गरी जोड दिइनेछ।

**द्विपक्षीय तथा बहुपक्षीय वित्तः** जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि नेपालले मित्र राष्ट्र तथा बहुपक्षीय निकाय, संयक्त राष्ट्रसंघीय संस्थाहरु एवम् अन्य निकाय जस्ता विकासका साझेदारहरुबाट करिव डेढ दशकदेखि सहयोग प्राप्त गरिरहेको छ। विशेष गरेर जलवायु अनुकूलन तथा वन संरक्षणमार्फत कार्बन भण्डारण गर्ने कार्यमा नेपालले प्राप्त गरिरहेको वित्तीय सहयोगमा निरन्तरता रहने अपेक्षा गरिएको छ।

जलवायु परिवर्तनसम्बन्धी विभिन्न कार्यक्रमहरुको लागि नेपालले चीन, भारत, संयुक्त अधिराज्य, जापान, संयुक्त राज्य अमेरिका तथा युरोपेली संघमा आवद्ध देश लगायतका मित्र राष्ट्रहरुबाट सहयोग प्राप्त गरिरहेको छ। यसैगरी विश्व बैङ्क तथा एशियाली विकास बैङ्कबाट पनि प्राविधिक सहयोग एवम् सहुलियतपूर्ण ऋण प्राप्त भएको छ । साथै अन्तर्राष्ट्रिय जलवायु वित्तबाट पनि प्राप्त गरिरहेको छ। यो योजनाको कार्यान्वयनको लागि थप लगानी आवश्यक भएकोले अन्तर्राष्ट्रिय विकासका साझेदारहरु तथा बहुपक्षीय विकास बैङ्कहरुको सहयोग प्रमुख वित्तीय स्रोत हुन सक्छन्। यसैगरी परोपकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु तथा व्यक्तिको नाममा रहेका फाउन्डेसन वा कोष समेतमा पहूँच पुऱ्याउनु सकिने छ।

विद्यमान वित्तीय स्रोतमा पहूँच पुऱ्याउन आवश्यक ज्ञान, सहयोग तथा लगानीको मापदण्ड, प्रस्ताव तयारी, वार्ता तथा स्रोत परिचालन गर्न सीप विकासको लागि समेत क्षमता अभिवृद्धि गर्न प्राविधिक सहयोग प्राप्त गर्न सकिने छ।

**महासन्धि अन्तर्गतका कोषः** जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो अभिसन्धि र पेरिस सम्झौता कार्यान्वयन गर्नका लागि स्थापित जलवायु वित्तबाट समेत तेस्रो एनडिसी योजनामा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन गर्नका लागि वित्तीय सहयोग प्राप्त हुन सक्छ। हाल सञ्चालनमा रहेका पाँचवटा कोषको बारेमा संक्षिप्त जानकारी तल दिइएको छ।

**(क) एल.डी.सी. कोषः** अति कम विकसित देशहरुले मात्रै पहूँच पुऱ्याउन सक्ने गरी महासन्धि अन्तर्गत सन् २००१ मा स्थापना भएको यो कोषबाट एनडिसीमा उल्लेख भएको जलवायु अनुकूलन तथा उत्थानशील कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्न आर्थिक सहयोग प्राप्त हुन्छ । नेपालले यो कोषबाट आर्थिक सहयोग प्राप्त गरिरहेको छ र नेपाल विकासशील देशमा स्तरोन्नती नभएसम्म यो कोषबाट प्राप्त हने वित्तिय स्रोतबाट जलवायु अनुकूलन क्षमता र उत्थानशिलता बढाउँन, अनुकूलनका क्रियाकलापहरुको कार्यान्वयन गर्न एवम् जलवायु सङ्कटासन्नता घटाउन सहयोग पुग्नेछ।

**(ख) विशेष जलवायु परिवर्तन कोषः** यो कोषबाट नेपालले जलवायु अनुकूलन, प्रविधि हस्तान्तरण तथा क्षमता विकास लगायत ऊर्जा, यातायात, उद्योग, कृषि, वन तथा फोहोर व्यवस्थापनसम्बन्धी आयोजनाहरु एवम् आर्थिक विविधिकरणलाई प्रवर्द्धन गर्ने कार्यक्रमहरुलाई आर्थिक सहयोग लिन सक्दछ। विकासशील देशहरुलाई वित्तीय सहयोग प्रदान गर्न महासन्धि अन्तर्गत सन् २००१ मा स्थापना भएको यो विशेष जलवायु परिवर्तन कोषबाट माथि उल्लेख भएका क्षेत्रसँग सम्बन्धित तेस्रो एनडिसी कार्यान्वयन योजनाका क्रियाकलापहरुको कार्यान्वयन गर्न सहयोग प्राप्त हुन सक्ने देखिन्छ।

**(ग) अनुकूलन कोषः** क्योटो अभिसन्धि अन्तर्गत सन् २००१ मा स्थापना भएको अनुकूलन कोषबाट क्योटो अभिसन्धिको पक्ष भएको नेपालले जलवायु अनुकूलन आयोजनाको लागि वित्तीय सहयोग प्राप्त गरेको छ। यसमा कार्बन व्यापारको प्रमाणित उत्सर्जन न्यूनीकरणको बिक्रीबाट प्राप्त आम्दानीको २ प्रतिशत सिधै अनुकूलन कोषमा जम्मा हुने भएकोले कार्बन व्यापार बढेमा यो कोषको स्रोत पनि बढ्छ। यो कोषमा विकसित र विकासशील देशहरुको स्वैच्छिक अनुदानबाट समेत रकम जम्मा हुन्छ। पेरिस सम्झौताको धारा ६ को कार्यान्वयनको लागि भएको निर्णय अनुसार जलवायु सङ्कटासन्न देशहरुलाई वित्तिय सहयोग प्रदान गर्न कार्बन व्यापारको ५ प्रतिशत लेवी यो कोषमा जम्मा हुनेछ। नेपालले यो कोषबाट समेत सहयोग प्राप्त गर्न सक्छ।

(घ) **हरित जलवायु कोषः** सवैभन्दा ठूलो जलवायु कोषको रुपमा रहेको यो कोषबाट जलवायु कार्यक्रमलाई वित्तीय सहयोग प्रदान हुन थालेको छ। नेपालले पनि हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्न र जलवायु अनुकूलन तथा उत्थानशीलता अभिवृद्धि गर्नका लागि आर्थिक सहयोग प्राप्त गरिरहेको छ। यो कोषबाट जीवाष्म इन्धनबाट स्वच्छ ऊर्जाको प्रयोगमा रुपान्तरण गर्न, नविन जलवायु कार्यक्रम, जलवायु जोखिम हटाउने आदि क्रियाकलापहरुलाई कार्यान्वयन गर्न सहयोग प्राप्त हुन्छ।

यो कोषमा सिधा पहूँच पुऱ्याउन सकिने गरी नेपालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, राष्ट्रिय प्रकृति संरक्षण कोष, र नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क लिमिटेड गरी तीन संस्थाहरु हरित जलवायु कोषको लागि मान्यताप्राप्त डेलिभरी निकाय रहेकाछन्। यीमध्ये केन्द्र र संरक्षण कोषले नवीकरणीय ऊर्जा र संरक्षणका क्रियाकलापहरु र मेगा बैङ्कले निजी क्षेत्रको लागि हरित जलवायु कोषबाट आर्थिक सहयोग जुटाउन सक्ने भएकोले नेपालले यी संस्थामार्फत समेत यो कार्यान्वयन योजनाको लागि आर्थिक स्रोत जुटाउने छ। यसैगरी अन्य अन्तर्राष्ट्रिय मान्यताप्राप्त डेलिभरी निकायहरुमार्फत पनि नेपालले माथि उल्लेख भएका कोषमा पहूँच पुऱ्याउने छ।

(ङ) **हानी तथा नोक्सानीः** जलवायु परिवर्तनजन्य हानी तथा नोक्सानीका समस्या समधान गर्न नयाँ र थप सम्बोधन गर्न वित्तिय स्रोतको परिचालन गरी जलवायु परिवर्तनको प्रतिकूल असरबाट प्रभावित जलवायु सङ्कटासन्न विकासशील देशहरुलाई वित्तीय सहयोग गर्न सन् २०२२ मा हानी तथा नोक्सानी कोषको स्थापना भएको छ। हालै पूर्ण रुपमा सञ्चालनमा आएको यो कोषबाट आर्थिक स्रोत जुटाई जलवायु परिवर्तनबाट सिर्जित हानी तथा नोक्सानीको असर न्यून गर्न नेपालले यो कोषमा पहूँच पुऱ्याउँन सक्छ।

माथि उल्लिखित सबै कोष दाता राष्ट्रको प्रतिज्ञा (प्लेज) मा आधारित छन्। यी कोषको पुनर्भरण भइरहेको अवस्था पनि छ। विकशित देशहरुको प्रतिवद्धता अनुसार सन् २०३५ देखि जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न विद्यमान आर्थिक सहयोग वार्षिक अमेरिकी डलर १ अर्ब ३० करोड पुग्ने अपेक्षा गरिएकोले यी सबै कोषमा पहूँच पुऱ्याई वित्तीय सहयोग जुटाउन नेपालले कोशिष गर्नेछ।

राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) बमोजिम प्राप्त वैदेशिक सहयोगको कम्तिमा ८० प्रतिशत रकम स्थानीय तहको जलवायु कार्यक्रम कार्यान्वयनमा परिचालन गर्नु पर्ने हुन्छ। स्थानीय तहमा विनियोजन हुने बजेटमा प्रशासकीय खर्च घटाउने, तथा जलवायु परिवर्तन बजेट कोडको प्रयोगलाई संस्थागत गर्दै लग्नु पर्छ।

## ३.४ अनुगमन तथा मूल्याङ्कन

तेस्रो एनडिसी कार्यान्वयन योजनाको कार्यान्वयनबाट लक्ष्य प्राप्तिमा पुगेको योगदानको नियमित अनुगमन गर्नु पर्छ। यो योजनामा समावेश भएका क्रियाकलापहरु कार्यान्वयनको लागि तीनै तहका सरकारको महत्वपूर्ण जिम्मेवारी हुनेछ। क्रियाकलापहरुको कार्यान्वयन भए नभएको अनुगमनबाट यकिन गरेपछि तिनको कार्यान्वयनबाट हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलन लगायतको लक्ष्य प्राप्तिमा तिनको प्रभावकारिता अध्यावधिक हुनु पर्छ। यसको लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा विश्लेषणका विधि किटान गरी आधारभूत सूचकहरुको विकास गरिनेछ । योजनामा उल्लेख भएका विभिन्न क्रियाकलापहरुको प्रकृति हेर्दा (क) पालना (कार्यान्वयन गर्ने), र (ख) परिणाम तथा प्रभाव अनुगमन गर्नु पर्छ। पालना अनुगमनले क्रियाकलापहरुको आंशिक वा पूर्ण कार्यान्वयनको जानकारी दिन्छ भने प्रभाव अनुगमनले कार्यान्वित क्रियाकलापले एनडिसीको लक्ष्य प्राप्तिमा पुगेको योगदानलाई स्पष्ट पार्नेछ।

यी क्रियाकलापहरुको कार्यान्वयन गर्दा क्रियाकलापको प्रकृति अनुसारका सूचकहरु निर्धारण गरी अनुगमन गरिनेछ। सबै प्रकारका क्रियाकलापहरुको लागि साधारण अनुगमन ढाँचाको प्रयोग गरिने छ। यो ढाँचामा मूलतः लक्ष्य, सूचक, प्रमाणित गर्ने उपाय, आवृत्ति (फ्रिक्वेन्सी) तथा अनुमानहरू रहनेछन्। यी क्रियाकलापहरुको कार्यान्वयनमा संलग्न जिम्मेवार निकायले अनुगमनको ढाँचालाई क्रियाकलापको प्रकृति बमोजिम मिलाउने छन् र क्रियाकलापहरु कार्यान्वयन भए नभएको जानकारी लिनका लागि यो ढाँचाको प्रयोग गर्नेछन्। यसलाई पालना अनुगमनको रूपमा लिन सकिन्छ। विषयगत मन्त्रालयहरुले आ-आफ्नो मन्त्रालयसँग सम्बन्धित लक्ष्य प्राप्तिको वारेमा कार्यान्वयन भएका क्रियाकलापहरुको प्रभावकारिताको बुझाईको लागि ३, ३ वर्षमा मूल्याङ्कन गर्नेछन्। क्रियाकलापहरुको कार्यान्वयनको लागि जिम्मेवार निकायले आवश्यकता अनुसार स्व-अनुगमन तथा मूल्याङ्कन गर्नेछन्।

## ३.५ ज्ञानको उत्पादन

यो योजनामा समाबेश भएका विभिन्न क्रियाकलापहरुको कार्यान्वयनबाट प्राप्त हुने तथ्याङ्क, सूचना, अनुभव, ज्ञान, सीप, सिकाई तथा पाठलाई एकत्रीत एवम् विश्लेषण गरी विशेषगरेर हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्न, जलवायु सङ्कटासन्न जनसमुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्न, जलवायु उत्थानशील जल तथा अन्य पूर्वाधारलाई जलवायुमैत्री बनाउन तथा समष्टिमा असल अभ्यासलाई आदान-प्रदान गर्नका लागि दस्तावेजहरु तयार तथा प्रकाशन गरिनेछन्। समन्वय, सहजीकरण, सहकार्य एवम् साझेदारीको अवधारणा अवलम्बन गरी यो योजनाका विभिन्न क्रियाकलापहरु कार्यान्वयन हुने भएकोले प्राप्त तथ्याङ्क, सूचना तथा सिकाईको रेकर्ड राख्ने, अध्यावधिक र आदान-प्रदान गर्ने कार्यमा वन तथा वातावरण मन्त्रालय लगायत विभिन्न मन्त्रालय र निकायहरु संलग्न हुनेछन्।

यी ज्ञानको तथ्याङ्क भण्डारण, व्यवस्थापन, र उत्पादनमा वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले संयोजनको भूमिका निर्वाह गर्नेछ। यो महाशाखाले ज्ञान र सिकाई सम्बन्धी सूचना सामग्रीलाई प्याकेजिङ्ग र पुनः प्याकेजिङ्ग गर्ने कार्य समेतको समन्वय गर्नेछ। यी सामग्री वेवसाइट तथा अन्य उपयुक्त माध्यमबाट आदान-प्रदान हुनेछ। ती ज्ञानलाई प्राज्ञिक तथा अनुसन्धान संस्थाका पुस्तकालयसँग लिङ्क गरिनेछ।

## ३.६ मापन, प्रतिवेदन तथा प्रमाणीकरणका लागि संस्थागत प्रबन्ध

पेरिस सम्झौताको पक्ष राष्ट्रको हैसियतमा नेपालले परिष्कृत पारदर्शिता खाका (Enhanced Transparency Framework) तयार गर्नु पर्ने हुन्छ । वि.सं. २०८२ सालको बैशाख महिनामा नेपालले पहिलो द्वैवार्षिक पारदर्शिता प्रतिवेदन तयार गरी जलवायु परिवर्तनसम्बन्धी महासन्धिको सचिवालयमा पेश गरेको छ । यसैगरी वि.सं. २०८२ सालको असोज महिना (सेप्टेम्बर २०२५) मा नेपालले राष्ट्रिय मापन, रिपोर्टिङ तथा प्रमाणीकरण (एमआरभी) ढाँचाः जलवायु कार्यको पारदर्शी ट्र्याकिङ्ग र सञ्चार (National MRV Framework for Nepal: Tracking and Communicating Climate Action Transparently) नामक राष्ट्रिय ढाँचा तयार गरेको छ। यो राष्ट्रिय खाकामा जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापहरुको एमआरभीको संस्थागत संरचना उल्लेख भएको छ । वन तथा वातावरण मन्त्रालयलाई राष्ट्रिय संस्थाको रुपमा कार्य गर्न तोकिएको छ। यो राष्ट्रिय संस्थाको जिम्मेवारीमा एनडिसीको रिपोर्टिङ्ग समेत रहेको छ।

नीतिगत र संस्थागत समन्वय गर्ने, प्रणाली निरीक्षण र सुशासन, तथ्याङ्क व्यवस्थापन र गुणस्तर कायम गर्ने, रिपोर्टिङ्ग र सञ्चार, क्षमता विकास, जलवायु वित्तको ट्र्याकिङ्ग र सहयोग, प्रत्यायोजित कार्य र समन्वयको भूमिका, उत्तरदायित्व एवम् जवाफदेहितालाई राष्ट्रिय संस्थाको मूख्य कार्यको रुपमा राखिएको छ। यो राष्ट्रिय ढाँचामा वन तथा वातावरण मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा अन्तर्गत एमआरभी इकाई राख्ने प्रावधान भएकोले विद्यमान व्यवस्थालाई सुदृढ बनाउँदै यो योजनाको एमआरभीको कार्य सम्पादन गरिनेछ। यो इकाईमा अधिकृतलाई विषयगत क्षेत्र केन्द्रविन्दु तोकिने छ, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी प्रतिवेदन तयार गर्ने तथा रिपोर्टिङ्गको कार्य सम्पादन हुनेछ।

यो योजनामा उल्लेख भएका क्रियाकलापहरुको कार्यान्वयनमा बहुसरोकारवालाहरुको सहभागिता हुने भएकोले एमआरभी कार्यमा पनि क्रियाकलापहरुको प्रकृति अनुसार सङ्घ र प्रदेशका विषयगत मन्त्रालयहरु लगायत स्थानीय तहको नेतृत्वमा प्राज्ञिक तथा अनुसन्धान संस्थाहरु, निजी क्षेत्र, गैरसरकारी संघ-संस्था, सामुदायिक संस्था तथा आदिवासी लगायत अन्तर्राष्ट्रिय विकास साझेदारहरुको निरन्तर सहभागिताको अपेक्षा गरिएको छ। यो राष्ट्रिय ढाँचामा सुझाइएको संस्थागत समन्वयको संयन्त्र बमोजिम तेस्रो एनडिसी कार्यान्वयन योजनाको एमआरभीको समन्वय गरिने छ। दोस्रो एनडिसी कार्यान्वयन योजनामा उल्लेख भएको एनडिसीको मापन, प्रतिवेदन र प्रमाणीकरणको संस्थागत प्रवन्ध बमोजिम यो

तेस्रो एनडिसी कार्यान्वयन योजनाको समेत मापन, रिपोर्टिङ तथा प्रमाणीकरण कार्य अघि बढाइने छ (चित्र ३.३)।

दोस्रो एनडिसीको दायराभन्दा तेस्रो एनडिसीले समेटेका विस्तारित विषयवस्तुलाई समेत ध्यानमा राखी, नेपालका लागि तयार गरिएको राष्ट्रिय मापन, प्रतिवेदन तथा प्रमाणीकरण (एमआरभी) ढाँचाअनुसार यो कार्यान्वयन योजनासम्बन्धी एमआरभी कार्यहरू सम्पादन गरिने छ (चित्र ३.४)। यस व्यवस्थाबाट अन्तर्राष्ट्रिय तहमा पेश गरिने प्रतिवेदन तयारीको प्रक्रिया थप सहज र प्रभावकारी हुनेछ।

रिपोर्टिङसम्बन्धी कार्यहरुलाई चुस्त र दुरुस्त राख्नका लागि विषयगत मन्त्रालयहरुले वन तथा वातावरण मन्त्रालयमा तेस्रो एनडिसीको कार्यान्वयन अवस्थाको तथ्याङ्क, सूचना तथा जानकारी नियमित रुपमा पठाउने छन्। यो कार्यान्वयन योजनामा समावेश भएका क्रियाकलापहरुलाई दिगो विकास र पञ्चवर्षिय योजनाका लक्ष्य प्रगतिसँग मिलाउन सकिनेछ।

एमआरभीको कार्य गर्न तोकिएको संस्था, जलवायु परिवर्तन व्यवस्थापन महाशाखाले एनडिसी कार्यान्वयनको अवस्था झल्किने गरी वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ। यसैको आधारमा रिपोर्टिङ्ग सम्बन्धमा पेरिस सम्झौतामा उल्लेख भए अनुसार तथा सो सम्झौताको पक्ष राष्ट्रहरूको सम्मेलनको निर्णयहरूमा उल्लेख भएको अवधि भित्र वन तथा वातावरण मन्त्रालयले एनडिसीको कार्यान्वयनको अवस्था वारेमा महासन्धिको सचिवालयमा नियमित रिपोर्टिङ्ग गर्नेछ। यो रिपोर्टिङ्गमा प्राप्त हरितगृह ग्याँसको उत्सर्जनमा आएको न्यूनीकरण, जलवायु अनुकूलन र उत्थानशीलता, जलवायुजन्य विपद् विशेषगरी जल पूर्वाधारमा पुगेको क्षति, जेड्सी र जलवायु सीमान्तकृत समुदायको सहभागिता, अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त प्राविधिक तथा आर्थिक सहयोग, आन्तरिक स्रोतको परिचालन, प्रविधिको उपलब्धता र प्रयोग, जनशक्ति विकास आदि वारेमा प्रामाणिक सूचना सामग्री समावेश गरी प्रतिवेदन तयार गरिनेछ। यो वार्षिक प्रतिवेदनलाई माथि उल्लेख भएको समन्वय समितिहरुमा नियमित रुपमा पेश गरि जानकारी अध्यावधिक गरिनेछ। यसैगरी परिष्कृत पारदर्शी खाका अन्तर्गत पारदर्शितासम्बन्धी द्वैवार्षिक प्रगति प्रतिवेदनमा समेत एनडिसी कार्यान्वयनको स्थिति समावेश गरी अन्तर्राष्ट्रिय तहमा जानकारी गराइने छ।

## ३.६ कार्यान्वयन गर्दा आउन सक्ने जोखिम तथा न्यूनीकरणका उपायहरु

अन्य प्रतिवेदन तथा वार्षिक कार्यक्रमहरु जस्तै तेस्रो एनडिसी कार्यान्वयन योजनाको तर्जुमा गर्दा तथा क्रियाकलापहरुको छनौट र चयन गर्दा सकेसम्म वास्तविक धरातललाई ध्यान दिइएको छ। यद्यपी राष्ट्रिय प्राथमिकता, विकासका साझेदारहरुको रणनीतिक प्राथमिकता तथा आर्थिक स्रोतको प्रवाह, विकसित राष्ट्रहरुबाट प्राविधिक र आर्थिक स्रोत उपलब्ध गराउनेवारे व्यक्त प्रतिवद्धता लगायत नेपालको राष्ट्रिय पूँजी कम भएको अवस्थामा आशातित् रुपमा कार्यान्वयनमा बाधा-अड्चन आउन सक्ने देखिन्छ।




**नोटः** यहाँ एनडिसीको लक्ष्यमा जलवायु अनुकूलन, हानी-नोक्सानी, जेड्सी र न्यायिक सङ्क्रमण थपिएको छ।

चित्र ३.३: **राष्ट्रिय निर्धारित योगदान कार्यान्वयनका लागि मापन, प्रतिवेदन र प्रमाणीकरणको संस्थागत प्रबन्ध**

(**स्रोतः** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना, २०८०, पृष्ठ १४५)




चित्र ३.४: **नेपालको लागि राष्ट्रिय मापन, प्रतिवेदन र प्रमाणीकरणको खाका**

(स्रोतः नेपालको लागि राष्ट्रिय अनुगमन, रिपोर्टिङ्ग तथा प्रमाणीकरण खाका, २०८२, पृष्ठ ४६)

वित्तीय स्रोतको न्यूनताले समेत यो योजनाको कार्यान्वयनमा शिथिलता आउन सक्नेछ। यसैगरी वित्तीय सहयोग प्राप्त गर्ने रणनीति, मापनको विद्यमान चुनौतीहरु, प्रमाणीकरणका मापदण्डहरु, चेतना एवम् क्षमताको अवस्था, तथा राजनैतिक तह र कर्मचारी वर्गको प्रतिवद्धताको कमीका कारण पनि यो योजनाको कार्यान्वयनमा अवरोध आउन सक्नेछ। यो योजना कार्यान्वयन गर्दा देखिन सक्ने प्रमुख जोखिम र न्यूनीकरणका उयायहरुलाई निम्नानुसार प्रक्षेपण गरिएको छ (तालिका ३.३) ।

तालिका ३.३: **कार्यान्वयनमा आइपर्ने प्रमुख जोखिम र न्यूनीकरणका उपायहरु**

| **क्रसं** | **प्रमुख जोखिमहरु** | **जोखिमका कारण** | **न्यूनीकरणका उपायहरु** |
|---|---|---|---|
| १ | वित्तीय स्रोत | यो कार्यान्वयन योजनाका क्रियाकलापहरु कार्यान्वयनको लागि अमेरिकी डलर कूल ...... प्रक्षेपण गरिएको छ र सो लगानी आन्तरिक स्रोतबाट जुट्न नसक्ने भएकोले विकासका साझेदार तथा निजी क्षेत्रको सहयोग नभएमा तेस्रो एनडिसीको कार्यान्वयन जोखिममा पर्नेछ। | कार्यान्वयन योजनाको लागि प्रक्षेपण गरिएको लगानीको कम्तिमा ८५ प्रतिशत द्विपक्षीय, बहुपक्षीय तथा अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहूँच पुर्याइने छ । क्रियाकलापहरु कार्यान्वयनको क्रममा आवश्यक लागतको पुनः अनुमान गरी विश्वसनीय बनाउन लगानी आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछन्। |
| २ | योजना कार्यान्वयन | बहुसंख्यक क्रियाकलापहरुको कार्यान्वयनको लागि सरोकारवालाहरुबीच समन्वय, सहजीकरण र सहकार्यमा शिथिलिता आई कार्यान्वयनमा अवरोध आउन सक्नेछ। यसैगरी विद्यमान क्षेत्रगत नीति र कानूनी प्रावधानहरुको पालनाको क्रममा पनि निर्दिष्ट समयमा कार्यान्वयन सम्पन्न नहुन सक्ने जोखिम छ। | विद्यमान नीति र कानूनी प्रावधानलाई आवश्यकता परेमा परिमार्जन गरी सङ्घ, प्रदेश र स्थानीय तहका समन्वय गर्ने परिषद्, समिति, निकाय एवम् अन्य संयन्त्रहरुलाई प्रभावकारी बनाइने छ। सरोकारवालाहरुको सहभागितालाई विद्यमान संयन्त्रहरुबाट प्रभावकारी बनाइने छ र आवश्यकतानुसार थप संयन्त्र, क्षमता अभिवृद्धि तथा प्रविधि विकास र प्रयोगमा जोड दिइने छ। |
| ३ | मापन, प्रतिवेदन र प्रमाणीकरण | कार्ययोजनामा विषयगत र अन्त-विषयगत क्षेत्रका विभिन्न क्रियाकलापहरु रहेकाले विशेष गरी मापन र प्रमाणीकरणको लागि विधि तथा निर्देशनको अभाव भएकोले अपुरो तथ्याङ्क सङ्कलन तथा विश्लेषण | मापन, प्रतिवेदन र प्रमाणीकरणको लागि तोकिएको राष्ट्रिय संस्थाले यथासक्य चाडो आवश्यक विधि, प्रक्रिया तथा मार्गदर्शन तयार गरी यो प्रक्रियालाई सरलीकृत गर्न सहयोग गर्नेछ। उक्त |

| | | | |
|---|---|---|---|
| | | हुन गई गुणस्तरहिन र गलत सूचनाको जोखिम रहेको छ। | मार्गदर्शनलाई व्यापक रूपमा प्रसार गर्नेछ। |
| ४ | राजनैतिक प्रतिबद्धता | विद्यमान वदलिँदो समयमा सरकारको परिवर्तन छिटो-छिटो हुन गई एनडिसी कार्यान्वयन योजनाको लागि आवश्यक राजनैतिक प्रतिबद्धता प्रमुख जोखिम रहेको छ। | जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापहरु सञ्चालनको लागि आवश्यक राजनैतिक नेतृत्व र प्रतिवद्धताको लागि एक समर्पित मन्त्रीको व्यवस्था भएको र सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा रहेको परिषद् एवम् वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा जलवायु परिवर्तन निर्देशक समिति रहेको तथा हालका वर्षहरुमा राज्य प्रमुख र सरकार प्रमुख लगायत संसद तथा राजनैतिक दलहरुको प्रतिबद्धता देखिएकोले यसमा निरन्तरता रहने अपेक्षा गरिएको छ। |

मितिः २०८२।१०।१६, शुक्रबार।

DRAFT